# अध्याय एक

# शोध अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

मानव विकासको युग अवस्था देखी हालसम्म सामाजिक आर्थिक विकास तथा प्रगतिकोअवस्थामा पुग्नको लागि सामुहिक सोचाई, सामुहिक नेतृत्व र सामूहिक कार्यको तालमेलबाट नै समाजमा ठूलो भुमिका खेलेको पाइन्छ । एकजना व्यक्तिको प्रयासले मात्र हाम्रो समस्याहरु समाधान हुन सक्दैनन् । समस्या समाधानको लागि भिन्न व्यक्तिहरुको सामूहिक सोचाई, प्रयास, सहयोग र सहकार्य आवश्यक पर्दछ । त्यसैले सामूहिक हितका लागि सगै बस्ने संगै विचार गर्ने र संगै काम गर्ने पद्धतिलाई सामान्य अर्थमा सहकारीता भनिन्छ । वास्तवमा सहकारी भन्ने वित्तिकै कुनै समाजमा वसोवास गर्ने सानो पुँजी तर साझा उद्देश्य एवं मिलेर व्यवस्थित कार्य गर्ने सोच भएका फरक फरक परिवारका कम्तीमा पच्चीस जना व्यक्तिहरु मिलेर आफ्नै आर्थिक तथा सामाजिक हितका लागि स्थापना गरिन्छ । अर्को शब्दमा सदस्यहरुद्धारा सदस्यहरुको हितको लागि सदस्यहरु मार्फत स्थापना संचालन र प्रवर्द्धन हुने सस्था नै सहकारी संस्था हो । सहकार्यको माध्यमबाट आफ्नो संस्थामा आवद्ध सदस्यको आर्थिक तथा समाजिक उत्थानका निम्ति सबैले मिलेर समान रुपमा काम गर्न र फाइदा लिने कार्यलाई बुझ्नु पर्दछ ।

सहकारीको अवधारणाको विकासको कुरा गर्दा मानव विकासको विकास क्रमसंगै भएको पाईन्छ । अर्थात मानव सभ्यताको उत्पतिसंगै सहकारी भावनाको विकास भएको पाइन्छ । कमिला, मौरी, देखि लिएर जंगली जनावरहरु पनि आ-आफ्नो समुहमा आवद्ध भई कार्य गरेको देखिन्छ । मानव सभ्यताको विकास हुनुमा पनि सहकारी भावनाको विकास भएको पाइन्छ । सहकारीलाई भिन्ना भिन्नै देशमा भिन्नै तरिकाले बुझ्ने र लागू गर्ने गरिएको पाइन्छ । अनेक फाँटका अनेक व्यक्तिका अनेक भनाईहरु हुनसक्छन् । कानूनविदलाई सोध्यो भने सहकारीका सदस्यहरुले कानूनी अधिकारहरु बारे अभ्यास गर्न सक्दछन् भनी बताउछन् । अर्थशास्त्रीहरुले सहकारीलाई एउटा व्यवसायिकता भएको संगठनको रुपमा लिएका छन् भने समाजशास्त्रीहरुले सहकारीलाई सामाजिक आर्थिक आन्दोलनको विकास गर्दै सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्न एउटा साधन हो भनेका छन् । परम्पराबाट चल्दै आएको गुठी, ढिकुटी, धर्मभकारी जस्ता सबै खाले आर्थिक, सामाजिक तथा साँस्कृतिक गतिविधिको विकसित, वैधानिक एवं आधुनिक रुप हो सहकारी । अर्थात मिलेर वा

सहकार्य गरेर सामुहिक समस्या समाधान गर्ने प्रक्रिया हो सहकारी । आधुनिक समाजमा व्यक्तिवादी प्रवृति र व्यवसायको अन्त्य गर्ने साधनको रुपमा समेत सहकारीलाई लिईदै आइएको छ । (वडाल, २०६२)

बेलायतलाई सहकारीको जननी भनिन्छ । सन् १८४३ मा वेलायतको चर्चिष्ट हलमा २८ जना (एक महिला सहित) कपडा कारखानाका कामदारहरु आफ्नो ज्याला बढाउन छलफल गरी एक एक पौण्ड बचत गरी सहकारी अभियान संचालन गरेकोबाट के बुझिन्छ भने विश्व सहकारीको शुरुवात बाट नै सहकारीमा महिला सहभागिता रहेको थियो । वेलायतमा मजदुरहरुले उपभोक्ता सहकारी संस्था रोचडेल, सोसाइटी अफ इक्विटेबल पायोनिर्यस नामक संस्था गठन गरी सहकारी अभियान बैधानिक रुपमा शुरुवात गरेका हुन । त्यसपछि सहकारीताको विस्तार जर्मनी, इटाली, फ्रान्स, जापन जस्ता देशहरुमा हुन थाल्यो । जर्मनीमा साहुहरुको चर्को व्याजदरबाट पिडीत किसानहरुलाई मद्धत गर्न सन् १८५० मा सुल्जले पहिलो सहकारी संघ संस्था खोले र रेफिसेनेल ग्रामिण क्षेत्रसम्म ऋण संस्थाहरुको विस्तार गरे । इटालीमा सन १८६६ मा लुजारीको सक्रियतामा सहकारी बैंकको र १८८३ मा ओलेमवर्गको सक्रियतामा ग्रामिण विकास बैंकको स्थापना गरियो । सहकारीताको क्रमिक विकासको फलस्वरुप सन् १८९५ मा वेलायतमा अन्तराष्ट्रिय सहकारी संस्थाको स्थापना भयो । (सहकारी प्रतिवेदन २०६२)

नेपालमा सहकारीताको शुरुवात विकास पर्म ढुकुटी अैचोपैंचो जस्ता विषयहरुबाट भए तापनि वि.सं. २०१० साल चैत्र २० गते चितवनको शारदा नगरमा बखान सिंह सहकारी संस्थाको स्थापना भएको मानिन्छ । सरकारी तवरबाट सहकारी अभियानलाई तिब्रता दिन सहकारी संस्था दर्ता ऐन २०१९ मा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । सहकारी संघ संस्थालाई आवश्यक कर्जा र ऋम उपलब्ध गराउन सहकारी वैंक ऐन २०१९ लागू गरी सो ऐन अन्तरगत २०२० सालमा सहकारी वैंकको स्थापना गरियो । वि.सं. २०२४ सालमा सहकारी वैंकलाई कृषि विकास वैंकमा परिणत गरियो । २०४८ सालमा सहकारी ऐन जारी भयो भने लालमोहर र प्रकाशन २०४९ जेठ २ गते भयो । हाल नेपाल भरी सबै प्रकृतिका सहकारी गरी २७००० भन्दा बढी प्रारम्भीक सहकारी संस्था स्थापना भएका छन् । भने यिनमा ३८ लाख भन्दा वढि शेयर सदस्यहरुको आवद्धता छ । यस्ता संस्थामा २७ अर्व भन्दा वढि शेयर पूँजी छ भने यिनमा १ खर्व भन्दा वढी ऋण लगानी र २ खर्व भन्दा वढि वचत परिचालन गरेका छन् । हाल मुलुकमा सहकारीका माध्यमबाट सामाजिक एकिकरण, गरिबी न्यूनिकरण, उत्पादनशिल रोजगारी मर्यादित एवं सकारात्मक श्रम सम्वन्ध

वातावरण संरक्षण समतामुलक समावेशी समाजको निर्माण उद्यमशिलताको विकास स्वच्छ र प्रतिष्प्रर्धी व्यवसायिक वातावरणको सिर्जना तथा उत्पादन वृद्धिमा योगदान पुगेको छ । (कस्केली सहकारी : संक्षिप्त झलक २०७०)

गरिब महिलाहरुको वाहुल्य रहेको आजको युगमा सहकारी कार्यक्रममको विकास तथा विस्तार गरी उनीहरुलाई त्यसमा सहभागी गराई सहकारी व्यवसायको माध्मबाट उनिहरुलाई शसक्त बनाउन अति आवश्यक भएको छ । सहकारीता सामूहिक दायित्व र उपभोगमा विश्वास राख्दछ । समाज भित्र छरिएर रहेको सिमित श्रोत साधन र पूँजीलाई एकत्रित गरी सामूहिक सहभागिताबाट समस्या समाधान गर्न र लक्षित उद्देश्य हासिल गर्ने कार्य सहकारीता हो । महिलाहरुको सक्रिय र प्रत्यक्ष सहभागिता विना सहकारी कार्यक्रमले सफलता पाउन सक्दैन । छरिएर रहेका स-साना पूँजी सिप र साधनलाई संगठित तुल्याई महिलाको सहभागितामा प्रजातन्त्रिक निर्णयबाट त्यसको परिचालन गरी विभिन्न व्यवसाय वा उद्योग धन्दाको संचाचलनद्धारा समुदायमा रोजगारीको अभिवृद्धि गर्ने र यस्ता उद्योग व्यवसायमा निति र योजना देखी नेतृत्व तहसम्म सदस्यहरुलाई सहभागी बनाई उनीहरुको आर्थिक तथा सामाजिक विकास गर्न सहकारीले सघाउ पुऱ्याउने हुँदा सहकारी महिलाको लागि कोशेढुङ्गा सावित हुन सक्छ । (थापा २०६२)

तेह्रौ योजनाको आधारपत्रमा उल्लेख भए अनुसार नेपालमा हालसम्म करिब २७००० सहकारी संस्था दर्ता भएकोमा करिब २६०० सहकारी संस्था महिला मात्र सदस्य रहि संचालन भएका छन् । कास्की जिल्लामा हाल ५५७ वटा सहकारी संघ संस्थाहरु रहेका छन् भने महिलाहरुले मात्र संचालन गरेका सहकारी संस्था ६२ वटा छन् । यस्तै गरी लेखनाथमा जम्मा ५३ वटा सहकारी संस्था छन् भने महिलाले मात्र संचालन गरेका सहकारीको संख्या ५ वटा छन् ।

## तालिका नं. १

### कास्की जिल्लामा संचालित सहकारी संघ संस्थाहरु

| क.सं. | संस्थाको किसिम | जम्मा संस्था संख्या | कैफियत |
|---|---|---|---|
| १ | बचत तथा ऋण | ३३६ | |
| २ | उपभोक्ता | ३३ | |
| ३ | वहुउद्देश्य | ११ | |
| ४ | कृषि | १०८ | |
| ५ | दुग्ध उत्पादन | २३ | |
| ६ | कफी | १२ | |
| ७ | मत्स्य | ४ | |
| ८ | स्वास्थ्य | १ | |
| ९ | संचार | ६ | |
| १० | जडीवुटी | २ | |
| ११ | पशु | ५ | |
| १२ | मौरी | २ | |
| १३ | चिया | १ | |
| १४ | पर्यटन | १ | |
| १५ | अन्य | १२ | |
| जम्मा | | ५५७ | |

***श्रोत : कस्केली सहकारी : संक्षिप्त झलक ०७०***

माथिको तालिका नं. १ अनुसार कास्की जिल्लामा ५५७ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु दर्ता भएका छन्, त्यस मध्ये वचत तथा ऋण सहकारी संस्था ३३६, उपभोक्ता सहकारी संस्था ३३, बहुउद्देश्य सहकारी संस्था ११, कृषि सहकारी संस्था १०८, दुग्ध उत्पादन सहकारी संस्था २३, कफी उत्पादन सहकारी संस्था १२, मत्स्य उत्पादन सहकारी संस्था ४, स्वास्थ्य सम्वन्धी एक, सञ्चार सम्वन्धी ६, जडिबुटी उत्पादन तथा संकलन २, पशु सम्वन्धी ५, मौरी व्यवसाय २, चिया उत्पादन १, पर्यटन सम्वन्धी एक र अन्य १२ वटा सहकारी संस्थाहरु छन् ।

## तालिका नं.२

## लेखनाथमा मात्र संचालित सहकारी संस्थाहरु

| क.सं. | संस्थाको किसिम | जम्मा संस्था संख्या | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता | ४ | |
| २ | वहुउद्देश्यीय | १ | |
| ३ | बचत तथा ऋण | २५ | |
| ४ | कृषि फलफूल तथा साना किसान | ११ | |
| ५ | दुग्ध उत्पादक | ३ | |
| ६ | कफी | २ | |
| ७ | मत्स्य पालन | १ | |
| ८ | पशुपालन | २ | |
| ९ | मौरीपालन | १ | |
| १० | पर्यटन | १ | |
| ११ | अन्य | २ | |
| जम्मा | | ५३ | |

***श्रोत : कस्केली सहकारी : संक्षिप्त झलक ०७०***

## लेखनाथमा महिला सहकारी संस्थाहरु

| क.सं. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | गगन महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. ले.न.पा. १ |
| २ | नवदुर्गा महिला बचत तथा ऋण सहकारी संस्था लि. ले.न.पा. १२ |
| ३ | अर्चले महिला वचत तथा ऋण सहकारी संस्था लि. ले.न.पा. ६ |
| ४ | चेतनशिल महिला वचत तथा ऋण सहकारी संस्था लि. ले.न.पा. ३ |
| ५ | शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था लि. ले.न.पा. ८ |

***श्रोत : कस्केली सहकारी संक्षिप्त झलक २०७०***

लेखनाथ नगरपालिका ५३ वटा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु दर्ता भएका छन् । त्यसमध्ये महिलाबाट संचालित महिला वचत तथा ऋण सहकारीको संख्या ५ रहेको छ । ५ वटा

महिला वचत तथा ऋण संस्थामा महिलाको सक्रिय सहभागिता रहेको र यिनीहरुको सहकारी मार्फत वचत तथा ऋणको कारोबार गरी आय आर्जनका कार्यमा लगानी गर्दै अगाडी वढेका छन् । यसबाट महिलाहरुलाई आत्मनिर्भर हुन र शसक्तिकरणको लागि टेवा पुग्न गएको छ । यस शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था लि. ले संलग्न महिलाहरुको आर्थिक र सामाजिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ भन्ने पत्ता लगाउनको लागि एवं सो सम्वन्धी अध्ययन अनुसन्धानका लागि यो शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

नेपाल एक विकसित पितृसत्तात्मक देश हो । वि.सं २०६८ सालको जनगणना अनुसार पुरुष भन्दा महिलाको संख्या तुलनात्मक रूपमा बढी नै भएता पनि वास्तवमा महिलाहरू पुरुषहरूको तुलनामा आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक रूपमा पछाडि परेका, शोषित, दमित, पीडित, अपहेलित अवस्थामा रहेको पाइन्छ । धर्मका आधारमा हेर्दा यहाँ सबै भन्दा बढी हिन्दु धर्म मान्नेहरू पाइन्छन् । कुनै पनि शुभ कार्य गर्दा पञ्चकन्याबाट गरिन्छ भने धर्ती माताका रूपमा पूजा गरिन्छ । यति हुँदाहुँदै पनि पुरुषको तुलनामा महिला अनुत्पादन मूलक क्षेत्रमा कामकाज गर्दै आई रहेको पाइन्छ । महिला भएकै कारणवाट पछाडि पारिएको छ । यदि महिला घर बाहिर जानु परेमा पुरुषको अनुमति लिएर जानु पर्ने र तोकिएको समयमा घरमा उपस्थित हुनुपर्ने, ढिला भएको खण्डमा परिवार बाट खप्कि खानुपर्ने अवस्था विद्यमान छ । केहि समय यता शहरी परिवेशमा भने यस्तो अवस्था केही मात्रामा कमहुदै गएको पाइन्छ । नेपाल सरकारले महिला शसक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी स्तरबाटै ल्याइएको भएतापनि ती कार्यहरू त्यति प्रभावकारी हुन नसकेको अवस्था छ । कतिपय कार्यक्रमहरू कागजीरूपमा मात्र बनाईएका छन् भने कतिपय देखाउनका लागि मात्र । राजनैतिक रूपमा हरेक क्षेत्रमा महिलालाई उत्थान गर्न महिलाकोटा छुट्टै र खुलामा समेत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरी रोजगारीको क्षेत्रमा पनि महिलाको केही पहुँच वढाउने र शैक्षिक क्षेत्रमा पनि विशेष किसिमका कार्यक्रमहरू संचालनमा ल्याइएको पाइन्छ । तथापी महिला आर्थिक, राजनैतिक, समाजिक, शैक्षिक क्षेत्रमा किन पहुँच र नियन्त्रण अझै पनि पुग्न सकेको छैन भन्ने कुराहरू नै यस अनुसन्धानको समस्याको कथन अर्न्तगत पर्दछ ।

आजको विश्वको विकसित देशहरुमा पनि हाम्रा महिला दिदीबहिनीहरु पुरुषका अधिनमा वस्न वाध्य भएका छन् । अझै पनि महिलाहरु विभिन्न खाले घरेलु हिंसाका शिकार बनेका छन् । महिला शसक्तिकरणको लागि विभिन्न कार्यक्रमहरु सहकारी र गैरसहकारी स्तरबाट ल्याइएका ति कार्यहरु

त्यति प्रभावकारी हुन सकेका छैनन् । राजनैतिक रुपमा हरेक क्षेत्रमा महिलालाई तेत्तिस प्रतिशत सहभागी गराउने भन्ने सरकारको नीति पनि रहेको छ । त्यस्तै रोजगारीको क्षेत्रमा पनि महिलालाई उत्थान गर्न महिला कोटा छुट्टै र खुल्लामा समेत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरी रोजगारीको क्षेत्रमा पनि महिलाको केही पहुँच वढाउने र शैक्षिक क्षेत्रमा पनि विशेष किसिमका कार्यक्रमहरु संचालनमा ल्याइएको पाइन्छ । तथापी महिलाहरुको आर्थिक राजनैतिक सामाजिक क्षेत्रमा किन पहुँच अझै पनि पुग्न सकेका छैनन् भन्ने कुराहरु नै अध्ययनको समस्याको कथन रहेको छ । बुँदागत रुपमा अध्ययनका मुलभूत प्रश्नहरु यस प्रकार रहेका छन् ।

- महिलाहरुको शसक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुको सामाजिक आर्थिक राजनैतिक धारणामा कस्तो रहेको छ ?
- सहकारीमा आवद्ध महिलाहरुको आर्थिक अवस्थामा के कस्ता परिवर्तन आएका छन् र त्यस्तो परिवर्तन आउनुका कारणहरु के के रहेका छन् ?

यिनै र यस्तै प्रश्नहरुको उत्तर खोज्दै वास्तविकता पत्ता लगाउन र सहकारीको माध्यमबाट वढि भन्दा वढि महिलाहरु निर्णय र नेतृत्व तहमा काम गर्ने मौका पाउनेछन् । सहकारीमा महिला सहभागिताले सामाजिक आर्थिक क्षेत्रमा सहयोग पुऱ्याउने छ । महिलाहरुको जीवनमा आएको परिवर्तनको प्रवृतिको अध्ययन गरी एउटा दस्तावेज पेश गर्न यस शोधपत्रको समस्या हो जसका लागि अध्ययन प्रयास गरिएको छ ।

### १.३ अध्ययनको उद्देश्यहरु

कुनै पनि अध्ययन अनुसन्धानलाई सरल र सहज प्रभावकारी बनाउनका लागि अध्ययन क्षेत्र के हो सामाजिक तथा प्राज्ञिक महत्व कति छ भन्ने कुराले त्यसले लिएका उद्देश्यहरुले निर्धारण गर्दछ । तिनीहरुका उद्देश्य अनुसार संस्थाका सदस्यहरुले के कस्ता कार्यबाट उनीहरुको व्यक्तित्व विकास, आर्थिक विकास तथा सामाजिक विकासमा के कस्ता सुधारहरु भएका छन् र सहकारीमा नलाग्दा र लागेपछिको स्थितिमा के सुधारहरु आए त्यसका वारेमा जान्नका लागि सामान्य र विशिष्टि उद्देश्यहरु गरी २ प्रकारका छन् ।

**सामान्य उद्देश्य :**

- सहकारी संस्थामा आवद्ध महिलामा आएको सामाजिक आर्थिक परिवर्तनको र प्रभावको वारेमा अध्ययन गर्नु

**विशिष्ट उद्देश्यहरु**

- सहकारीमा आवद्ध भएपछि महिलाहरुको क्षमतामा अभिवृद्धि र चेतना स्तरमा आएको परिवर्तनको अध्ययन गर्न ।
- सहकारीको माध्यमबाट महिलाहरुको स्वभाविक रुपमा कस्ता गतिविधिहरु उद्यमशिलताको विकास गरेका छन् सोको विश्लेषण गर्नु ।

**१.४ अध्ययनको महत्व तथा औचित्य**

विकासको लागि महिलाको र पुरुषको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । आधा धर्ति ओगट्ने महिलाहरुको भूमिकालाई कम आँकलन गर्न सकिदैन । विभिन्न अन्तराष्ट्रिय समुदायले समेत महिला विकासका लागि थुप्रै रकम सहयोगका नाममा उपलब्ध गराइरहेका छन् । नेपाल सरकारले योजना मार्फत महिला वर्गको हितका लागि थुप्रै कामहरु गर्दै आएको छ । नेपाल सरकारले कृषि तथा सहकारी मन्त्रालय मार्फत सहकारी डिभिजन कार्यलयबाट सहकारी संस्था दर्ता लेखा एवं अन्य तालिम छलफल, गोष्ठी, अवलोकन भ्रमण जस्ता कार्यक्रम अगाडी बढाइ सहकारी व्यवस्थापनमा लागि परेको छ । नेपाल अधिराज्यका ७५ जिल्लामा संचालित महिला सहकारी कार्यक्रमले विभिन्न क्षेत्रहरु जस्तो आय आर्जन, शिक्षा, चेतना तथा क्षमता अभिवृद्धि लगायत शिक्षा स्वास्थ्यमा परेका समस्या सकारात्मक वा नकारात्मक प्रभावको यथार्थ मूल्याङ्कन गरी कार्यक्रमका सवल पक्षलाई अगाडी बढाउन र दुर्वल पक्षलाई हटाउनको लागि सम्वन्धित सरोकारवाला निकायहरु कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, सहकारी डिभिजन कार्यालय सहकारी संघ संस्थालाई यो अनुसन्धानले मार्गदर्शन गर्दछ ।

अनुसन्धान क्षेत्रको रुपमा छनौट भएको शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा योजना तर्जुमा गर्ने, रणनीतिहरु तय गर्न व्यावसायिक योजनाहरु बनाउनका लागि यसले सहयोग गर्नेछ । आय आर्जन वृद्धि गर्न भनी सबै सहकारी संस्थाहरुले गरेको बचत तथा ऋणको सदुपयोग भएको छ वा छैन । लगानीबाट महिलाहरुको आयस्तरमा चेतना तथा क्षमता अभिवृद्धि एवं महिला

शसक्तिकरणको पक्षमा के कस्तो प्रभाव पऱ्यो पत्ता लगाउन यो अनुसन्धान सहायक सिद्ध हुनेछ र सहकारी सञ्चालकहरुलाई भावी योजना बनाउन सहयोग पुग्नेछ । यो अनुसन्धानले महिला वचत तथा ऋण सहकारी मार्फत महिलाको हैसियत माथि उठाउन एवं महिला शसक्तिकरण लगायत महिलाका अन्य विविध पक्षमा अनुसन्धान गर्न यसको महत्व रहेको छ ।


## १.५ अध्ययनको सीमा

कुनैपनि अध्ययन अनुसन्धानको आफ्नै सीमा परिधि रहेका हुन्छन् । कास्की जिल्लाका ५४ वटा महिला सहकारी संस्था मध्ये लेखनाथ नगरपालिकामा ५ वटा रहेका छन् । लेखनाथ नगरपालिका वडा नं. ८ स्थित शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थालाई मात्र नमूनाको रुपमा छनोट गरी सो संस्थाका २० जना महिलाहरुसँग भेटी उनीहरुको मात्र वैयक्तिक अध्ययन गरिएको छ र अन्य महिला सहकारीहरुलाई समेट्न सकिएको छैन । यसले समग्र महिलाको सामाजिक, आर्थिक, राजनैतिक अवस्थाको बारेमा जानकारी दिन यो शोध कार्य अपर्याप्त रहन सक्छ । महिला वचत तथा ऋण सहकारीले व्यापक क्षेत्रमा परिवर्तन ल्याउन सक्ने भएर पनि उद्देश्यमा किटान गरिएको विषयमा मात्र  अध्ययन गरिएको छ ।

यस सहकारीको कार्यक्षेत्र ले.न.पा. वडा नं. १, ६, ७, ८, ९, १०, ११ र १२ गरी ८ वडा रहेको छ । सिमित समय र साधन श्रोतको प्रयोग गरिएकोले सबै पक्षको जानकारी दिन सकिएको छैन । यहाँ भएका निष्कर्षहरु सबै सहकारी र सबै ठाउँमा सामान्यीकरण गर्न कठिनाई भएको छ ।

## १.६ अवधारणागत ढाँचा (संरचना)

सहकारीमा महिलाको सहभागिताले महिलाहरुको शसक्तिकरणका लागि टेवा प्रदान गर्दछ । छरिएर रहेका स-साना पूँजीलाई एकत्रित गर्दै सामुहिक रुपमा अगाडि बढ्न हौसला प्रदान गर्छ । सहकारीमा विधिवत दर्ता भई सकेपछि पाउने विभिन्न तालिमको माध्यमबाट महिलाहरुको विविध पक्षमा मद्दत पुऱ्याउछ ।




**संरचना**

### १.७ अध्ययनको संगठन

प्रस्तुत शोधपत्रलाई मुख्यतया आठ अध्यायमा विभाजन गरिएको छ । पहिलो खण्डमा अध्ययनको पृष्ठभूमी समावेश गरिएको छ । पहिलो अध्यायमा परिचय मूल शिर्षक अर्न्तगत पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व एवं औचित्य, अध्ययनको सीमा, अवधारणागत ढाँचा, अध्ययनको संगठन र दोस्रो अध्यायमा सन्दर्भ साहित्यको समिक्षा गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा अनुसन्धानको ढाँचा विधिहरु समावेश गरिएको छ । अध्याय चार जनसाख्यिय अवस्थिति र अध्ययन क्षेत्रको वारेमा राखिएको छ भने अध्याय पाँचमा व्यक्तिगत अध्ययन राखिएको छ । अध्याय छ मा सामाजिक आर्थिक परिवर्तनको विश्लेषण समावेश गरिएको छ । अध्याय सातमा सहकारीमा संलग्न महिलाहरुको क्षमता चेतना, व्यक्तित्व विकास र उद्यमशिलतामा आएको परिवर्तन जीवनस्तरवारे समावेश गरिएको छ भने अध्याय आठमा पुरै अनुसन्धानको सारांश निष्कर्ष र सुझावहरु समावेश गरिएको छ ।

# अध्याय दुई

## साहित्य समिक्षा

### २.१ सैद्धान्तिक समीक्षा

कुनैपनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि समाजशास्त्री/मानवशास्त्रीहरुले सो सम्वन्धमा आवश्यकता अनुसारको सान्दर्भिक विकसित सिद्धान्त मध्ये एक वा एक भन्दा बढि सिद्धान्तसँग सम्वन्धित भई अनुसन्धान गर्ने परम्परा रहेको छ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक सिद्धान्तहरुको परिधिभित्र रही अनुसन्धान गर्न आवश्यक हुन्छ । यहाँ सहकारीको आर्थिक, सामाजिक अवस्थामा आएको परिवर्तनका बारेमा प्राप्त जानकारीका बारेमा चर्चा गरिन्छ । प्रत्येक व्यक्ति, समुदाय तथा राष्ट्र आफैं बढी विकसित हुन चाहान्छ । यो एउटा मानवीय गुण नै हो कि प्रत्येक यथास्थितिबाट माथि उठ्न सकिन्छ । अरु बढी सफल, समुन्नत र सक्षम हुन चाहान्छ । यसबाट के भन्न सकिन्छ भने विकास भनेको वर्तमानमा हुने सकारात्मक परिवर्तन हो, जुन समाजको संरचनात्मक परिवर्तनसँग सम्वन्धित छ । वास्तवमा विकासका लागि समुन्नत समाज जो पराधीनताबाट, शोषणबाट अनि दमनबाट मुक्त भएको हुनुपर्छ । सबै वर्ग वा समुदायको क्षमतामा आधारित पहुँचको अभिवृद्धिलाई विकास भन्न सकिन्छ । यसैले विकास वितरण प्रणालीसँग पनि सम्वन्धित छ । विकास कुनै एउटा तौलिन सक्ने वस्तु नभएर यसको प्रकृति नितान्त गुणात्मक हुन्छ, । जसमा मानवीय क्षमताका कारण आफ्ना स्रोत र साधनको अधिक प्रयोग गरिन्छ ।

मानव सभ्यताको विकासका शुरुका दिनहरुमा जनसंख्या ज्यादै कम थियो । त्यसबेला मानिसहरुलाई आफ्ना आधारभूत आवश्यकता पुरा गर्न गाह्रो पर्दथ्यो । तसर्थ त्यस समयमा मानिसहरु आफैमा निर्भर हुँदै थिए । जनसंख्याको विस्तारसँगै आवश्यकता र चाहनालाई पुरा गर्ने वस्तु र सेवाहरुको उत्पादन आफैले गर्नुपर्ने आवश्यकता हुन थाल्यो । यसबाट आफूले उत्पादन गरेका वस्तु र सेवा अरुलाई दिने र अरुले उत्पादन गरेका वस्तु र सेवा आफूले लिने प्रथाको शुरुवात हुन थाल्यो । यसले गर्दा अरु र आफ्नो आवश्यकतालाई पुरा गर्न उत्पादन प्रणालीको विकास भयो । यस धारणाले वस्तुहरुमा आफ्नो स्वामित्व आवश्यक पर्ने कुराको महसुस हुन थाल्यो । त्यसबेलाको समयमा हालको जस्तो भौतिक साधन, स्रोत र सुविधाको विकास भएको थिएन । क्रमशः आफूले उत्पादन गरेको वस्तुलाई वस्तु विनिमय प्रणाली अनुसार आवश्यकताको पूर्ति गर्ने

माध्यमका रुपमा विकसित हुन थाल्यो । विकाससँगसँगै आवश्यकता पनि बढ्न थाल्यो र पूर्ति पनि बढ्न थाल्यो ।

समाज वस्तु विनिमय प्रणालीबाट क्रमशः मुद्राको माध्यमले खरिद बिक्री गर्ने प्रणालीमा पुग्न थाल्यो । जसले गर्दा वस्तु सेवाको उत्पादन देखि वितरणसम्म व्यावसायिक प्रणालीको शुरुवात हुनथाल्यो । सभ्यताको विकास सँगसँगै मानिसहरुमा सहकारिताको भावनाको विकास प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुँदै आएको पाइन्छ । आजको संसारमा सम्पत्ति आर्जन गर्ने, बेचविखन गर्ने, सङ्गठनमा स्वतन्त्र रुपमा सहभागी हुने, स्वतन्त्र रुपमा आर्थिक क्रियाकलापमा भाग लिई आर्थिक विकास गर्ने र सामाजिक प्रतिष्ठा उच्च कायम गर्नेतर्फ सहयोग पुऱ्याउने माध्यमका रुपमा सहकारी आन्दोलनले विश्वव्यापी मान्यता पाएको छ ।

## २.२ सहकारीका विशेषताहरु

शिक्षामाला २०६९ अनुसार सहकारीका विशेषताहरु निम्न छन् ।

- आर्थिक क्रियाकलापको माध्यम
- व्यवसाय गर्ने तरिका
- सामूहिकता स्वामित्वमा आधारित व्यवसाय
- सदस्य केन्द्रित व्यवसाय
- एक प्रकारको आत्म सहयोगी क्रियाकलाप
- सजिलो र दिगोपना उन्मुख उपयुक्त व्यावसायिक ढाँचा
- आफ्नै निश्चित मूल्य, मान्यता र सिद्धान्तमा आधारित संस्था

## २.३ सहकारीका सिद्धान्तहरु

सहकारी गतिविधि २०६५/०६६ सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीका अनुसार सहकारीका सात सिद्धान्तहरु निम्नानुसार रहेका छन् ।

१) ऐच्छिक तथा खुल्ला सदस्य

२) सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण

३) सदस्यहरुको आर्थिक सहभागिता

४) स्वायत्तता तथा स्वतन्त्रता

५) शिक्षा, तालिम तथा सूचना

६) सहकारी बीच सहयोग

७) समुदायप्रति चासो

**२.४ सहकारीका मूल्यहरु**

सेन्टर फर माइक्रो फाइनान्स २०६५ का अनुसार सहकारीका आधारभूत मान्यता र नैतिक मूल्यहरु निम्नानुसार छन् ।

**आधारभूत मूल्यहरु**

१) आत्म सहयोग

२) स्वउत्तरदायित्व

३) प्रजातन्त्र

४) समानता

५) न्याय

६) ऐक्यवद्धता

**नैतिक मूल्यहरु**

१) इमान्दारिता

२) खुलापन

३) सामाजिक उत्तरदायित्व

४) अरुको हेरचाह

**२.५ सहकारिताको ऐतिहासिक पृष्ठभूमि**

सहकारी प्रतिवेदन २०६५ अनुसार नेपालमा सहकारीताको ऐतिहासिक पृष्ठभूमिलाई निम्न लिखित बुँदाहरुमा प्रस्तुत गर्न सकिन्छ ।

१) २००८ त्रिभुवन ग्राम विकासको औपचारिक शुरुवात

२) २०१० कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालयको स्थापना

३) २०१३ चितवनमा पहिलो ऋण सहकारी संस्था

४) २०१६ सहकारी ऐन पारित

५) २०१७ सहकारी नियमावली तर्जुमा, सहकारी विकास कोषको स्थापना, साझा संस्थाको स्थापना

६) २०१८ सहकारी तालिम केन्द्रको स्थापना सहकारी विभागलाई तत्कालीन पञ्चायत मन्त्रालयमा सारिएको, सहकारी बैंकको स्थापना

७) २०२२ सहकारी विभागलाई कृषि तथा भूमिसुधार मन्त्रालयमा सारिएको

८) २०२३ सहकारी बैंकलाई कृषि विकास बैंकमा रुपान्तरण गरिएको

९) २०२५ सहकारी संस्थाहरुको व्यवस्थापन कृषि विकास बैंकलाई हस्तान्तरण

१०) २०३४ मा ३० जिल्लाहरुका साझा कार्यक्रम सञ्चालन र व्यवस्थापना कृषि विकास बैंकबाट सहकारी संस्थाहरुको व्यवस्थापना समितिमा हस्तान्तरण

११) २०४० साझा सहकारी ऐन १९४८ लागू

१२) २०४१ सहकारी विभागलाई साझा विकास विभागमा र सहकारी प्रशिक्षण केन्द्रलाई साझा विकास केन्द्रमा परिणत

१३) २०४२ साझा संस्था ऐन पारित

१४) २०४८ सहकारी ऐन तर्जुमा गरी लागू गरेको साझा विकास विभागलाई सहकारी विभागमा परिणत

साझा विकास तालिम केन्द्रलाई सहकारी प्रशिक्षण केन्द्रमा परिणत

साझा विकास शाखालाई जिल्ला सहकारी कार्यालयमा परिणत

१५) २०५० बचत तथा ऋण सहकारी संस्थाहरुको केन्द्रिय संघको स्थापना

२०५४ अन्तराष्ट्रिय मान्यता प्राप्त

१६) २०५६ कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत

१७) २०५७ साना किसान सहकारी संस्थाहरुको केन्द्रिय बैंकको रुपमा साना किसान बैंकको स्थापना

१८) २०५९ सहकारी बैंकको स्थापना

१९) २०६९ सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना ।

## २.६ सहकारीताबाट हुने फाइदाहरु

सहकारीताबाट समाजका सबै क्षेत्रमा सकारात्मक प्रभाव परेको हुन्छ । हुन त समाजमा यदाकदा केही सहकारीका व्यवस्थापक तथा पदाधिकारीहरुबाट हुने गरेको अनैतिक तथा वित्तिय हिनामिना तथा सहकारी नै बन्द गरेर भाग्ने घटना यदाकदा पाइन्छ । त्यसमा सहकारी सञ्चालनमा सहकारी ऐन र स्वयम् सरकारले पनि त्यसमा आवश्यक पहलकदमी गर्न नसक्नु, जनतामा सहकारी

सम्वन्धी अवधारण तथा चेतनाको कमीले गर्दा केही नकरात्मक कार्य भए पनि समग्रमा धेरै फाइदा छन् । समाचारले हामीलाई अलमलाएको पनि हुन्छ, तर सहकारीताका धेरै फाइदाहरु छन्, जुन निम्नानुसार छन् : (अधिकारी, २०६५)

### २.६.१ सामाजिक फाइदा

सहकारी संस्थाको मुल उद्देश्य भन्नु नै आफ्ना सदस्यहरुको हितमा काम गर्नु हो । जव समाजमा रहेका बहुसंख्यक सदस्यहरुको हित हुन्छ, तब नै समुन्नत समाजको निर्माण हुन्छ । सामाजिक फाइदाहरुलाई वर्गिकरण गर्दा निम्न उल्लेखित सामाजिक फाइदाहरु सहकारीबाट प्राप्त गर्न सकिन्छ ।

- **इमान्दारिताको विकास**

  सहकारी संस्थाका संचालक सदा इमान्दार वा कर्तव्यनिष्ठ भई कार्य गर्नुपर्छ । एकले अर्कालाई अविश्वास गर्ने जस्ता कार्यले सहकारी संस्था सफल हुन सक्दैन । अत सबै सदस्य तथा संचालकहरुमा इमानदारिताको भावना विकास भई इमानदार समाज निर्माण गर्न मद्दत पुगेको छ ।

- **एकताको भावना**

  सहकारिताको मूल मन्त्र नै एक आपसमा सहयोग गर्ने हो । विना एकता सहकारिता सम्भव छैन । यसले सामाजिक तथा कार्यगत एकता गराई संगठनको भावनाको विकास गर्दछ । सहकारी संस्था प्रजातन्त्रिक प्रणलीबाट संचालन हुन्छ । यसमा समूहको चाहना अनुसार कार्य गरिन्छ अथवा समुहको मतको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यसमा “एकका लागि सबै, सबैको लागि एक” भन्ने भावना प्रतिविम्बित भएको हुन्छ ।

- **सामाजिक उत्तरदायित्वको अनुभव**

  संस्थाका सदस्यहरु समान अधिकार प्राप्त संस्थाका मालिक हुन् । यसमा सबै सदस्यको उत्तिकै अधिकार जिम्मेवारी रहेको हुन्छ । यसैले बेलाबेलामा बैठकमा भाग लिने संस्थाको क्रियाकलापप्रति चासो दिने, संस्थाको विकासमा मद्दत पुऱ्याउने कार्य गर्ने तथा संस्थाको अहित हुने तत्वहरुलाई दुरुत्साहित गर्ने कामजस्ता कार्यहरु सदस्यबाट सदैव भएको पाइन्छ । माथिका क्रियाकलाप नै सामाजिक उत्तरदायित्वको अनुभव हो । यसैले हामीले अनुभव गर्ने हो भने कालान्तरमा सदस्यहरुको उत्तरदायित्वको अनुभवले समाज सभ्य विकसित, सुसंस्कृत तथा आर्थिक रुपले सम्पन्न बन्न पुग्छ ।

- **नेतृत्व विकास**

  संस्थाका प्रत्येक क्रियाकलापहरुमा सदस्यको समान सहभागिता रहेको हुन्छ । संस्थाका विभिन्न बैठक आदिमा सदस्यले निर्भीक भएर अन्य सामाजिक क्रियाकलापहरुमा भाग लिन नेतृत्व दिनसक्ने हुन्छन्, जनशक्ति समेत तयार भएको हुन्छ ।

- **सामुदायिक विकास**

  सहकारी संस्थाले आफ्ना सदस्य तथा कार्य क्षेत्रभित्रका समाजलाई फाइदा हुने कार्य गरेको हुन्छ । समाजलाई सार्वजनिक रुपमा फाइदा हुने कार्य गर्दा यसले लक्षित सदस्यमात्र नभनी पूरा समाजलाई नै फाइदा हुने कार्य गरेको हुन्छ । सामाजिक विकासमा लोक कल्याणकारी कार्य गरेको देखिन्छ ।

### २.६.२ आर्थिक फाइदा

सहकारी संस्थाको वस्तु तथा सेवाहरुको उत्पादन तथा विक्रि वितरणमा सरलता ल्याई व्यवस्थित रुपमा वितरण गरेको हुन्छ । जुन कार्यबाट सदस्यहरुलाई बढी मूल्यको भार तथा झन्झट आदिबाट मुक्ति दिलाउनको साथै समयमा नै सेवा प्राप्त गर्न पनि मद्दत प्रदान गरेको हुन्छ । सहकारीबाट सबै जात, धर्म, लिङ्ग आदिका सदस्यहरुलाई समान रुपमा वस्तु तथा सेवाको वितरण गरी सदस्यलाई सेवा पुर्‍याउन संस्था सक्षम हुन्छ । सहकारिताबाट हुने आर्थिक फाइदाहरु निम्नानुसार छन् ।

- **कच्चा सामानको उपलब्धता तथा सुलभ विक्रि वितरण**

  व्यक्तिगत व्यवसाय गर्ने व्यक्तिले कच्चा सामान, प्रविधि, ऋण आदिको समस्या भोगेका हुन्छन् भने सहकारिताको भावनामा संगठित भएर व्यवसाय गरिएमा त्यस्ता कच्चा सामाग्री प्रविधि, ऋण आदि प्राप्त गर्न सुलभ हुन्छ । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुबाट समेत सहयोग प्राप्त हुन्छ, जसले गर्दा उत्पादन, उत्पादकत्व, बिक्रि, वितरणमा वृद्धि भई आम्दानी बढ्न जान्छ । जब आम्दानी बढ्छ, तब नाफा निश्चित रुपमा बढेको हुन्छ ।

- **असल वस्तुको उचित मूल्यमा विक्रि वितरण**

  सहकारी संस्थाले सदस्यलाई असल गुणका शुद्ध सामन तथा सेवा उचित मूल्य, तौल, समयमा उपलब्ध गराउँदछ । जसबाट सदस्यहरुको खर्चमा कमी हुन जान्छ ।

- **बचत संकलन**

  सहकारीमा लागेका सम्पूर्ण सदस्यहरुको निश्चित रकम मासिक रुपमा जम्मा गर्दछन्, जसबाट उनीहरुले ऋण लिएर आफ्नो खर्च टार्न पनि सक्षम हुन्छन् भने अनावश्यक हुने खर्चलाई कटौति गरेर बचत गर्ने बानीको विकास गरेका छन् ।

- **ठगीबाट बचाउने**

  सहकारी संस्थाले सदस्यलाई आवश्यक पर्ने सम्पूर्ण वस्तुको कारोवार नगरे पनि अत्यावश्यक वस्तु तथा सेवाको कारोवार गरेको हुन्छ । त्यस क्रममा कुनै वस्तु तथा सेवामा व्यापारीहरुको शोषणबाट बचाउँदछ ।

## २.६.३ सहकारीबाट प्राप्त शैक्षिक फाइदा

सहकारी संस्थाले सदस्यहरुको शैक्षिक स्तरमा वृद्धि ल्याउन शिक्षामा लगानी गरेको हुन्छ । सहकारीमा सहकारी शिक्षा कोषको पनि व्यवस्था गरिएको हुन्छ । सहकारी शिक्षाको साथै अन्य सीपमूलक ज्ञानबर्धक शिक्षा वा तालिमको कार्य पनि गरेको हुन्छ । यस प्रकारका शैक्षिक कार्यक्रमहरुका माध्यमबाट सदस्यहरुमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यवहारिक ज्ञानको विकास भएको हुन्छ । राष्ट्र निर्माणमा सहकारी संस्थाहरुले पुऱ्याउन सकने योगदानहरु सहकारीता वा सहकारीताको सिद्धान्तले तलका विषयहरुलाई अभिव्यक्त गरेको छ ।

- स्वावलम्बन
- सामाजिक उत्तरदायित्व
- प्रजातन्त्र
- समानता
- सामाजिक न्याय
- नैतिक आचरण
- इमान्दारिता
- खुल्लापन

*स्रोत : शिक्षामाला २०६८*

## २.७ पूर्व अध्ययनको समिक्षा

सहकारिताले नागरिकलाई संगठित भई आफ्ना तथा समुदायको विकास गर्ने अवसर प्रदान गर्छ । व्यक्ति समान, गाउँ, जिल्ला हुँदै समग्र राष्ट्रको विकासका लागि सहकारिता एउटा महत्वपूर्ण औजारका रुपमा स्थापित हुनसक्दछ । सहकारिताले सदस्यद्धारा, सदस्यले, सदस्यको लागि गरिने कार्य भएकाले यो जुनसुकै समयमा पनि सदस्य तथा समुदायको हितमा समर्पित भएको हुन्छ । राज्यले नीति निर्माणको तहमा रहेर सहकारी व्यवसाय संचालन गर्न सहज वातावरण सृजना गरेमा सहकारी संस्थाले देश विकासको कार्यमा आ-आफ्ना क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ (सेन्टर फर माइक्रो फाइनान्स, २०६५) ।

हाम्रो देशमा अधिकांश जनताहरु गरीब छन् । ती मध्ये गरीब महिलाहरु नै बढी छन् । एक दशक लामो देशको आन्तरिक द्वन्द्धका कारण धेरै ग्रामीण महिलाहरु विस्थापित हुन पुगेका छन् । विस्थापित महिलाहरुको थप संख्याले गर्दा देशको जनसंख्याको एउटा ठूलो वर्ग महिलाहरु अति गरीबीको अवस्थामा बाच्न बाध्य छन् । गरीब महिलाहरुको बाहुल्य रहेको आजको स्थितिमा सहकारी कार्यक्रमको विकास तथा विस्तार गरी उनीहरुलाई त्यसमा सहभागी तुल्याई सहकारी व्यवसायको माध्यमबाट उनीहरुलाई सशक्त बनाउन अति आवश्यक भएको छ । विश्वका करोडौं मानिसलाई रोजगारी दिन र प्रजातान्त्रिक प्रक्रियाबाट आफ्नो विकास आफैले गर्ने मौका प्रदान गर्न सहकारी अभियान सफल भएको छ । जनताले आफ्नो लागि आफैद्धारा शासन चलाउने प्रजातन्त्रको मूल स्वरुप तथा मान्यतालाई अंगालेको सहकारी अभियानको आवश्यकता २१ औं शताब्दीमा अझ बढी हुन पुगेको छ । देशको निर्णय प्रक्रिया र नेतृत्व तहमा नेपाली महिलाको ३ प्रतिशतको सहभागिता रहेको आजको स्थितिमा सहकारी माध्यमबाट अझ बढीभन्दा बढी महिलाहरुलाई निर्णय र नेतृत्व तहमा काम गर्ने मौका प्रदान गर्न सकिन्छ । यसबाट बढी भन्दा बढी महिलाहरु राज्य संचालनका निर्णायक तहमा सहज रुपमा पुग्न सक्नेछन् । आफ्नो विकास कार्यक्रमको नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन तहमा सहभागी हुन नपाएका नेपाली महिलाहरु सशक्त बन्न पुग्दछन् । स्थानीय स्तरमा संचालित महिला सहकारी कार्यक्रमहरुले धेरै ग्रामीण महिलाहरुलाई सशक्त, स्वावलम्वी र नेतृत्व लिन सक्ने क्षमतावान् तुल्याउन सकेका उदाहरण हाम्रा समक्ष छन् । हाल नेपालमा लाखौं महिलाहरु सहकारीमा संलग्न छन् । बहुउद्देश्यीय, बचत तथा ऋृण, दुग्ध उपभोक्ता आदि विभिन्न सहकारी व्यवसायहरुमा महिलाहरुको सहभागिता बढ्दै गएको छ र त्यसबाट धेरै

महिलाहरुले रोजगारी प्राप्त गरेका छन् र आफ्ना सामाजिक एवं आर्थिक उन्नति गरेको देखिन्छ । सहकारिताको सही तथा व्यापक परिचालनबाट दिगो विकास गर्न सकिन्छ (थापा, २०६२) ।

सहकारी सम्वन्धमा विभिन्न व्यक्ति तथा संस्थाका भनाइहरु यस प्रकार छन् ।

सेलिग्मेन का अनुसार “प्राविधिक अर्थमा सहकारिताले उत्पादन तथा वितरणमा प्रतियोगिता र सबै खाले मध्यस्थतालाई समाप्त पारिदिन्छ ।”

डा.ई.एम. हाफका अनुसार “संयुक्त व्यवसाय वा कारोबारद्धारा पारस्परिक लाभ र उपलब्धि हासिल गर्नाका लागि व्यक्तिहरुले स्वैच्छिक रुपमा दिने सहयोग नै सहकारिता हो ।”

वाटकिन्स का अनुसार “सहकारिता एकता, मितव्ययीता, प्रजातन्त्र, निष्पपक्षता र स्वतन्त्रता जस्ता सिद्धान्तमा आधारित सामाजिक सांगठनिक आधार हो ।”

प्रो. पौल लेम्बर्ट का अनुसार “एउटा सहकारी समिति त्यस्तो उद्योग हो, जो उपभोक्ताको सभाद्धारा निर्माण र निर्देशन गरिन्छ । जसले प्रजातन्त्रको नियम पालन गर्छ र जसको उद्देश्य आफ्ना सदस्य र सम्पूर्ण समाजको प्रत्यक्ष सेवा गर्नु हो ।”

अन्तराष्ट्रिय सहकारी महासंघ १९९५ का अनुसार, “सहकारीता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसाय मार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकाङ्क्षा पूर्ति गर्न स्वच्छाले संगठित भएका व्यक्तिहरुको स्वायत्त संस्था हो ।”

त्यस्तै वुलौक(१९९४) का अनुसार महिलाहरुको सहकारी मार्फत स्रोत र साधनमा पहुँच पुऱ्याउने एउटा प्लेटफर्म बनाउन सक्दछन् । जहाँबाट श्रमजीबी महिलाहरुको आवाज प्रभावकारी रुपमा अगाडी आउन सक्छ ।

सहकारीले स्थानीय आवश्यकताको पुर्तिका लागि स्थानीय स्रोत र साधनको परिचालन गरी स्थानिय स्तरको उत्पादनमा आत्मनिर्भर बन्न उत्प्रेरित गर्दछ, जागरण ल्याउँछ । यसबाट सामाजिक विकासको विस्तारमा आम जनसमुदायको सक्रिय सहभागिता रहन्छ (हेन्ज र दाहाल, २०५४) ।

सहकारीबाट सामाजिक र आर्थिक लक्ष्यको अपेक्षा राखिएको हुन्छ । उपयोग गर्न नसकिएका स्रोत र साधनहरुको उपयोग गर्ने, त्यसलाई उत्पादनमा वृद्धि एवं परिचालन गर्दै अवसरबाट सामाजिक न्याय र समानताको अपेक्षा गरिन्छ (वाविस्कार, १९९३) ।

जवसम्म महिलाहरु आर्थिक र सामाजिक रुपले आत्मनिर्भर हुदैनन्, तबसम्म उनीहरुमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुदैन । सहकारीकर्मीहरु ग्रामीण तहदेखी राष्ट्रिय तहसम्म एउटै अभियानमा संगठित र आवद्ध भएर काम गर्दछन् । सहकारी परिपाटीमा स्थानिय स्तरका महिलाहरुले पनि राष्ट्रिय नेतृत्व गर्ने क्षमता र मौका प्राप्त गर्न सक्दछन् । सहकारी अभियानमा लागेका महिलाहरुको आत्मबल र आत्मविश्वासको कारणबाट समाजमा अन्य क्षेत्रमा पनि उनीहरु प्रतिस्प्रर्धा गर्न सक्षम हुन्छन् । नेपाल जस्तो विकासशील देशले दिगो विकास हासिल गर्न एवं गरीबी हटाउन सहकारी संघ संस्थाहरु गरीब जनताहरु र विशेष गरी महिलाहरुको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मनिर्भरताका लागि लघुवित्तको पहुँच विस्तार गर्ने कार्यक्रममा प्रभावकारी अस्त्र सावित भएका छन् । न्यून आय भएका र गरीब व्यक्तिहरुलाई वित्तिय सेवा उपलब्ध गराउने कार्यमा सहकारी संस्थाहरुको लामो इतिहास रहेको छ । संयुक्त राष्ट्रसंघको अध्ययनले यो बताउँछ कि ऋणमा उचित पहुँच, सुरक्षित र भरपर्दो बचत तथा वीमा सेवाहरु उपलब्ध गराएर ती संस्थाहरुले सदस्यहरुको सम्पत्ति सुरक्षा र तल्लो तहका वर्गको रोदन घटाउन सहयोग गर्दछन् । ऋण संघहरुले गरीब र न्यून आय भएका समुदायलाई लघुवित्त सेवाहरु पुऱ्याउन सक्दछन् । विशेष गरी महिलाहरुलाई लघुवित्तको सेवा दिने प्रावधानमा कृषकहरुको भूमिका अहम् छ । लघु व्यवसाय शुरु गर्न संसारभर वित्तिय सेवाको पहुँचमा महिलाहरु सक्षम भएका छन्, जसले अन्ततोगत्वा आफ्ना बच्चाहरु स्कूल पढाउन, स्वास्थ्यको हेरचाहमा पहुँच र घरवासका लागि परिवारलाई सक्षम तुल्याउदै जीवनस्तर सुधार गरेका छन् (रा.स.सं.प्र. २०६२) ।

देशको आधा जनशक्तिको रुपमा रहेका महिलाहरु देश विकासमा सदा सर्वदा संलग्न रहे पनि अशिक्षा, अस्वास्थ्य, गरीबी एवं रुढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवं स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्णरुपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुदैनन् । तबसम्म देशको आर्थिक, स्थितिमा सुधार आउन सक्दैन (नवौ रा.यो.आ. २०५४) ।

परम्परागत सामाजिक दृष्टिकोणमा अपेक्षित रुपमा सुधार हुन नसक्नु, लैङ्गिक विभेद सम्वन्धी कानूनी संरचनामा अपेक्षित सुधार नहुनु, केही सामाजिक क्षेत्रमा सहकारी लगानीको वृद्धिदर कम रहनुजस्ता कारणले महिलाहरुको स्तरमा तुलनात्मक रुपले उल्लेखनीय रुपमा सुधार ल्याउन सकिएको छैन । आर्थिक स्रोत तथा अवसरहरुमा पहुँच पनि कम भएकाले महिलाको आर्थिक सशक्तिकरणका लागि लघु ऋण कार्यक्रम, महिला विकास कार्यक्रम, सीप विकास कार्यक्रम, महिला

जागृति तथा आयआर्जन कार्यक्रम, सहकारी कार्यक्रम संचालन भएको छ । विशेष गरी बचत तथा ऋण सहकारी कार्यक्रममा महिलाको उल्लेखनीय सहभागिता भएको र संलग्नताको परिणामस्वरुप सामाजिक रुपमा परिचालनमा मद्दत पुगेको देखिन्छ भनी उल्लेख गरिएको छ (दशौं रा.यो.आ. २०५९) ।

हाम्रो देशको कुल जनसंख्याको करिब ८५ प्रतिशत जनता कृषिमा आधारित छन् र कृषि उत्पादन तथा प्रशोधनमा महिलाको मुख्य भूमिका रहेपनि महिलाको सामाजिक र आर्थिक स्तर स्थिति कमजोर छ । घरपरिवार देखी लिएर राज्यको निर्णायक प्रक्रिया र शक्ति संरचनाको कुरामा पनि महिलाहरुको सहभागिता न्यून छ । शैक्षिक तथ्याङ्क हेर्दा पुरुष साक्षरता ६५ प्रतिशत छ भने महिलाहरुको ३५ प्रतिशत छ । त्यस्तै राजनीतिमा पुरुष सहभागिता ९५ प्रतिशत छ भने महिला सहभागिता ५ प्रतिशत छ । भूमिमा पुरुषको स्वामित्व ९० प्रतिशत छ भने महिलाको १० प्रतिशत रहेको छ । जबसम्म महिलाहरु आर्थिक र सामाजिक रुपले आत्मनिर्भर हुँदैनन् तबसम्म उनीहरुमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुदैन । सहकारीकर्मीहरु ग्रामीण तहदेखी राष्ट्रिय तहसम्म एउटै अभियानमा संगठित र आबद्ध भएर काम गर्दछन् । सहकारी परिपाटीमा स्थानीय स्तरका महिलाहरुले पनि राष्ट्रिय नेतृत्व गर्ने क्षमता र मौका प्राप्त गर्न सक्दछन् । सहकारी अभियानमा लागेका महिलाहरुको आत्मबल र आत्माविश्वासको कारणबाट समाजका अन्य क्षेत्रमा उनीहरु प्रतिस्पर्धा गर्न सक्षम भएका छन् । नेपाली महिलाहरुको सशक्तिकरणमा सहकारी कार्यक्रमले ठूलो सघाउ पुऱ्याउन सक्ने कुरालाई सबैले बुझी त्यसतर्फ अग्रसर हुनु आजको आवश्यकता हो भनिएको छ (सहकारी सन्देश २०६९) ।

नवलपरासी जिल्लामा संचालित सहकारी संस्थाहरुले त्यस क्षेत्रका बासिन्दाहरुको लागि आवश्यक पर्ने उपभोग्य वस्तु, कृषि उपज लगायत सामाग्रीहरुको आपुर्ति र वितरणका साथै बचत तथा ऋण कार्यक्रम संचालन गरी सेवा पुऱ्याइरहेका छन् । राष्ट्रिय सहकारी विकास बोर्डले नवलपरासी जिल्लामा एकसय भन्दा बढी सहकारी संस्थाहरु मध्ये ११ वटालाई एकीकृत सहकारी विकास आयोजना अन्तरगत राखी कार्यक्रम संचालन गर्दै आएको छ । जसबाट त्यस भेगका बासिन्दाहरुका लागि मल, बीउ, कीटनाशक औषधी आदि कृषि उत्पादनका क्षेत्रमा आवश्यक सामाग्री र उपभोग्य वस्तु चिनी, तेल, चामल, दाल आदि सरल र सुपथ ढंगले जनतालाई उपलब्ध गराउन सक्रिय भएका छन् । यसै गरी जनतालाई अत्यावश्क पर्ने स-साना ऋण दिएर उनीहरुलाई

बैंक सम्म धाउन पर्ने झन्झटबाट मुक्ति दिलाउनसमेत आयोजना प्रभावकारी भएको छ (पौडेल, २०५६) ।

हिमालपारी मुस्ताङ्ग जिल्लाको एक गाउँमा स्थानिय कृषक जनताहरुले सहकारीको माध्यमबाट बारीको घाँस बेची एकजना कृषकले औषतमा सालभर ४००० जतिको घाँस व्यापारीलाई बेच्दा रहेछन् । त्यस गाउँमा एउटा सानो सहकारी संस्थाले गाउँका सारा सदस्यलाई समेटेर प्रत्येकको पारिवारीक आम्दानीमा वृद्धि गराउन सफल भएका छन् । यस्ता सम्भावनाहरु प्रशस्त छन् हाम्रो गाउँघरमा । मुख्य बालीबाहेक पनि कागती, केरा, पिडालु, मेवा, ओखर, अम्बा, कुभिण्डो, फर्सी, दालचिनी जस्ता दशौं थरीका चिजबीजको सहकारी बजार व्यवस्था मिलाई सहकारीबाट तिनको खेती विस्तार गर्दै सदस्यहरुको पारिवारिक आम्दानीमा सयौं रुपैयांको योगदान गर्न सकिन्छ (रेग्मी, २०६५) ।

देशको दिगो विकास हासिल गर्न एवं गरीबी हटाउन सहकारी संघ, संस्थाहरु गरीब जनताहरु र विशेष गरी महिलाहरुको सशक्तिकरण गर्दै तिनको स्वनियन्त्रण र आत्मनिर्भरताका लागि लघुवित्तको पहुँच विस्तार गर्ने कार्यक्रममा प्रभावकारी अस्त्र सावित भएका छन् । न्यून आय र गरीब व्यक्तिहरुलाई वित्तिय सेवा उपलब्ध गराउने कार्यमा सहकारी संस्थाहरुको लामो इतिहास रहेको छ । संयुक्त राष्ट्रसंघको अध्ययनले पनि यो बताउँछ कि ऋणमा उचित पहुँच, सुरक्षित र भरपर्दो बचत तथा वीमा सेवाहरु उपलब्ध गराएर ती संस्थाहरुले सदस्यहरुको सम्पत्ति सुरक्षा र तल्लो तहका वर्गको रोदन घटाउन सहयोग गर्दछन् । ऋण संघहरुले गरीब र न्यून आय भएका समुदायलाई लघुवित्त सेवाहरु पुऱ्याउन सक्दछन् । विशेष गरी महिलाहरुलाई लघुवित्तको सेवा दिने प्रावधानमा कृषकहरुको भूमिका अहम् छ । लघु व्यवसाय शुरु गर्न संसारभर वित्तिय सेवाहरुको पहुँचमा महिलाहरु सक्षम भएका छन् । जसले अन्तत्तोगत्वा तिनका बच्चाहरु स्कूलमा पढाउन, स्वास्थ्य हेरचाहमा पहुँच र घरवासका निम्ति तिनका परिवारलाई सक्षम तुल्याउदै जीवनस्तर सुरधार गरेका छन् । सदस्यहरुको इच्छा र आवश्यकताहरु एवं स्थानीय वातावरण सुहाँउदो नीति कार्यक्रमहरु पास गरी कार्यान्वयन गर्नका लागि सहकारी संस्थाहरुले उच्च स्थान राख्दछन् । जस्तो कि सहकारी संस्थाहरुले गरीवको वित्तिय एवं व्यवस्थापन सम्वन्धी निर्णय गर्न तिनीहरुलाई समावेश गराउने र सहभागिता सुदृढ गराउन सक्दछन् । त्यही समयमा तिनले उच्चदरको ऋण भुक्तानीलाई व्यवस्थित गर्ने जस्तो सामाजिक परिवेश सिर्जना गर्न सहयोग गर्न सक्दछन् । सहकारीताको आधारमा संचालित लघुवित्त संस्थाहरुले गरीबलाई तिनका स्रोतहरु वृद्धि गर्न सक्षम तुल्याउँछ ताकि

एउटा दिगो भविष्यका लागि रोजगार र उत्पादनमुलक लगानीका लागि यी प्रयोग गर्न सकियोस् । तल्लो स्तरमा पनि सहकारी संस्थाहरुको बचत सुरक्षा गर्न ऋणको भुक्तानि सुरक्षित गर्न सामाजिक र प्रजातान्त्रिक व्यवस्थापन पद्धति उपयुक्त छ । त्यसकारण सहकारी संघ संस्थाहरुले महिला र पुरुषलाई उपयुक्त वित्तिय समाधान उपलब्ध गराउँछन, जसले न्यून आय भएका देशहरु वा उच्च औद्योगिक देशहरुका जनताको जीवनस्तर सुधार तर्फ सामूहिक कार्य गर्न तिनलाई सक्षम तुल्याउँछन् (सहकारी प्रतिवेदन २०६२) ।

सहकारी विपन्न र पिछडिएका वर्गका लागि कोशेढुङ्गा सावित हुनपुग्छ भन्ने उदाहरण भारतको 'गम्भीरा' भन्ने ठाउँमा सन् १९५३ देखी संचालन हुँदै आएको एक सहकारी हो । संस्था शुरु हुनुभन्दा अघि बाढी आई उब्जाउ जमिन वालुवामा परिणत भएपछि त्यहाँका पूरै गाउँका किसानहरुले के खाऊँ, के लाऊँ भन्ने समस्याबाट ग्रसित भए । सोही अनुसार उनीहरुले यसको लागि सहकारीलाई यसको माध्यम बनाए । आफ्नो ३६ वर्षे कार्य अवधिमा यस संस्थाले विपन्न अवस्थामा रहेका २९१ किसानहरु जो मर्न न बाँच्नको दोसाँधमा थिए, तिनीहरुलाई सामूहिक खेती प्रणाली मार्फत आय आम्दानीका स्रोतहरु पहिल्याउन सफल भई गरीबीको रेखामाथि आउन सफल भएका छन् । सहकारीबाट आज नै भारतका महिला सहकारीकर्मीहरुले लिजर्ड पापड र अमूल डेरीको उत्पादन गरी विश्व बजारमा पुऱ्याउन सफल भएका छन् । यसबाट संलग्न महिलाहरुको सामाजिक एवं आर्थिक विकास माथि उठ्न सकेको छ (रा.स. विकास बोर्ड, २०६२) ।

विराटनगर १५ का महिलाहरुले सहकारीमार्फत (महिला क्षमता केन्द्र) ऋण लिई मसला उद्योगसँगै चनाको सातु, सर्वोत्तम पीठो, सिन्की, मरिचको धूलो, मेथीको धुलो जस्ता खाद्य वस्तुको उत्पादन गरी आफ्नो सामाजिक र आर्थिक अवस्था सुर्धानका लागि समयको सदुपयोग गर्दै अन्य थुप्रै महिलाहरुलाई रोजगारी दिन सफल भएका छन् ।

मोरङ्ग टंकी सिनबारीका ८७ जना महिलाहरु राजसती महिला बहुउद्देश्यीय सहकारी संस्थामार्फत दुग्ध व्यवसायमा लागि दुध विक्री गर्नुका साथै पनिर पनि उत्पादन गरेका छन् । त्यसै गरी सहकारीमा आबद्ध भएपछि धनकुटामा रहेको महिला बहुउद्देश्यीय सहकारी मार्फत महिलाहरुले ज्ञान लिई तरकारी खेती, उन्नत पशुपालनबाट अर्थोपार्जन गर्न सकेका र यसबाट घरमा महिलाबाट आय आर्जन हुनाले महिलाहरुले सम्मानजनक इज्जत पाएको र समाजमा हरेक समस्या छलफलबाट विकास गर्न समस्या समाधान गर्न सक्षम हुँदै गएका छन् (नारी मासिक पत्रिका, २०६२) ।

स्याङ्गजा पुतली बजार लगायत अन्य अर्जुन चौपारीका महिलाहरुले सहकारी मार्फत ऋण लिई पशुजन्य र तरकारी उत्पादनबाट वार्षिक थुप्रै रकम आम्दानी गर्न सफल भएका र यसले उनीहरुको आर्थिक र सामाजिक विकास भएको छ (गोरखापत्र २०६३) ।

सहकारी आन्दोलनको चरणमा नेपालले वि.सं. २०५४ देखी अन्तराष्ट्रिय मान्यता पायो । ICA- International Cooperative Alliance को सदस्यता प्राप्त गऱ्यो । आज वेलायतमा कृषि क्षेत्रमा सबैभन्दा ठूला फार्महरु छन् भने सहकारी क्षेत्रमा नै छन् । म्यानचेस्टर शहरमा कार्यालय भएको थोक विक्री सहकारी संस्था Cooperative Wholesale Society CWS सहकारीता भन्नु नै निम्न वर्गका अर्थात आम उत्पादक र उपभोक्ताले प्रत्यक्ष अप्रत्यक्ष उत्पादन, वितरण र व्यवस्थापनमा समान सहभागिता हो । पारदर्शिता, सहभागितामूलक र प्रजातान्त्रिक ढंगबाट निर्णय गरी प्रत्यक्ष फाइदा अर्थात सेवाका लागि सहकारी संघ संस्थाले काम गर्दछन् । सहकारी संस्थाहरु स्वयंसेवक, परस्पर सहयोग, व्यक्तिगत जिम्मेवारी, प्रजातन्त्र, समानता, स्वतन्त्रता र एकतामा आधारित हुन्छन् । सहकारी संस्थाका सदस्यहरुले नैतिक मूल्य, ईमानदारिता, खुलापन र सामाजिक दायित्वमाथि विश्वास गर्दछन् । यो न नाफा न घाटाको व्यवसाय हो । सेवामुलक हो तर निशुल्क होइन, आर्थिक व्यवसाय हो तर नाफामूलक होइन । सहकारी संघ संस्थामा आर्दश र सिद्धान्तलाई पालना गरेर लाग्ने हो भने ठूलो त्याग, समर्पण, ईमानदारिता र धैर्यता अवश्य चाहिन्छ । व्यक्तिगत लाभ आर्जनको इच्छा गर्ने मान्छे सहकारी आन्दोलनमा लाग्न हुदैन र लाग्दैनन् पनि । इजरायलमा कृषि र यातायात सम्पूर्ण सहकारीले चलाएको छ । जापनमा कृषि र सहकारी भिन्न भएको एकजनासम्म कृषक छैन, कोरिया र जापनमा सहकारी क्षेत्रमा महाविद्यालय, विश्वविद्यालय र प्रशस्त तालिम केन्द्रहरु छन् । भारतमा दुध, चिनी, नुन, खाद्यन्न, मल, फलफूल, माछा, कुखुरा सहकारी संघ संस्थाबाट उत्पादन, प्रशोधन तथा वितरण गरेका छन् र सहकारीको पूर्ण, अनुदान, सहुलियतपूर्ण ऋणमा हिस्सेदार छ । एउटा सुगरमिलमा हजार होइन लाखौं लाख सदस्य छन् र प्रत्येक सदस्यले प्रत्यक्ष  सेवा पाएका छन् र तिनीहरुको जीवनस्तर उठेको छ । सरकारले गरीबी निवारण गर्नु छ वा रोजगारीको अवसर दिनु छ वा ग्रामीण विकास गर्नु छ भने सहकारी क्षेत्रको माध्यमबाट मात्र यो सम्भव छ । यस्ता कामहरु २,४ वटा मात्र थालेको १० वर्षमा देशको अवस्था आकाश पातालको अन्तर हुनेछ (बास्कोटा, २०६२) ।

मुक्त कमैया सहकारी कार्यक्रममार्फत आफ्नो जीवन शैली परिवर्तन गर्न लागि परेका छन् । जीविकोपार्जनका लागि सहकारी कार्यक्रम भन्ने मूल नारा बनाएका मुक्त कमैयाहरु २०६१ सालमा

स्थापित विजय सहकारी संस्थामा ४७९ घरपरिवार आवद्ध भई बचत गर्दै विभिन्न आयआर्जन र बचत कार्यक्रम गर्दै आएका छन् । आफ्नो सामूहिक खेती र बचत परिचालन सफल भएपछि उनीहरुले दैनिक उपभोग्य वस्तु किन्न सहकारी पसल शुरु गरेका छन् । डेढ विघा जग्गामा तरकारी र साढे चार विघामा धान खेती गरी आयआर्जनको स्रोतको माध्यम बनाएका छन् (गोरखापत्र, २०६३) ।

सधैजसो चुलो र चौकामा सिमित रहने गरेका पर्वत शिवालय गा.वि.स. का सिमित महिला संगठित भई आयआर्जन तर्फ सक्रिय हुन थालेपछि उनीहरुको जीवनयापनमा सहजता आएको छ यहाँ स्थित प्रगति महिला विकास बचत तथा ऋण सहकारी संस्थामा आवद्ध भई सुलभ व्याज दरमा ऋण प्राप्त गरी सानो सानो उद्यम संचालन गर्न पाएपछि उनीहरुको जीवनयापनमा सहजता आएको हो । आफैले स्थापना गरेको महिला विकास सहकारी संस्थाबाट ऋण प्राप्त गरेपछि यहाँका महिलाहरुले सिलाइ बुनाइ, भैंसीपालन, बाखापालन, बंगुरपालन, होटल व्यवसाय तथा खुद्रा पसल जस्ता व्यवसाय संचालन गरी आय आर्जन गरेका छन् । संस्थाकी सदस्य मिठु पौडेलसंग संस्थाबाट ऋण लिई होटेल व्यवसाय गरी सोही व्यवसायबाट आफ्नो सम्पूर्ण परिवार पालिएको अनुभव छ । राधिका पुरीले २५,००० ऋण लिई खुद्रा पसल गरेकी छन् । सहकारीबाट महिलाहरु आयमूलक क्रियाकलापमा सहभागी भएपछि उनीहरुको निर्णय क्षमतामा समेत विकास भएको महिला विकास सहकारी संस्थाकी अध्यक्ष सरस्वती भण्डारी बताउछिन् (गो.प. २०६३) ।

मोरङ्ग जिल्ला बेलबारी ४ की धनमाया सयपत्री नामक सहकारीमार्फत आफ्ना सदस्यहरु सहित सामाजिक क्रियाकलापमा सक्रिय भई लागेकी छन् । संस्थासंग सम्वन्धीत सबै सदस्यहरुले आर्थिक कारोवार गर्नुदेखी लिएर बैकिङ्ग प्रक्रियासमेत जान्ने मौकाहरु पाउँदै गए । वैंकभित्र छिर्न नसक्ने महिलाहरु आज बैंकका प्रवन्धकहरुसंग छलफल गर्नुका साथै बचत परिचालन कसरी गर्ने र संकलित रकमलाई कसरी लगानी गर्ने भन्नेबारे छर्लङ्ग भएका छन् । यसरी घरभित्र मात्र सिमित भई बसेका महिलाहरु आर्थिक संकलन गर्नेदेखी व्यवसायमा लगानी गर्नेसम्मको काममा व्यस्त हुन थाले । संस्थामार्फत विभिन्न तालिमहरु पाएपछि महिलाहरुमा केही गरौ भन्ने भावना र आत्मविश्वास बढेको र सदस्य धनमाया सहकारीमा आवद्ध भएपछि राजनीतिमा पनि सक्रिय भई मोरङ्ग बेलबारी ४ की निवर्तमान महिला सदस्य भइ काम गरिन् (श्रेष्ठ, २०५९) ।

हिमाल पावर लिमिटेडले निर्माण गरेको ६० मेगावाटको खिम्ति जलविद्युत आयोजनाको निर्माणका क्रममा स्थानिय बासिन्दाका लागि खिम्ति जलविद्युत आयोजनाले खिम्ति ग्रामीण सहकारी

लिमिटेड जो एक मात्र विद्युत सहकारी हो । यस सहकारीसंग आफ्नै पावर प्लान्ट छ जुन झाक्रे लघु जलविद्युत आयोजनाको संचालनका लागि बनाइएको हो । नेपालका अरु विद्युत सहकारीसंग त्यो छैन् खिम्ति जलविद्युत आयोजनका पूर्व प्लान्ट म्यानेजर खड्ग बहादुर विष्टको मेहनतको परिणाम हो यो । सहकारी ६२० किलोवाट क्षमताको झाक्रे जलविद्युत आयोजनाको व्यवस्थाापन तथा संचालन यसैले आफै गर्दछ । २६ जना स्थायी कर्मचारी रहेको यस सहकारीले दोलखा र रामेछापका १० गाउँ विकास समितिका ४५०० घरमा अविच्छिन्न विद्युत सेवा पुऱ्याइरहेको छ, नतिजा यी गाउँलेहरुले लोडसेडिङ्गको सामना गर्नु परेको छैन । मुलुकका गाउँगाउँमा यसरी लघु जलविद्युत आयोजना बन्ने हुन् भने गाउँलेहरुले बाह्रै महिना बाह्रै काल उज्यालो देख्न पाउँथे ( हुमागाई, २०६३) ।

घरमा खाना पकाउने, सासु ससुराको सेवा गर्ने, यति मात्र होइन, गाउँमै खोलिएको बचत समूहको काम उनैले भ्याउनु पर्छ । ५२ जना महिलाको शेयर रहेको जागरुक महिला बहुउद्देश्यीय बचत समूहको सचिव भएकाले संस्थालाई पनि समय दिनै पऱ्यो । सीतापुर बाँकेकी दिलमाया वि.कलाई यति बेला भ्याई नभ्याई छ । यति धेरै काम एक जनाले भ्याउनु चानेचुने काम होइन तर सम्भव बनाएका छन् यहाँका महिलाले । सबैभन्दा ठूलो कुरा इच्छा हुनुपर्छ दिलमायाले सुनाइन् तर परिवारबाट सहयोग पाउन जरुरी हुन्छ । गाउँमै जागरुक महिलाले १४ वटा समूह विस्तार गरेका छन् । समूहका महिलाहरुलाई सीपमुलक तालिम उनीहरु आफैले संचालन गर्दै आएका छन् । समूहबाट ऋण लिँदा १०० को २ प्रतिशत लिने व्याजबाट उनीहरुलाई सीपमूलक तालिमको व्यवस्था गरिएको हो । गाउँमा बाटो निर्माण र प्रतिक्षालय निर्माणमा पनि उनीहरुको लगानी छ । २२ जना महिला एकजुट भइ दुग्ध डेरी चलाएका छन् । एक जना महिलाले ५०५ रु. लगानी गरी चलाएको डेरीले गाउँभरलाई सहयोग पुग्दछ, त्यसबाट आर्जित रकमबाट घरघरमा शौचालय निर्माणका साथै विकासे चुल्हो निर्माण गरिरहेका छन् । शौचालय निर्माण गर्दा चाहिने रिङ्ग उनीहरु आफै बनाउँछन् । शौचालय बनाउँने घरले १००० को शेयर किने पुग्दछ । समूहकी नुमा महतारा भन्छिन् महिलाले के गर्न सक्दैनन् भन्नेहरुको घरमा पनि शौचालय निर्माण भएका छन् । कुरा गरेर हुँदैन काम गर्न सक्नुपर्छ । त्यतिमात्र होइन, खाना पकाउँदा निस्कने धुँवाले महिलाको स्वास्थ्यमा पार्ने प्रतिकुल असर कम गर्ने उपाय पनि उनीहरुले निकालेका छन् । माटाको विकासे चुल्हो बनाई उनीहरुले घरघरमा वितरण गर्नुका साथै छिमेकी गाउँले महिलाहरुलाई विकासे चुल्हो बनाई सीप सिकाई रहेका छन् । यस गाउँमा दिलमाया र नुमा जस्ता धेरै जागँरिला महिलाहरु छन् । उनीहरुले गाउँमै निर्धन उत्थान बैंक संचालन गरेका छन् । २ दर्जन बचत समूह, कुखुरा पालन समूह, दुध

डेरी, माछा पालन, तरकारी खेती समूह बनाई आर्थिक विकृतिबाट जोगिएको छ । आवश्यक परेको बेलामा घरखर्च टार्न र व्यवसाय गर्न पनि मद्दत पुऱ्याएको छ । त्यही समूहबाट पैसा लिई सावित्री थापाले कुखुरा पालन गरेकी छन् । नन्दा पुनले खाजा पसल चलाएकी छन् । धनसरा पुनले बाख्रा पालन गरेकी छन् । तरकारी खेती गरिएको छ । सबै आयआर्जनको बाटो तर्फ अग्रसर भएका छन् । ३० जना महिलाहरु प्रत्येक महिला रु ५० का दरले उठाएर २ लाख ५० हजार जम्मा गरेपछि जनजागृति महिलाको नामबाट समूह गठन गरिएको हो । समूहबाट २५००० सम्म ऋण दिँदा कुनै धितोको आवश्यकता पर्दैन । घरको कामबाट बचेको समयलाई सदुपयोग गरेको कारण यहाँका महिलाहरुले यस्ता सिर्जनशिल कामलाई निरन्तरता दिन सकेका हुन । त्यसै बसेर समय खेर फाल्नु भन्दा संस्था वा समूहमा बसेर काम गरे आफ्नो मात्र होइन, गाउँलाई समेत फाइदा पुग्ने विश्वास उनीहरुमा छ । यहाँका जाँगरिला महिलाहरुको सफलताको सिको गर्दै गाउँका पुरुषहरु पनि लक्ष्मी कल्याणकारी बचत समूह गठन गरी खडा भएका छन् । संस्थाका अध्यक्ष टीकानाथ योगी भन्दछन् वास्तवमा पुरुषहरुभन्दा महिलाहरु बचततर्फ बढी संवेदनशील हुन्छन् । हामीले पनि उनीहरुको सिको गर्दै बचत खडा गरेका हौं (थारु २०६३) ।

डडेल्धुरा र डोटी जिल्लाका महिलाहरुले आयआर्जनका लागि तरकारी खेती गरेका छन् । उनीहरु १० वर्षका ग्रामीण, महिलाहरुभन्दा केही फरक देखिन्छन् । अधिकांशका सफा लुगा, गोडामा चप्पल, गलामा नौगेडी, हसिला अनुहार एवं प्रफुल्ल थिए । उनीहरुले समूहमा आवद्ध भई तरकारी खेतीबाट वार्षिक ५५००० रु सम्म आम्दानी गरेका छन् । आम्दानीलाई पुरुषहरुले मनोमानीरुपमा खर्च गरेपनि समाजमा रहेको पितृसत्तात्मक सोच पीपलको जरा झैँ गाडिए पनि हामीले हरेश खानु हुँदैन । निराश भएर पाइला रोक्नु भनेको त अपाङ्ग भएर बाँच्नु जस्तै हो भन्दै उनीहरुले आफ्नो स्थितिमा आफैले सुधार ल्याउने हिम्मत सुनाए । सिंचाईको मात्र व्यवस्था भए हामी उद्यम गरेर देखाइदिन्थ्यौ । उनीहरुका अनुसार तरकारी खेतीबाट हामीलाई धेरै राम्रो भएको छ, परिवारले सागसब्जी खान पाएका छन्, बेचेर पैसा आएको छ । उनीहरुको आफ्नै सहकारी छ । प्रत्येक सदस्यले सहकारीमा मासिक रु. १५ बचत गरेका छौं । समूहका सदस्यलाई ठूलो काम गर्न पैसाको खाँचो परेमा कम ब्याज दरमै ऋण झिक्न पाइन्छ, समूहमा बसेकाले ज्ञानगुनका कुरा सिक्न पाइन्छ । भागेश्वरी समूहकी अध्यक्ष मनु सार्कीले तरकारी खेतीबाट वार्षिक रु. ५५००० आम्दानी गर्ने गरेको बताइन् । यही आम्दानीबाट उनले डंडेल्धुरामा पक्की घर बनाएकी छन् र छोराछोरीलाई स्कूल पठाउन सक्षम भएकी छन् । यिनको जस्तो स्थिति आफ्नो बनाउन महिलाहरु उत्साहित छन् । यिनको समूहका महिलाहरुले आफ्नो सहकारीमा ६५००० बचत गरिसकेका छन् । समूहले आफ्नै

श्रम र आम्दानीबाट टोलमा खानेपानीको धारा बनाएका छन् । मनु सार्कीको अनुभवमा नारीलाई आर्थिक रुपले सक्षम बनाउन सके आधारभूत आवश्यकताको परिपूर्तिमा उनीहरु अग्रसर हुन्छन् । यसले महिलाहरुमा स्वतः अगाडी बढ्ने हिम्मत पनि बढाउँछ । यसरी सामान्य व्यवसायिक सीप र मौका उपलब्ध गराइँदा पनि महिलाको स्थितिमा सुधार आउन सक्दोरहेछ (शर्मा, २०६४) ।

डेढ दशकदेखी खुलेको सहकारी संस्थाले गर्दा कास्कीको पुरञ्चौरका गाउँलेको जीवस्तर नै परिवर्तन भएको छ । महिनाभरि मेलापात र खेतलाको काम गर्ने र एक दिनको ज्याला रु. २५ बचत जम्मा गने गरी शुरु गरिएको यो सहकारी अहिले गाउँमै २ करोडभन्दा बढीको कारोबार गर्न सफल भएको छ । किसानका यत्रतत्र छरिएर रहेको नगन्य रुपैँयालाई एकीकृत गरी घर खर्च टार्ने उद्देश्यले ६८ जना शेयर सदस्यले एक एक सय रुपैयाँ उठाएर २०५० सालमा सुरु गरेको यस सहकारीमा हाल एक हजार शेयर सदस्य छन् । सहकारीको शेयर लिने महिला  पुरुष बराबरी छन्, ऋण दिएर साहू वन्ने मुखिया र सामन्तीको अन्त्य भएको छ । सहकारीका संस्थापक सदस्य भानुभक्त पौडेलले भन्नुभयो, २, ४ पैसा बचत गर्ने, व्यवसायिक काम गर्न ऋण लिने गाउँलेलाई भरपर्दो बैंक बनेको छ, जनसेवा सहकारी । गाउँकै भारती भवन मा.वि. को कक्षाकोठाबाट कारोबार सुरु गरेर हुर्किएको सहकारी उत्कृष्ट र अनुकरणीय कार्य गरी सहकारी विकासमा सहयोग गरेवापत राष्ट्रिय पुरस्कारसमेत हात पारिसकेको छ । कास्की जिल्लामा नै स्थापना भएको जिल्ला सहकारीपछिको पहिलो बचत र ऋण सहकारीले खेती किसान र सामान्य व्यवसाय संचालन गर्ने मात्र नभएर डाक्टर, इन्जिनियर पढ्न चाहने, रोजगारका लागि विदेश जान चाहने गाउँले युवादेखी ठूला-ठूला उद्योग धन्दा संचालनका लागि समेत ऋण दिने गरेको छ । भिसा हेरेर वार्षिक १० जनालाई वैदेशिक रोजगारीका लागि इन्जिनियर, डाक्टर पढ्नेलाई समेत ऋण दिन्छौ भनी सहकारीका संचालक नारायण रेग्मीले भन्नुभयो । सानातिना घरायसी खर्चदेखी चार्डपर्व, विहेवारी र व्यवसाय गर्न सदस्यहरु ऋण लिनको लागि सहकारीमा आउने गरेको उहाँले जानकारी दिनुभयो । ऋण लिएर धेरैले कृषि पेशा नै गर्दै आएको, तरकारीबाट मनग्ये आम्दानी गर्ने धेरै भएको तथा वार्षिक २०/२५ हजारदेखी डेढ/दुई लाखको आम्दानी गरेको पाइयो । सहकारीबाट ऋण लिएर विगत तिन वर्षदेखी स्थानीय तेज बहादुर अधिकारीले कुखुरा व्यवसाय गर्दै आएका छन् । गाउँमा व्यवसायिकताको वृद्धि भएको छ । किनारा पसल खोल्नेदेखी मिल चलाउने, छोराछोरी बोर्डिङ्ग पढाउने सबैले सहकारीको ढोका ढकढक्याउँछन् । सहकारीले साच्चिकै गाउँले जीवस्तर परिवर्तन भएको हो  (पोखेल, २०६४) ।

सहकारी प्रतिवेदन २०६२ का अनुसार सहकारी संस्था मार्फत् जनसमुदायमा विभिन्न सेवा पुऱ्याउने, राष्ट्रको सामाजिक तथा आर्थिक उत्थानमा जनसहभागितामूलक काम गर्न नेपाल सरकारले सहकारी क्षेत्रको उपयोग गर्न सक्छ । अन्तराष्ट्रिय सहकारी महासंघले सन् २००५ को नारामा "लघुवित्त हाम्रो व्यवसाय गरीबी निवारणमा सहकार्य" भनेको छ र श्री ५ को सरकारले दशौं योजनामा गरीबी निवारणका लागि सहकारी एक उपयुक्त माध्यम हुने स्वीकारेको र कृषि नीति २०६१ मा पनि सहकारीलाई उल्लेख्य भूमिका प्रदान गरेको छ । सहकारी संस्थाको मुख्य उद्देश्य सदस्य र समुदायको प्रक्रिया सबैभन्दा उपयुक्त भएकाले यी सबै पक्षको लागि उपयोगी हुन्छ । त्यसैले राष्ट्रको आधाभन्दा बढी जनसंख्या ओगटेका महिलाहरुको विकासमा सहकारीले पुऱ्याउन सक्ने योगदानलाई दृष्टिगत गर्दै महिला सशक्तिकरणको लागि महिलाहरुमा सहकारी सम्वन्धी ज्ञान, चेतना अभिवृद्धि गर्न महिलाहरुका निम्ति छुट्टै सहकारी शिक्षा तालिमको कार्यक्रम राखिएको सहकारीमार्फत् महिला सशक्तिकरण लगायत सम्पूर्ण कार्यहरु प्रभावकारी रुपमा गराउन राष्ट्रिय सहकारी संघमा महिला समिति गठन गरिएको छ ।

जमिनको सीमितता भएको हाम्रो जस्तो देशमा सहकारी संरचनाको माध्यमबाट ठूलो पुँजी संकलन गर्न सकिन्छ । हालैका वर्षहरुमा तनहुँ, चितवन, काभ्रे, सिन्धुपाल्चोक लगायतका जिल्लाका अनेक गा.वि.स. हरुमा पशु विमा सहकारी संस्थाहरु खुलेका छन् । किसानले थालेका यस्ता पशु वीमा सहकारीले एउटा भैँसी मर्दा घरबारी नै समाप्त हुने खतरा सामना गर्न नसकी भैँसी पाल्न आँट गर्न नसक्ने किसानलाई भरथेग गरेको छ । पशुपालन व्यवसायहरुले फलफूल, तरकारी उत्पादन र मौरीपालनसमेत कार्य संगसँगै गर्न सक्ने र क्रमशः अन्य कुटिर उद्योग, साना उद्योग र पशुपालन तथा कृषि क्षेत्रका उत्पादन सहायक उत्पादनमा प्रवेश गर्नसक्ने आधार बन्दै जान्छ । यसले सिंगो देशको औद्योगिक तथा व्यापार क्षेत्रको विकासका लागि कच्चा पदार्थ उत्पादन तथा उपभोग क्षमता भएका जनसमुदायको सिर्जना गर्न सक्दछ । हाम्रो जस्तो देशमा सबैखाले सहकारीको आवश्यकता र सम्भावना छ । सहकारीले जति व्यापकता लिर्दै जान्छ त्यति मात्रामा गरीबी निवारण र रोजगारीको सिर्जना सक्छ । यसले आर्थिक आधारमा नै प्रजातान्त्रिक संस्कार, संस्कृति र व्यवाहारलाई बलियो बनाउँछ । अप्रजातन्त्रिक, अपारदर्शी र शोषण मनोवृत्तिलाई विस्थापित गर्न सहयोग गर्दछ । (बडाल, २०६२) ।

सहकारीबाट महिलाहरु निम्नानुसार प्रत्यक्ष रुपमा लाभान्वित हुँदै गइराखेका छन् । ( कोइराला २०६३ : पृष्ठ १५)

- सहकारीताको माध्यमबाट महिलाहरु घरबाट बाहिर निस्कन सफल भएका छन् ।

- सहकारीबाट महिलाहरुले उद्यमशीलताको विकास गर्न सफल भएका छन् ।
- महिलाहरु प्रत्यक्ष रुपमा स्थानीय सीप र स्रोतका आधारमा आयआर्जन गर्न सफल भएका छन्, जसले गर्दा भावी सन्तति र छोराछोरीबीचको विभेद कम हुँदै गएको छ ।
- महिला उपर गरिने हिंसामा केही कमी आएको छ ।
- महिलाहरुमा सहकारीको अभ्यासबाट आत्मबल वृद्धि हुनुका साथै क्षमता अभिवृद्धिका कारण समाजका हरक्षेत्रमा अवसरका लागि प्रतिसपर्धा गर्न सक्ने भएका छन् ।
- महिलाहरुले प्राप्त गरेको आयलाई वास्तिविक खर्चमा मात्र मितव्ययिता अपनाउँदा बचतको क्षमतामा वृद्धि हुन गई राष्ट्रिय आयमा समेत टेवा पुऱ्याएको छ ।
- सहकारीताको माध्यमद्धारा महिलाहरु घर परिवार र समाजको विश्वास आर्जन गर्न सफल भएका छन् ।
- महिलाहरुमा सहकारिताको आधारले निर्णय क्षमतामा विकास भएको छ ।

गाउँका महिलाको सामूहिक प्रयासबाट पायक पर्ने स्थान छनौट गरेर वोडिङ्ग स्कुल सञ्चालन गरेका छन् । हेटौडा पदन पोखरी गा.वि.सका महिलाद्धारा सञ्चालन ८ सहकारी संस्थाले संयुक्त लगानी गरेर यसै शैक्षिक सत्र २०६५ देखी गाउँमै स्कुल सञ्चालन गरेका हुन् । गा.वि.स. मा प्राथमिक तहदेखी उच्च मा.वि. सम्म छन् । यिनीहरुले स्तरीय शिक्षा दिन नसकेकाले सबै सहकारी संस्था संलग्न समिति गठन गरी बोडिङ्ग शुरु गरेको सञ्चालिका कान्छीमाया थिङ्गले बताइन । ती सहकारीले १० लाख रुपैयाँको लगानीमा फ्यामकोल एकेडेमी स्कुल सञ्चालन गरेका छन् । १ कक्षा देखी ४ कक्षासम्म पढाइ हुने विद्यालयमा २६५ विद्यार्थी अध्ययनरत छन् । सहकारी संस्थाले संचालन गरेको उक्त विद्‌यालयमा मासिक शुल्क अत्यन्त न्यून छ । गरीबलाई निशुल्क पढाउने गरिएको छ । कमाउने उद्देश्यले भन्दा पनि गाउँका बालबालिकालाई गुणस्तरयुक्त शिक्षा दिने उद्देश्यले स्थापना गरेकाले भर्ना शुल्क कम छ । स्कुलको पठनपाठनमा राम्रो गरेकाले र मासिक शुल्क पनि सस्तो भएकोले पहिलो वर्षमै विद्याथीको चाप अटाइनअटाइ भएको छ । महिलाद्धारा सञ्चालित सहकारीले जिल्लामा स्कुल संचालन गरेको यो पहिलो हो । (कान्तिपुर २०६५)

सहकारीको जन्म समस्या र संकटको बेला संकट मोचनका लागि हुने गरेको पाइन्छ । प्रोफेसर अमर्त्य सेनले भनेका छन् । “अकाल, वस्तु उत्पादनको न्यूनताका कारण मात्र हुँदैन, उत्पादित वस्तुमाथि उत्पादनमा भाग लिने संकटग्रस्त समुदायको अधिकार रहने भने विकराल

अकाल हुनसक्दछ । हजारौं टन अन्न भण्डारकै छेउछाउमा अन्नको दाना नपाएर भोकभोकै मरेका लाशहरुको लस्कर बंगालमा मैले देखेको छु ।" सामाजिक न्यायका लागि, उत्पादकत्व वृद्धिका लागि, दीगो विकासका लागि, आधारभुत तहका जनतामा आर्थिक क्षेत्रमा लोकतन्त्र स्थापित गर्नका लागि सहकारी महत्वपूर्ण आर्थिक आधार हुने गर्दछ (वडाल केशव -२०६२) ।

एजुकेटेड वुमन गभरमेन्द इम्प्लोइमेन्ट (अ केस स्टडी अफ पोखरा सब मेट्रोपोलिस एण्ड कास्की डिस्ट्रिक्ट डेभलपमेन्ट कमिटी अफिस) भन्ने विषयमा गरिएको अध्ययनले सरकारी सेवामा पुरुषको तुलनामा एक चौथाईभन्दा पनि कम मात्रामा महिलाहरुको संख्या रहेको त्यसमा पनि अधिकृत तह वा निर्णयक तहमा महिलाहरुको संलग्नता झनै कम रहेको उल्लेख गर्नुभएको छ । साथै  शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार लयाउने निचोड आएको छ (ढकाल, मीरा, सन् २००७) ।

सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दीपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहु भन्ने शीर्षकमा गरिएको अध्ययनमा जागिरे महिलाहरुको शैक्षिक स्तर कम भएकाले तल्लो तह र अस्थायी पदमा रहेका छन् । अधिकांश महिलाहरुले कार्यालय र घरको गरी दोहोरो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरु सबैजनाले महिलाको सामाजिक र आर्थिक स्थितिलाई उकास्नका लागि महिला शिक्षालाई नै महत्वपूर्ण तरीकाले जोड दिएको कुरा निचोडमा आएको छ  (पिया रसिया, सन् २००७) ।

सोसीयो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर (अ सोसीओलोजिक स्टडी अफ भदोरे तामागी भी.डी.सी. कास्की) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरुको सामाजिक र आर्थिक अवस्था गरीब र शोषित भएको पाइन्छ । प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा महिलाको वढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरु बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरुले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरुलाई निर्णय प्रक्रियामा संलग्न गराइदैंन भने अर्कोतिर महिलाहरु अझै पनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउँछन् । उनीहरु विभिन्न आधारमा सामाजिक र आर्थिक रुपमा शोषित छन् । पुरुषहरु कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरु पुरुषको तुलनामा वढी काम गर्छन तर पनि उनीहरु समाजमा कम आर्थिक महत्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छ  (गुरुङ्ग, सन् २००७) ।

नेपालमा महिलाहरुको अवस्थाको बारेमा मीना आचार्यले परमपरागत नेपाली समाजमा जात, वंशज र पारिवारीक अवस्थाले गर्दा महिलाहरुको सामाजिक सम्वन्ध तथा अन्तक्रियामा शोषण गरिरहेको छ । यस्ता तत्वहरुले गर्दा महिलाहरुको अवस्था समाजपिच्छे फरक फरक रहेको छ (आचार्य : सन. १९८१, साभार, कोइराला, १९९७) ।

नेपाली महिलाहरुको अवस्था विकसित मुलुकको भन्दा दयनीय छ । एक्काइसौं शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रुढीवादी परम्परा, अशिक्षा, गरीबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरु पछाडी परेका कारणहरु हुन् (उप्रेती १९८०) ।

**पूर्व साहित्य समिक्षाको निचोड / सैदान्तिक समालोचनको निचोड**

यीनै विभिन्न सन्दर्भ साहित्यहरुको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुषबीचको भेदभावलाई सामजले कसरी हेरेको छ भने समाजले हेर्ने दृष्टिकोणको विश्लेषण गरिएको पाइएको छ । महिलाहरुको शैक्षिक स्तर अझै पनि सोचे जति उकास्न सकिएको छैन । त्यसैले अगाडी प्रस्तुत गरिएका साहित्यहरुमा महिलाले गरेका कार्यहरुको बारेमा केही प्रस्ट्याउन खोजेको पाइन्छ । विशेष गरी महिलाको आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय संचालन गरी तिनीहरुको आर्थिक स्तर उकास्न खोजिएको भन्ने भनाइहरु पाउन सकिन्छ । महिलाहरुले बचत तथा ऋण सहकारी संस्था खोल्ने, बचत संकलन गर्ने, ऋण प्रदान गर्ने ऋण लिएर विभिन्न पेशाहरु सञ्चालन गरी त्यसबाट मनग्ये फाइदा कमाएको पाइएको छ । सहकारीको माध्यमबाट साना जल विद्युत आयोजनाको निर्माण गरी विजुलीको सुविधा लिएको पाइएको छ । सामूहिक खेतीपातीको व्यवस्था गर्नेदेखी लिएर महिला हितको लागि विभिन्न कार्यक्रम गर्ने गरेको पाएको छ । यस्ता क्रियाकलाप गरी महिलाहरुले आवश्यक फाइदाहरु लिएको भएतापनि समग्रमा त्यसबाट महिलामात्र लाभान्वित नभई अप्रत्यक्ष रुपमा पुरुष पनि लाभान्वित भएको पाइएको छ ।

सहकारीको माध्यमबाट महिलालाई सक्षम बनाउन खोजे पनि पुरुषको तुलनामा अझै पनि महिलाहरु कमजोर भएको र त्यसको लागि पुरुष सरह महिलालाई पनि सक्षम बनाउन उपयुक्त शिक्षाको व्यवस्था गर्न, चेतनामुलक तालिमको व्यवस्था गर्न, व्यवहारीक शिक्षा प्रदान गर्ने, कृषि सम्वन्धी तालिमको व्यवस्था गर्ने व्यवसायसम्वनधी तालिम दिई उनीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिमा परिवर्तन ल्याउन सकियो भने मात्र समाजको विकास हुन्छ । तब मात्र राष्ट्र निर्माणमा सहयोग पुग्न सक्दछ भन्न सकिन्छ । कुनै पनि तहको जागिर तथा पेशा व्यवसायमा महिलाहरुको पहुँच पुग्न सकेको छैन। जब शिक्षाको दर पुरुषको हाराहारीमा आउँछ, तबमात्र

महिलाहरु पनि पुरुषसरह जुनसुकै काममा पनि अगाडी बढ्न सक्दछन । आर्थिक रुपमा सबल भएमात्र महिलाको स्तर वृद्धि हुनसक्छ । त्यसैले आजको परिवेशमा सहकारी संयन्त्र हो, जसबाट महिलाहरुले सहकारीताको माध्यमबाट आर्थिक तथा सामाजिक एवम् सांस्कृतिक क्षेत्रमा विकास गर्न सक्छन् ।

यस शोधपत्रमा महिलाद्धारा महिलाको निमित्ति गरिएका प्रयत्नहरु र पुरुष मात्र होइन महिलाहरु पनि सक्षम छन् भन्ने भनाइबाट जेन्डर दृष्टिकोण आकर्षित भएको छ । साथसाथै महिलाहरुको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको दृष्टिकोणबाट प्रष्ट पार्न खोजीएको छ र यसै सिद्धान्तलाई अवलम्वन गरी शोधपत्र तयार गरिएको छ। यो अध्ययनमा महिलाहरुले कसरी आर्थिक तथा सामाजिक पक्षमा जोड दिए र महिलाहरुको आर्थिक सामाजिक अवस्थामा परिवर्तन ल्याउन सकेका छन् भन्ने विषयका साथै सांस्कृतिक रुपमा आफूलाई कसरी व्यवस्थापन गर्न सके भनेर विश्लेषणात्मक रुपमा विश्लेषण गरिएको छ । यस शोधपत्रमा जेन्डर दृष्टिकोण र मार्क्सवादी सद्धिान्तबाट साथसाथै महिलाहरुको आर्थिक अवस्थामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययनलाई प्रष्ट पार्न खोजिएको छ र यसै सिद्धान्तलाई प्रयोग गरी शोधपत्र तयार गरिएको छ। यो अध्ययनले महिलाहरुले आर्थिक पक्षमा जोड दिनका लागि स्वयम् आफै सहकारीमा लागेर कसरी सक्षम तथा आत्मनिर्भर हुन सकिन्छ भन्ने कुरा व्यक्तिगत अध्ययनबाट पनि देखाउछ र सहकारीमा लाग्नु अगाडी र लागेपछि के कस्ता परिवर्तन आए भनेर तिनीहरु यर्थाथ बुझ्न पाउनु नै यस अनुसन्धानको फरक पक्ष हो ।

# अध्याय तीन

## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्रको छनोट र औचित्य

यस अनुसन्धानको क्षेत्र लेखनाथ नगरपालिका वडा नं. ८ मोहरियामा अवस्थित शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिलाहरुको आर्थिक, सामाजिक अवस्थालाई हेर्न खोजिएको छ । यस क्षेत्रमा महिलाहरुले गरेको कार्यको कुनैपनि क्षेत्रबाट अध्ययन अनुसन्धान नभएको हुनाले यस सहकारी संस्थालाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यस अध्ययनको परिणामले आउदा दिनहरुमा महिलाहरुको आर्थिक सामाजिक अवस्थाको बारेमा समाजशास्त्रीय अध्ययन गर्नु यसको औचित्य रहेको छ ।

### ३.२ समग्रता र नमूना छनोट विधि

यस अनुसन्धानमा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ, जसले महिलाहरुको आर्थिक, सामाजिक र साँस्कृतिक स्थितिको बारेमा गहन अध्ययन गर्न सघाउ पुगेको छ । यस अनुसन्धानको अध्ययन क्षेत्रका कूल २५० जना सदस्यहरु मध्ये उद्देश्यमूलक रुपमा मूल्याङ्कनको आधार तथा गहन अर्न्तवार्ता विधिको माध्यमबाट विभिन्न चरहरुको आधारमा २० जना उत्तरदाता छानिएको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वित्तिय श्रोत दुवैबाट अनुसन्धान गरिएको छ । सहकारीमा महिला सहभागिता र शिशुवा महिला तथा बचत ऋण सहकारीले संलग्न महिलामा पारेको आर्थिक अवस्थामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन गरिएको छ । तथ्याङ्क संकलनका लागि सहकारी मासिक प्रतिवेदनहरु, सहकारी सन्देश, सहकारी संवाद, सहकारी सम्वन्धी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट प्रकाशित विभिन्न पुस्तकहरु लगायतका प्रतिवेदन तथा स्मारिका एवं सहकारी समवन्धि विभिन्न प्रत्रपत्रिकामा लेखिएका लेखहरुबाट समेत तथ्याङ्क संकलन गरिएको छ ।

**क) प्राथमिक श्रोत :**

प्राथमिक श्रोत बढि वास्तविक र व्यवहारिक हुने भएकोले अनुसन्धान कार्य बढि प्रभावकारी हुनेछ । यस अनुसन्धान कार्यमा अवलोकन, सामूहिक छलफल आदिबाट प्राप्त विवरण जानकारीहरु प्राथमिक श्रोतको रुपमा रहेकाछन् ।

**ख) द्वित्तीय श्रोत**

स्वदेशी तथा विदेशी, समाजशास्त्रीय, म [illegible]शास्त्रीय, अर्थशास्त्रीय इतिहासकार तथा विभिन्न संघसंस्थाहरुबाट प्रकाशित पुस्तक, लेख, रचना, जर्नल, शोधपत्र, प्रतिवेदन आदिको प्रयोग भएको छ ।

**३.४ तथ्याङ्क संकलनमा प्रयोग भएका विधिहरु**

यस अध्ययनमा उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि अवलोकन, प्रत्यक्ष, व्यक्तिगत तथा समूहकेन्द्रित छलफल, व्यक्तिगत अध्ययन जस्ता उचित विधिहरु अपनाई आवश्यक तथ्य र सूचनाहरु जम्मा गरिएको छ । कार्यसमितिसँग ऋण समिति तथा जानकारीहरुसँग लिइएका महत्वपूर्ण सूचनाहरु छन् । यस सहकारीका नियमित वैठकमा सहभागी भएर कार्यसमितिसंग भेटघाट भएर आवश्यक तथ्य तथा संरचनाहरु संकलन गर्न निम्न विधिहरु प्रयोग गरिएको छ ।

**क) अवलोकन**

विभिन्न उत्तरदाताहरुसँग बारम्बार गहन अर्न्तवार्ता लिने क्रममा उनीहरुको परिवारको भूमिका, स्तर र परिवर्तन भएका आर्थिक पक्षहरु बुझ्नका लागि उनीहरुसँग पटक पटक अवलोकन गरिएको छ ।

**ख) समुह केन्द्रित छलफल**

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको मासिक नियमित वैठकमा सहभागी भएर कार्यसमितिसंग समूहगत छलफल गरी आवश्यक तथ्याङ्कहरु तथा सुचनाहरु लिइएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा सहकारी संस्थाको नियमित बैठक तथा ऋण समितिको बैठकमा समेत सहभागी भई आवश्यक सूचना संकलन गरिएको छ ।

**ग) वैयक्तिक अध्ययन वा गहन अर्न्तवार्ता**

विभिन्न उमेर समूह जातजातिका विभिन्न खालका कार्यमा आवद्ध भएका महिलाहरु वडागत रुपमा र विभिन्न उमेर समुहका २० जना महिलाहरुको वारेमा वैयक्तिक अध्ययन गरिएको छ । उमेरका आधारमा जातीय आधारमा पेशाका आधारमा वैवाहिक स्थिति शैक्षिक स्थिति समेतलाई आधार मानिएको छ । जसबाट महिलाहरुको आर्थिक सामाजिक विकास उद्यमशिलता विकासको

बारेमा जानकारी पाइएको छ । २१ देखी ३० वर्ष सम्मका ५ जना, ३१ देखी ४५ वर्ष सम्मका १० जना र ४६ वर्ष माथिका ५ जना महिलालाई प्रत्यक्ष भेटी अध्ययन गरिएको छ ।

### ३.५ अध्ययनको प्रस्तुतीकरण र विश्लेषण

सहकारीमा संलग्न महिलाहरुको विचार उनीहरुको अनुभवलाई आधार मानेर यो अध्ययन गरिएको छ । माथि उल्लेखित विभिन्न विधि श्रोत सहित अध्ययन गरिएका २० जनाको वैयक्तिक अध्ययनबाट प्राप्त सूचनाहरु तथा विवरणका आधारमा सहकारीमा आवद्ध महिलाहरुको आर्थिक अवस्थामा आएको परिवर्तन सम्वन्धि अध्ययन र द्धित्तीय स्रोतबाट प्राप्त जानकारी हुन आएको विविध विषयहरुको व्याख्या र विश्लेषण गरी प्राप्त जानकारीहरुलाई तालिकीकरण तथा व्याख्यात्मक रुपमा प्रस्तुतीकरण गरिएकोछ ।

# अध्याय चार

## अध्ययन क्षेत्र र सहकारीको पृष्ठभूमी

### ४.१ अध्ययन क्षेत्रको परिचय

यस कास्की जिल्लाको भू-भाग समुद्री सतहबाट ४५० मिटरदेखी ८०९१ मिटरसम्मको उचाईमा रहेको छ । अन्नपूर्ण हिमश्रृखला तथा माछापुच्छ्रेको काखमा अवस्थित यो जिल्ला २८° ०६ उत्तर देखी २८° ४० 'इन्च देखी १२ इन्च पूर्वी देशान्तरमा अवस्थित रहेको पाइन्छ । वर्गाकारमा रहेको यस जिल्लाको औषत लम्बाई ६३ किलोमिटर तथा चौडाई ५० किलो मिटर रहेको छ । पूर्वमा लम्जुङ्ग तनहु पश्चिममा स्याङ्जा तनहुँको सिमाना भित्र रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल २०१७ वर्ग किलोमिटर रहेको छ (जि.वि.स कास्की प्रोफाइल ०६९) ।

भौगोलिक विविधताले भएकै कारण यहाँ एकै समयमा ठाउँ अनुसार फरक फरक हावापानी रहेको पाइन्छ । यस जिल्लामा समशितोष्ण देखी शितोष्ण हावापानी पाइन्छ । यस जिल्लामा ४३ गा.वि.स. र एक उपमहानगरपालिका, १ नगरपालिका, १३ वटा इलाक तथा ४ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जिल्लाको सदरमुकाम पोखरा हो । यस जिल्लाको २०६८ सालको जनगणना अनुसार जनसंख्या ४,९२,०९८ छ ।

साहित्यीक श्रष्ठा कवि शिरोमणी लेखनाथ पौडेलको नामबाट गठित लेखनाथ नगरपालिका वि.सं. २०५३ साल माघ १८ गते गठन भएको नगरपालिका हो । राजधानी शहर काठमाण्डौबाट ११० कि.मी पूर्वमा रहेको छ ।

यस लेखनाथ नगरपालिकाको क्षेत्रफल ७८.९३ वर्ग किलोमिटर रहेको छ । पूर्वमा हंसपुर रुपाकोट,देउराली गाउँ विकास समिति, पश्चिममा पोखरा उपमहानगरपालिका उत्तरमा माझठाना र कालिका गा.वि.स., दक्षिणमा भरतपोखरी र तनहुँको दुलेगौंडा गाउँ विकास समितिको सिमाना भित्र रहेको छ । सात तालको वाटिका शहर लेखनाथ नगरपालिकामा १५ वटा वडा छन् । २०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ५८८५६ छ । जसमध्ये महिला ३१९९१ र पुरुष २६८६५ छन् (तथ्याङ्क विभाग ०६८) ।

यहाँका मुख्य बासीन्दाहरुमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, कामी, सार्की, नेवार, मगर, दमाई, तामाङ्ग, गर्न्धव आदि छन् । जिवीको मुख्य आधार कृषि, वैदेशिक रोजगार, उद्योग, व्यापार र नोकरी रहेको पाइन्छ । साक्षरता दर तुलनात्मक रुपमा बढी नै रहेको जनसंख्या वृद्धिदर बसाइसराइको कारणले उच्च रहेको कृषि उत्पादनमा ह्रास आउन थालेको आर्थिक वृद्धिदर माथि उठ्न कठिनाई भएको देखिन्छ । यहाँ मनाउने प्रमुख चाडपर्वहरुमा दशै तिहार ल्होसार, मातातिर्थ औसी, साउने संक्रान्ति, माघे संक्रान्ति, श्रीपञ्चमी, कृष्णजन्माष्ठमी, तीज, रक्षा बन्धन, गाइजात्रा, फागुपूर्णमा, चैते दशै आदि छन् ।

यस नगरपालिका भित्र जम्मा ५३ सहकारी संस्था छन् भने कास्की जिल्लामा जम्मा ५५७ वटा सहकारी छन् । जिल्लामा ६२ वटा सहकारी महिला बचत तथा ऋण सहकारी संस्था छन् भने लेखनाथमा ५ वटा महिला वचत तथा ऋण सहकारी संस्था छन् । यिनै सहकारी मध्ये लेखनाथ नगरपालिका वडा नं. ८ स्थित मोहोरियामा अवस्थित शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको यस अनुसन्धानको कार्य क्षेत्र हो (कस्केली सहकारी संक्षिप्त झलक २०७०) ।

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाका कार्यक्षेत्र लेखनाथ नगरपालिका वडा नं. १, ६, ७, ८, ९, १०, ११, र १२ गरी जम्मा ५ वटा रहेका छन् । जसमा २५० जना महिलाहरु यसमा आवद्ध छन् र तीनै सदस्यहरुको अनिवार्य बचत संकलन गर्दै आवश्यक ऋण संस्थाबाट लिई विभिन्न खाले व्यवसाय जस्तै किराना पसल, व्युटीपालर, तरकार्रा खेती, पशुपालन, सिलाई कटाई फलफूल र कुखुरापालन जस्ता आय मूलक कामहरुमा लगानी गरी आय आर्जन बढाउन सफल भएका छन् । सरकारी एवं अन्य सहकारी, गैरसरकारी संस्थाहरुले आयोजना गरेका (विभिन्न खाले गोष्ठी, सेमिनार, तालिम नेतृत्वविकास लैङ्गिक लेखा, पारालिगम आय आर्जन हुने) बाट महिलाहरुमा जनचेतना वृद्धि भएको पाइएको छ ।

## ४.२ शिशुवा महिला बचत तथा ऋण सहकारीको ऐतिहासिक पृष्ठभूमी

लेखनाथ नगरपालिका वडा नं. ८ मोहोरिया कास्कीमा शिशुवा महिला बचत तथा ऋण सहकारी संस्था रहेको छ । लेखनाथ नगारपालिका वडा नं. १, ८, ९ र ११ का २५ जना महिला दिदी बहिनीहरु मिलेर आफ्नो क्षेत्रका महिलाहरुको वीचमा आपसी सहयोग मेलमिलाप र महिला दिदीवहिनीहरुको विकासमा हामीहरु मिलेर केही गर्नुपर्दछ भन्ने भावनाबाट प्रेरित भई २०५९ साल जेठ २९ गते इन्द्र ताम्राकारको अध्यक्षतामा कास्की जिल्लाको सहकारी प्रक्षिण तथा डिभिजन कार्यालयमा दर्ता नं. २५४ मा दर्ता भएको हो । कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष

सहित ११ जना रहेका छन् । तीन वर्षको कार्यकाल रहेको छ । स्थापना कालमा २५ जना दिदीबहिनीहरु मिलेर गठन भएको यस संस्थाको दिनप्रतिदिन प्रगती हुँदै गएर हाल २५० जना यस संस्थाका सदस्य बनि सकेका भने अरु थपिने क्रम जारी नै छ । यस संस्थाले आफ्नो सदस्यहरुलाई विभिन्न किसिमका तालिम दिनेदेखी लिएर विभिन्न किसिमका आय आर्जनका क्षेत्रमा सदस्यहरुलाई ऋण लगानी गरेर आफ्नो सदस्यको आय आर्जनमा वृद्धि गराउन सफल देखिन्छ ।

यस संस्थाको जातिय हिसाबले पनि विविधता पाइन्छ । लेखनाथ नगरपालिकाका ८ वडाका २५० जना सदस्यहरु मध्ये ब्राह्मण १८२ जना, क्षेत्री १८ जना, नेवार ९ जना, दलित २४ जना, मगर २ जना, गुरुङ्ग ११ जना र तामाङ्ग ४ जना समेतलाई हेर्दा यसको जातीय विविधता र यिनीहरुले गर्ने कार्यमा सांस्कृतिक विविधता झल्कन्छ भने देशमा लोकतान्त्रिक व्यवस्था अनुसार जातीय विविधतालाई समेट्न यो सक्षम छ भने महिलाहरुद्धारा महिलाकै हितमा संचालित संस्था भएकाले हरेक कार्यक्रमहरु महिला दिदीवहिनीहरुलाई लक्षित गरी ल्याइने भएतापनि अप्रत्यक्ष रुपमा यसको फाइदा पुरुष वर्गले पनि त्यत्तिकै लिएको पाईन्छ । यहाँका उपल्ला जातीको मात्र नभई दलित र जनजाती समेतले यस संस्थाको उचित सहयोग पाएको र जसको कारण आफ्नो आय आर्जनमा समेत उल्लेख्य सुधार गरेको कुरा यस संस्थाका सदस्यहरुबाट जानकारी प्राप्त भयो । यस संस्थाले सहकारी मूल्य मान्यता अनुसार कार्य गरे वापत यस संस्थाले २०६८ मा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीले सहकारीको ५६ औं सहकारी दिवसमा पुरस्कृत भएको छ । साथै कर्जा असुलीमा नियमित असुल गरे बापत राष्ट्रिय सहकारी वैंकले पनि वि.सं. २०६९ मा पुरस्कृत भएको रहेछ जुन कुरा कार्यसमितिबाट जानकारी भयो ।

यस अध्ययन क्षेत्रका सदस्यहरुको जनसाँख्यिक र जातिय अवस्था अनुसार यस संस्थामा २१ देखि ४० वर्ष सम्मका १८० जना र ४१ वर्ष देखि माथिका ७० जना जनसंख्याको रुपमा रहेका छन् । यसमा समावेश भएका सदस्यहरु मध्ये ब्राह्मण १८२ जना, क्षेत्री १८ जना, नेवार ९ जना, दलित २४ जना, तामाङ ६ जना र गुरुङ ११ जना २५० जना जातीय रुपमा रहेको पाइन्छ ।

# अध्याय पाँच

## व्यक्तिगत अध्ययन (प्राथमिक तथ्याङ्कको प्रस्तुती)

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा आवद्ध विभिन्न उमेर समुह जातजातिका विभिन्न खालका काममा लागेका महिला दिदीवहिनीहरु मध्ये २० जना महिलाहरुको बारेमा व्यक्तिगत अध्ययन गरिएको छ । उमेरका आधारमा जातीय आधारमा पेशाका आधारमा वैवाहिक स्थिति शैक्षिक स्थिति समेतलाई आधार मानिएको छ । यसबाट महिलाहरुको आर्थिक सामाजिक विकास व्यक्तित्व विकास उद्यमशिलता विकासको बारेमा जानकारी मिलेको छ । २१ देखी ३० वर्षका ५ जना ३१ देखी ४५ वर्ष सम्मका १० जना र ४६ वर्ष माथिका ५ जना महिला दिदी वहिनीहरुलाई प्रत्यक्ष भेटी अध्ययन गरिएको छ ।

यस सहकारी संस्थामा आवद्ध महिलाहरुको आर्थिक अवस्थामा आएको समाजशास्त्रीय अध्यापन जानकारीका लागि निम्नलिखित प्रश्नहरुमा केन्द्रित रहि प्राथमिक तथ्याङ्कको रुपमा प्रस्तुत गरिएको छ ।

- हाल कस्ता पेशा व्यवसाय गरेका छन् ?
- उत्तरदाता र परिवारको पारीवारिक पृष्ठभूमी कस्तो रहेको छ ?
- सामाजिक, आर्थिक धारणा कस्तो छ ?
- आर्थिक अवस्थामा परिवर्तन आउनुको मुख्य कारण के रहेछ ?
- यो संस्थामा लालयित हुनुका कारण के हो ?
- विगत र वर्तमानमा भएको परिवर्तनको अध्ययन गर्न ?
- सामाजिक सांस्कृतिक अवस्था कस्तो छ ?
- उद्यमशिलताको विकास भयो कि भएन् ?

यिनै माथिका प्रश्नहरुको अतिरिक्त समय, परिस्थिति र उत्तरदाताको योग्यता जानकारीका आधारमा वैयक्तिक अध्ययनलाई प्राथमिक तथ्याङ्कको प्रस्तुतीको रुपमा लिइएको छ ।

## १. सन्ध्या भण्डारी

२०२७ सालमा आमा चित्र कुमारी भण्डारी र बावु नारायणदत्त भण्डारीका दुई छोरी मध्ये जेठी छोरी सन्ध्या भण्डारी लेखनाथ नगरपालिका वडा नं. ९ स्थित लामाश्वाँरामा जन्म भएको हो । उनको विवाह हंसपुर गा.वि.स. मा २०४४ सालमा भएको थियो । उनको आर्थिक अवस्था कमजोर भएको कारणबाट उनी संर्घषशील जीवन विताउन परेको थियो ।

१६ वर्षको उमेर विवाह बन्धनमा बाधिइन । माइती र घरको दुवै पक्षको आर्थिक अवस्था कमजोर भएकाले उनी विभिन्न संघ संस्थामा समन्वय गरी प्रौढ शिक्षा, बाल शिक्षा, महिला शिक्षा चलाएर घरको स-साना समस्याहरु समाधान गर्थिन । केही वर्ष पछि २०४८ सालमा छोराको जन्म भयो । श्रीमान् पढ्दै थिए जागीर थिएन विरामी हुँदा उपचार गर्न पैसा नभएर दुःखीत तथा चिन्तित हुनपर्थ्यो । त्यसपछि उनी लेखनाथ ८ मा वसाइ सराई गरी आएको कुरा बताउछिन ।

आफ्नो बाल्यकालको अवस्थामा भएका दुःख कष्ठलाई सम्भदै उनले विकल्प खोज्दै अर्काको वारीमा तरकारी खेती गरी जीवन निर्वाह गर्दथिन । तरकारी बेचेर पैसा आउथ्यो तर सबै सकिन्थ्यो यस्तो काम देखेर सबैले सिको गर्न थाले । एक गाउँमा तरकारी खेती (टमाटर, काउली, बन्दा, गाजर, सिमी, मूला बोडी) मौसमी तथा वेमौसमी खेती गर्न थालेको कुरा उनी बताउछिन । पैसा कमाउने श्रोत भयो । राम्रो लाउने, मिठो खाने, सरसफाइमा पनि उत्तीकै समय दिन थालिन INGO तथा NGO को सहयोगमा यो तरकारी खेती गरिन्थ्यो । यसरी सबै महिलाले बचत गर्नुपर्दछ भन्ने भावनाको विकास भयो र उनले नगिचैको शिशुवा महिला बचत तथा ऋण सहकारी संस्थामा बचत गर्न थालिन । बचत गर्दै जाँदा संकलन भएको पैसाले उनलाई व्यवसाय तर्फ उन्मुख गरायो उनी एक क्रियाशिल, संर्घषशिल महिला भएकाले त्यस सहकारीबाट ऋण लिई तरकारी खेती गर्न थालिन । खेती गर्दै जाँदा उनको मनोबल बढ्दै गयो र राम्रो काम विषादी युक्त तरकारी खेतीबाट पुरस्कृत भई सबैले सम्मान गर्न थाले । पढे लेखेको नारी भएकाले उनलाई ट्रेनरको जिम्मा पनि दिएको कुरा उनी बताउछिन् । महिलालाई शसक्त बनाउने महिला नेतृत्वको रुपमा उनी अगाडि देखिन्छिन् । कानुनी परामर्श देखि लिएर जिल्ला स्तरको पदमा पनि उनी रहिछन् ।

महिला सहकारीमा लागेपछि उनलाई धेरै सुविधाहरु प्राप्त भएर वचत गर्ने वानी, बोल्ने बानी, तालिम, गोष्ठी, सेमिनार जस्ता क्रियाकलापले जीवनमा आइपरेका समस्या सजिलैसंग समाधान गर्न सकिने भयो । बावु आमा किसानी भएता पनि उनको नाममा जग्गा मात्र छैन तर मसंग दक्षता, सिप र जाँगर छ भन्छिन् ।

महिला सहकारीले गर्दा विभिन्न ठाउँमा भ्रमण गर्ने अवसर, नेतृत्व, भूमिका निर्वाह गर्न सबैसँग सहकार्य गरेर अगाडी बढ्ने सुख दुःख शेयर गर्ने तथा चेतनाको अभिवृद्धि हुँदै गएकोमा खुसी व्यक्त गर्दछिन् । महिला शसक्त नहुनाले महिला हितका लागि उत्थान गर्नका लागि स्थानिय निकाय राष्ट्रिय स्तरबाटै पहल गर्नुपर्ने बताउँछिन । यी महिलाहरुलाई पहिला के संस्कारमा लागि पर्नु हुन्न । आफ्नो हकहितको लागि आफ्नै अग्रसर हुनु पर्ने बताउँछिन् । महिलाले गरेको परीश्रमको ज्याला पुरुषले लिन्छन् यस्तो गर्न नदिन आफू र आफ्नो पहिचान बुझि काम गर्न पर्छ भन्छिन ।

महिलाको पहँच हुनका लागि आर्थिक सामाजिक र राजनैतिक स्तरमा जोड दिनुपर्ने कुरा बताउँछिन् । असल र सक्षम भयो भने छोराछोरी राम्रो हुन्छन् । घरपरिवार समाज राष्ट्रमा सुधार आउनेछ । छोरीलाई जबरजस्ती विवाह बन्धनमा बाध्न नहुने कम्तिमा २० वर्ष पुग्ने वि.ए. पास गराउने, परिपक्क र सक्षम नागरिक भएपछि मात्र विवाह हुनुपर्ने बताउँछिन् । अन्धविश्वासका कारणले सानैमा विवाह गर्ने पशु जस्तै दान दिने प्रचलनलाई खारेजी गर्नुपर्ने बताउँछिन् । अनावश्यक खर्च कटौती गरी केही व्यवसायी कार्यमा लगाउनुपर्ने कुरा बताउँछिन् ।

यसरी सहकारीमा लागेपछि उनको जीवनस्तरमा पहिलाको तुलनामा अतुलनीय परिवर्तन आएको कुरा बताउँछिन् ।

**२ वसुन्धरा खनाल**

२०१७ सालमा कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. १२ खुदीमा बुवा केशव प्रसाद लामिछाने र माता राधा देवी लामिछानेका जेष्ठ छोरीको रुपमा जन्म भएको हो । उनका तीन दाजुभाई र तीन दिदीवहिनीहरु छन् । किसान परिवारमा जन्म भएकी वसुन्धरा खनालको विवाह २०३० साल माघ ३ गते बुधवार लेखनाथ नगरपालिका वडा नं. ९ निवासी श्री कृष्ण खनालसँग भएको थियो । संयुक्त परिवार भएको हुनाले उनलाई खाना लाउन पनि निकै कष्ठकर परेको थियो भन्छिन् । त्यसै बेला त्यस्तै अवस्थामा दुई वर्षको अन्तरालमा २ छोरा छोरीको जन्म भयो । उनका समस्याहरु दिनप्रतिदिन बढ्दै गएको कुरा बताउछिन् । छोराहरु हुर्कदै गए साथै पनठपाठन गर्न तथा स्वास्थ्य उपचार गर्न पनि धौ-धौ परेको थियो भन्छिन् । यस्तै अवस्थामा उनलाई व्यवसायिक काम गर्न मन जाग्यो तर व्यवसाय गर्ने पैसा थिएन भन्छिन् ।

२०५९ साल जेठमा शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा सदस्य बनिन् र वचत गर्ने बानीको विकास हुँदै गयो अनि उनले यस संस्थाबाट बीस हजार रुपैया ऋण लिई आलु

खेती गर्न थालिन जसबाट तीन महिना पछि आलु बाट रु ८० हजार सम्मको विक्रि गरिन जसबाट उनलाई आम्दानीको श्रोतहरु बढ्दै गए भन्छिन् । त्यही आम्दानीबाट छोराहरुलाई पढाइन् । खर्च टार्न सजिलो भएको बताउछिन् । जेठो छोरो विदेश गएर पैसा कमाउन थाल्यो । अनि उनलाई केही राहत मिल्यो । घरका समस्याहरु समाधान हुँदै गएको कुरा बताइन ।

अहिले छोराहरु आ-आफ्नै पेशामा लागेका छन् भने आमावावु मिलेर आफ्नो आलुखेती व्यवसायलाई निरन्तरता दिई राखेका छन् । धर्म संस्कृतिलाई जोगाउँदै सामाजिक सेवामा जुटीराखेकाको कुरा उनी बताउँछिन् । महिलालाई पनि जीवन यापन गर्नको लागि सहकारीले ठूलो टेवा पुऱ्याएको कुरा बताउछिन् । पटक पटक ऋण लिई सोही ठाउँमा सहि खेतीपाती गरेको समयमा किस्ता बुझाएको हुनाले उनले पाँच पटकसम्म असल ऋणबाट पुरस्कृत भएको कुरा वताइन । आफू पढे लेखेको शिक्षित भएको भए हरेक निकाय र संघसंस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने थिए तैपनि उनी आमा समुहको अध्यक्ष हालसम्म भइरहेको बताइन ।

मेहेनत गरेमा परिश्रमको फल मिल्छ भन्ने कुरा व्यवहारिक रुपमा परिमार्जित भएको छ भन्छिन् । उनी ५३ वर्षको भएपनि उनमा जोश जाँगर मरेको छैन परम्परागत खेती भन्दा आधुनिक खेतीबाट धेरै लाभ प्राप्त गर्न सकिन्छ  भन्छिन् । अनुकुल मिलेमा आफ्ना छोराहरुलाई पनि तरकारी खेती गर्न सिकाउन इच्छुक भएको बताउँछिन् । किसानको छोरी किसानकै बुहारी भएता पनि आफूले गरेको कामहरुबाट लाभान्वित हुँदा सन्तुष्ट र हर्षित भएको बताइन । उनलाई पहिलाको तुलनामा अहिले धेरै नै अन्तर भएको पाए भन्छिन् । अब महिला दिदीवहिनीले पनि केही गर्नु पर्छ हरेक ठाउँमा महिलाको सहभागी हुनुपर्ने समान कामको समान ज्याला पाउनुपर्ने छोरा र छोरीलाई समान अवसर दिनुपर्ने अन्धविश्वास, रुढीवादीलाई हटाई स्वच्छ संसारमा बाच्न पाउनुपर्ने कुरा कानुनी दस्तावेजमा उल्लेख हुनुपर्छ नत्र महिला जति कराए पनि काग र पिनाको जस्तो उखान हुने कुरा वताउँछिन् ।

**३. लक्ष्मी पौडेल**

२०४० साल फाल्गुन २६ गते शुक्रबारका दिन बावु हरी पौडेल र आमा मेनुका पौडेलकी जेठी छोरी लक्ष्मी पौडेलको जन्म भएको हो । कास्की जिल्लाको कालिका गा.वि.स.मा किसान एवं गरीब परिवारमा जन्मेकी उनको प्रारम्भिक शिक्षा दिक्षा गाउँकै सरकारी स्कुलमा भएको थियो भने उनको उच्च शिक्षा (स्नातक) पृथ्वीनारायण क्याम्पसबाट भयो ।

उनको १५ वर्षको उमेरमा लेखानाथ नगरपालिका वडा नं. ८ स्थित मोहोरीयामा वस्ने वर्ष २५ का विनोद वस्नेत संग विवाह वन्धनमा वाँधिएकी पौडेलका हाल एक छोरा र एक छोरीकी आमा बनेकी छिन् । उनी पेशाले कृषिमा संलग्न भई शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा सक्रिय सदस्य हुनुहुन्छ । उहाँ एक सफल र क्रियाशिल महिला हुनुहुन्छ । समाज सेवामा तथा संघसंस्थामा काम गर्न रुचि राख्नुहुने उहाँ आफूलाई त्यस कृषिबाट सन्तुष्टि मिलेको बताउनुहुन्छ । उनले भन्छिन् सहकारी नै त्यस्तो माध्यम हो जसले सामान्य व्यक्तिहरुलाई आफ्नो छाक टार्नको लागि कुनै व्यक्तिसंग हात फिजाउनु पर्दैन ।

यस संस्थाकी सदस्य भएपछि हाल उनी यस सहकारी संस्थाकी कर्मचारी समेत बनेकी छन् । उनले जिल्ला सहकारी प्रशिक्षक तथा डिभिजन कार्यालयबाट दिइएका लेखा सम्वन्धि तालिम लिएको बताउछिँन् । यस संस्थाबाट उनले रु ५० हजार ऋण लिई राम्रा उन्नत जातका तीन चार वटा भैंसी पालन व्यवसाय गरेकी छन् । उनले भैंसीको दुध नजिकैको चक्रदेवी दुग्ध सहकारी संस्थामा तथा चिया पसलमा बेच्छिन् । जसबाट राम्रो आय आर्जन गरेकी छिन् । यस सहकारीका नियम र सिद्धान्त अनुसार उनले नियमित रुपमा ऋण असुली गरी एक असल ऋणी भएकी छिन् र असल ऋणीका रुपमा वार्षिक साधारण सभाबाट सधै पुरस्कृत भइरहेकी रहिछन् ।

यसरी सहकारीमा लागेपछि उनको आर्थिक तथा सामाजिक क्षेत्रमा पनि धेरै परिवर्तन आएको छ भन्छिन् । कामले काम सिकाउदो रहेछ भन्ने कुरा थाहा भएपछि आफ्नो योग्यता र दक्षता अनुसार सबै महिला दिदीवहिनीहरु आर्थिक क्रियाकलापमा संलग्न हुन र सानो तिनो व्यवसाय गर्नुपर्छ भनेर सबैमा उनले अनुरोध गर्दछिन् ।

**४ विमला वि.क**

२०२५ सालमा लेखनाथ नगरपालिका वडा नं. १० वेगनासमा बावु मोहन वि.क र आमा गिता विक की साहिली छोरीको रुपमा जन्म भएको थियो । गरीब परिवारमा जन्म भएको र घरायसी समस्याले गर्दा सामान्य लेखपढ मात्र गरेकी छिन् । शिक्षाले मानिसको जिवनमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले हाल छोराछोरीलाई पढाउन लागेको तर आफूले सामान्य लेखपढ मात्र गर्न जान्ने छापा अक्षर बुझ्ने तर जेठा छोराले कति कोसिस गर्दा समेत कक्षा १० मात्र पढेर विदेश गएको र नपढेको बताउछिन् । उनका ४ छोराछोरी छन् । छोराछोरीको शिक्षा एवं पालनपोषण गर्न गाह्रो परिरहेको अवस्थामा शिशुवा सहकारीमा सदस्य भएर त्यहाँबाट छोराछोरीलाई पठन पाठन एवं

अन्य प्रकारका तालिमहरु लिइसकेपछि कुनै व्यवसाय गर्ने अठोट मनमा लिई कुखुरा पालन गर्ने व्यवसाय अपनाइन ।

अहिले उनका ४ वटा कुखुरा फर्महरु छन् । ४ वटा फर्मबाट ३५०० देखी ४००० सम्म कुखुरा छन् । कुखुरा विक्रि गर्न बजारको कुनै समस्या छैन । कुखुराको विक्रि मात्र होइन मल त्यत्तिकै मात्रामा विक्रि हुन्छ । अहिले विमला वि.क. मासिक रुपमा ३० हजार देखी ४० हजारसम्म कम्तिमा पनि आम्दानी हुन्छ भने कहिले यो भन्दा पनि धेरै आम्दानी हुन्छ भन्नुहुन्छ । ४ जना छोराछोरी मध्ये एक छोरा कक्षा १० पढेर विदेश गएको छ भने अन्य पढ्दै छन् । यसका अलावा मासिक रुपमा २० हजार रुपैया वचत गर्दछु भन्छिन् विमला वि.क. ।

बसमा ४ वटा फर्ममा ओहोर दोहोर गर्दा समय वढि लाग्ने हुनाले यही आम्दानीबाट उनले एउटा स्कुटर किनेकी छन् । जसबाट छिटोछरितो घर र व्यवसाय हेर्न भ्याएको छ भन्छिन् । पढेर जागिर पाइन्न भन्दै हिड्नु भन्दा कुनै पनि व्यवसाय राम्रोसंग गरेमा सफल हुन सकिने उहाँको सुझाव छ । उनको भनाइमा सबैले केही न केही गरेमा आर्थिक तथा सामाजिक उत्थान हुने कुरामा ढुक्क छन् उनि ।

**५. पूर्णिमा तिवारी**

२०२५ सालमा कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. १५ ढोरवेसीमा पूर्णिमा तिवारीको जन्म भएको हो । बावु भिम अधिकारी र आमा डिल कुमारीको कोखबाट जन्मीएकी पहिली छोरी हुन् । उनको विवाह सानै उमेरमा लेखनाथ नगरवासी वडा नं. ६ अर्घौ शिवराज तिवारी संग भएको हो । विवाह भएको ३ वर्ष पछि उनले छोरा जन्माइन । उनी साधारण किसानकी छोरी तथा साधारण किसानकी बुहारी भइन । परिवारमा कुनै पनि आम्दानीको श्रोत नभएकोले केही गर्नुपर्छ भन्ने जोश जाँगर र आँट आयो तर आफूसँग आर्थिक स्रोत नभएकोले व्यवसाय गर्न अप्ठ्यारो भएको कुरा बताइन ।

समाजमा भएका अगुवा दिदीवहिनीहरुसँग आफ्नो दुखेसो पोख्न थालिन र उनीहरुले सहकारीमा सदस्य बन्ने सल्लाह दिएको बताइन । सहकारीमा नियमित वचत गरेपछि उनलाई गाईपालन गर्ने मन जाग्यो । सहकारीबाट ऋण लिई दुइवटा गाई पालिन गाइको दुध नजिकै दुग्ध सहकारीमा वेच्न थालिन जसबाट आय आर्जन गर्दै आफ्ना समस्याहरु सामाधान गर्दै गइन ।

परिवारमा नराम्रो घट्ना घट्यो २५ वसन्तको अल्पायूमै पूर्णिमाको श्रीमानको मृत्यु भएको कुरा वलिन्द्र आँशु झार्दै वताइन् । एक छोरा र आफू बाच्ने साहरा भनेकै गाईपालन व्यवसाय मात्र बन्न गयो पूर्णिमालाई । जीवनमा थुप्रै चुनौतिहरु पार गर्दै आएकी पूर्णिमा एक असल ऋणी बनीन् साथै गाईहरु थपेर ४ वटा वनाइन । उनी एकल महिला भएपनि उनमा आँट र जोश जाँगर आएको बताउछिन् । समाजमा एकल महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको बताइन ।

अहिले तिवारीले आफ्नो छोरालाई नजिकको निजी विद्यालयमा पढ्न पठाएकी छु भन्छिन् । उनले दैनिक दुध विक्रि गरी मासिक रुपमा २० देखी ३० हजार सम्म आम्दानी हुने बताउछिन् । यसको अलावा मासिक रुपमा १० हजार रुपैंया आम्दानी गर्छ भन्छिन् । यो व्यवसाय हेर्नका लागि विभिन्न संघ संस्था तथा सहकारीबाट निरिक्षण गरी उनलाई थप प्रोत्साहन गरेको बताइन । कुनै पनि व्यवसाय सफल पार्न जोश र जाँगर भएमा सकिदो रहेछ भन्ने उक्तीलाई प्रमाणित गरिन ।

सहकारीमा लागेर सफल व्यवसायी बन्ने कुरा विभिन्न तालिम, सेमिनार र गोष्ठीमा सहभागी हुनाले, नेतृत्व गर्न सकने क्षमताको अभिवृद्धि एकल महिलालाई सम्मान गरिएको हुँदा उनमा हौसला वृद्धि, सफल कार्यसिद्धि भएको बताइन । वचत गर्ने बानीले कसैको हात ताक्न नपर्ने कुरा उनले बताइन । पढेर जाँगिर पाइन्न भन्नु भन्दा कुनै पनि व्यवसाय गरेमा सफल हुन सकिने तिवारीको सुझाव छ ।

## ६ वसन्ती परियार

आज भन्दा ५२ वर्ष पहिला पोखरा उपमहानगर पालिका वडा नं. ९ नदिपुरमा जन्म भएको हो । बावु गणेश परियार र आमा मालती परियारकी जेठी छोरी हुन् । उनको विवाह २०३३ सालमा बावु आमाले रोजेको केटासँग भएको बताउँछिन् । सानैमा छोरीको कन्यादान दिएमा धर्म हुन्छ भन्ने परम्पराले गर्दा मेरो विवाह भएको भन्छिन् । कास्की माझठाना गा.वि.स वडा नं. १ सौरे निवासी शमशेर परियारको छोरा रामजी परियारसँग विवाह भएको हो । ५ वर्षसम्म छोरी माइत वसेको हुनाले श्रीमान्ले अर्को विवाह गरेको बताउँछिन् । परिवारमा आम्दानीको कुनै पनि श्रोत नभएको आफूले जानेको सिलाइकटाईबाट नगद जम्मा गरी परिवारलाई सहयोग गरेको बताउछिन् । उनी परिवामा कान्छी श्रीमतितिर तीन छोरा र एक छोरीको जन्म भएको छ भने जेठीतिर २०४८ सालमा छोरीको जन्म भएको बताउछिन् । उनी माइती घर सम्पन्नशाली भएपनि घरमा आर्थिक स्थिति कमजोर त्यसैमाथी श्रीमान्को अर्को श्रीमति र जेठीलाई हेर्ने दृष्टिकोण फरक भएको बताउछिन् । यस्तै अवस्थामा उनीहरु लेखनाथ नगरपालिका वडा नं. १ मा बसाइसराई गरेको

बताउछिन् । यहाँ एक मात्र घडेरी भएको, सयुक्त परिवारमा उनी नमिलेको हुँदा अंशवण्डा गरी र आफूलाई दिन नचाहेको हुँदा धेरै संघर्ष गर्नुपरेको बताउछिन् र उनले सिलाई गर्दै कमाएको ज्यालाले शिशुवा महिला वचत सहकारी संस्थामा वचत गर्न थालिन । वचत गर्दै जाँदा खेरी उनलाई सबैले माया गर्न थाले आफ्नो हकहित र अधिकारको बारेमा जानकारी भयो । उनले सहकारीको लगनशिल परिश्रमी सदस्यहरुको सहयोग लिइ आफ्नो अंश लिन सक्षम भएको बताउछिन् । छोरीलाई आइ.ए पास गराई वि.ए.मा भर्ना गराएकी छिन् । माइतीको साहाराले र आफूले घरमा पाएको पैत्रिक सम्पत्तिले बाटोमा पर्ने गरी घर बनाएकी छन् । सहकारीबाट ऋण लिई मेशीन थप गरिन् र आम्दानीको श्रोत पनि बढाइन् ।

विगतका कुराहरु सम्झिदा निकै दुःख पिडा लाग्छ भन्छिन् वसन्तीले । घरमा वस्दा गाउँमा ढिकेटीमा धान कुट्ने, पानी लिन निकै टाढा जानुपर्ने, दलित भनेर हेला गर्ने चलन, दलितलाई देख्यो भने साइत पर्दैन भन्ने अन्धविश्वासले गाउँमा जरा गाडेको थियो । दलितमाथिको विभेदलाई भ्रमका रुपमा लिने गरेका थिए भन्छिन् । हाल चेतनाको विकास भइसकेको हुँदा माथिका विविध चलन र अन्धविश्वास विस्तारै हट्दै गएको केही सहज भएको छ भन्छिन् । जातीय छुवाछुतमा कमी आएको अन्तरजातिय विवाद भएको छोटो समयमा धेरै सुधार आएको बताउँछिन् । आफूलाई एउटा छोरी पाल्न धौधौ भएको कुरा बताइन आफू विरामी भएको बेला पनि चार्डपर्वमा सहयोग नगरेको बताउछिन् । मिशिन छ वसन्ती छ, मिशिन हैन, वसन्ती छैन् भन्ने उक्तीलाई सार्थक ठान्छिन् । यस्तो स्थितिमा सहकारीले ऋण उपलब्ध गराई ठूलो सहयोग गरेको दलित महिलालाई सम्मान गरिएको, नियमित ऋण असुलीमा पुरस्कृत गरिएको, समाजमा सामाजिक सेवाका हरेक क्षेत्रमा सहभागी गराइएको कुरा बताउछिन् ।

**७ शुशिला गुरुङ्ग**

वि.सं. २०३२ सालमा बावु थमनसिंह गुरुङ्ग र आमा झलक कुमारी गुरुङ्गकी छोरी शुशिला गुरुङ्ग हंसपुर गाउँ विकास समिति वडा नं. ८ लिपेयानीमा जन्म भएको हो । उनी सानै देखि संघर्षशिल नारी थिइन । उनका दुइ दाजुभाई र आफू कान्छी बहिनी भएकोले उनलाई कुनै पनि समस्या नपरेको बताउछिन् ।

शुशिला गुरुङ्गको २०५४ सालमा प्रेम सम्वन्धले लेखनाथ नगरपालिका वडा नं. ९ लामास्वारा निवासी डम्बर बहादुर रानाभाटसँग विवाह भएको थियो । विवाह आफ्नो जातिय परम्परा अनुसार नभएकोले घरपरिवारबाट स्वीकार नगरेकोले उनी पटक पटक संघ संस्थासँग पटक पटक

गुहार्नु परेको थियो । उनी एस. एल. सी पास गरेको कारणले आफ्ना समस्या सजिलैसँग राख्न सक्ने कुरा बताउछिन् । अन्तरजातिय विवाह भएको कारणले उनी पाँच महिनासम्म लुकेर वस्नु परेको समाज र टोलले हेर्ने दृष्टिकोण नराम्रो रहेको उनको बुझाइ रहेको छ । आफ्नो विवाहलाई बैधानिक बनाउन धेरै समय लाग्यो श्रीमान्ले पनि आमा बावुको कुरा सुनेर मानसिक पिडा खेप्न परेको कुरा बताउछिन तर माइती पक्षले सक्दो सहयोग गरेको कारण आफू सफल भएको कुरा बताइन । उनी जिल्ला प्रहरी कार्यालय, मानव अधिकारवादी, महिला विकास अन्तरजातिय अगुवा लगायतका ठाउँमा पटक पटक उजुरी गरेको बताउछिन् । उनी सामाजिक एवं राजनैतिक संस्कारमा सुधार परिवर्तन हुनुपर्ने आवश्यकता देखिन्छन् । जाती जाती भित्र छुवाछुत, भेदभाव बहिष्कार गरी निर्मूल पार्नुपर्छ भन्ने उनको धारणा रहेको छ ।

हाम्रो समाजमा थुप्रै दिदीवहिनीहरुलाई यस्तो विवाहबाट अप्ठ्यारो परेको बताउछिन् । महिलाले आफ्नो दायित्वलाई निर्वाह गर्न अनेक बाधा अड्चन सहदै आफ्नो अधिकार हात पार्न सफल भइन् । उनको विवाह भएको दुई वर्ष पछि छोरीको जन्म भयो । त्यसपछि छोरीलाई पालनपोषण गर्न समस्या आइपऱ्यो अनि उनले शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको सदस्य भएकोले सामुहिक ऋण जमानीबाट रु ५०,०००।- लिइन उनले बाखा पालन गरिन् । जसबाट आम्दानीको श्रोत बन्यो र सो ऋण तिर्दै गइन हालसम्म सो ऋण चुक्ता भइसकेको बताउछिन् ।

अहिले उनको बाखा पालनबाट मनग्ये पैसा आर्जन गरेको कुरा बताउछिन् । पहिला पहिला घरमा अनेकौ प्रकारका समस्या सामना गर्नुपरेको बताउछिन् अहिले बाखा पालनबाट आम्दानीको श्रोत वढेकोले छोरीलाई आहार विहार पौष्टिक युक्त खानेकुराहरु राम्रो लगाउने सफा सुग्घर रहने र सामाजिक सेवामा लागि पर्न लागेकी छु भन्छिन् । पैसा विना केही गर्न सकिदो रहेनछ भन्छिन् । उनको सामाजिक तथा आर्थिक अवस्थामा परिवर्तन ल्याउन यस सहकारी संस्थाको ठूलो देन रहेको छ भन्छिन् ।

**८. हरिमाया गुरुङ्ग (सुनुवार)**

२०४१ सालमा तनहुँ जिल्ला खैरेनीटार ५ मा जन्म भएको हो । बावु वल वहादुर गुरुङ्ग र आमा मैना गुरुङ्गकी छोरी हरिमाया गुरुङ्गको पहिलो प्रेम विवाह २०६२ सालमा विवाहित वस डाइभरसंग भएको बताउँछिन् । दिनहुँ घरेलु हिंसा तथा मानसिक यातानाको कारण निज सन्तोष दाजुभाउजुसँग गगनगौडामा बस्दै आएको वताउछिन् । कक्षा ८ सम्म मात्र पढेकी उनी उनको

श्रीमान् परिवार एवं इष्टमित्रका कुलतमा फसेको कारण उनीसंग जीवन व्यतित गर्न उपयुक्त नठानेको वताउँछिन् साथै पहिलो श्रीमान् स्थायी रुपमा परिवार नियोजन गरेकाले उनी तर्फ बच्चा नभएको बताउँछिन् ।

गगनगौंडामा वस्दा हालका श्रीमान् गगनसिंह होटलमा काम गर्ने भएकाले नियमित भेटघाट र सम्पर्कका कारण २०६५ मा दोस्रो विवाह गरेको बताउँछिन् । तर विवाह भएको एक वर्षसम्म कष्टकर रहेको बताउँछिन् । तीन महिनापछि उनका श्रीमान् कतार गएको, घरमा सासुससुराले बस्न नदिएको अवस्थामा आफूले वचत गर्दै आएको शिशुवा महिला वचत संस्थाबाट रु २००००। ऋण लिई दाजुभाउजुको सल्लाहा अनुसार छुट्टै बसी भट्टी पसल गर्दै आएको बताउँछिन् । कतार गएको तीन महिनापछि श्रीमानले पैसा पठाएपछि उनलाई ऋण असुल गर्न सजिलो भएको बताउँछिन् । यसै सहकारीमा वचत गरेको र व्यवसायमा लगानी गर्न पाएको, आय आर्जन गर्नुका साथै वाँच्न सजिलो भएको बताउँछिन् । ससुराको मृत्यु भैसकेको र सासुबाट वढि यातना भोग्नु परेको वताउँछिन् । श्रीमान् श्रीमतीका बीचमा एकता भएमा जे जस्ता समस्या समाधान गर्न सकिने रहेछ भन्ने आफूले महसुस गरेको अनुभव सुनाउँछिन् । श्रीमान घरपरिवार एवं श्रीमतिलाई मिलाउन पर्ने र सुनार जातिमा रहेको असमानता आफूले भोगेको पिडा अरुले भोग्न नपरोस् भनी सचेत गराउन चाहान्छिन् । अन्तरजातिय विवाहले गर्दा आफू पछुतो भन्दा सर्घष गर्न सिकाएको बताउँछिन् । घरबाट केही नपाएको आफ्नै कमाइबाट प्रगती हुँदा पैतृक सम्पत्तिमा दावा नगर्ने कुरा वताउँछिन् । हाल श्रीमान् गगनसिंह ३२ वर्षिय दुवैमा रहेको एक मात्र छोरा अनिल सुनार कक्षा एकमा निजि वोडिङ्गमा भर्ना भएको र श्रीमान् विदेशमा भएका कारण विवाह दर्ता, वच्चाको जन्म दर्ता एवं नागरिकता समेत श्रीमानको नाम राखेर वनाउन नसकेको वताउँछिन्, जसले कहिलेकाँही अप्ठ्यारो परेको हुँदा समयमा नै दर्ता गर्नुपर्ने र शारिरीक मानसिक यातना दिनेलाई सजाय दिनुपर्ने बताउँछिन् । अन्तरजातिय विवाहले वावु आमाले अस्वीकार गरेतापनि दाजुभाउजु भाइ वुहारीबाट उल्लेखनीय सहयोग सम्मान पाएको सहज खानपानमा आवत जावत रहेको वताउँछिन् ।

छोरालाई राम्रो शिक्षा दिएर नेपालमै बस्ने आफ्नो लोक संस्कृतिलाई जगेर्ना गर्न आफ्नै मातृभूमीमा रगत र पसिना बगाउने असल नागरिक हुन प्रेरणा गरेको वताउँछिन् । जातजातिमा भएको भेदभावलाई शिक्षाले नै आमुल परिवर्तन गर्ने बताउँछिन् । युवाहरु विदेश पलायन हुने वातावरणलाई प्राविधिक शिक्षा दिएर स्वदेशमै वस्ने कुरा वताउँछिन् ।

## ९. निनुमाया चर्माकार

२०२५ सालमा लेखानाथ नगरपालिका वडा नं. ९ लामास्वाँरामा बावु डम्वर वहादुर चर्माकार र आमा विष्णुमाया चर्माकारको जेठी छोरीको रुपमा जन्म भएको वताउँछिन् । उनका वावु सानै उमेरमा मृत्यु भएकाले उनकको आमा र उनलाई जीवन निर्वाह गर्न गाह्रो परेको वताउँछिन् । आफ्नो जग्गा जमिन कम भएको त्यसमा पनि कम उत्पादन हुने जग्गा भएकाले उनलाई वर्षमा केवल ६ महिनालाई मात्र वल्लतल्ल खान पुग्थ्यो । आमाले अर्काको घरमा गएर काम गरेर ल्याएको ज्यालाले घरमा निर्वाह गर्नु पर्थ्यो भन्छिन् ।

उनी कक्षा १० सम्म सरकारी विद्यालयमा पढ्दै गर्दा २०४३ सालमा लेखनाथ ११ पचभैया निवासी वर्ष वहादुर चर्माकारसंग विवाहवन्धनमा वाधिन । माइतमा दुःखकष्ट भएतापनि वर्ष वहादुर नेपाली शिक्षक भएकाले उनलाई केही व्यवसाय गर्ने उद्देश्यले २०६० सालमा शिशुवा महिला सहकारीमा सदस्य भइन । उनले मासिक रु १०० वचत गर्दै गइन वचत गर्दै गएपछि आर्थिक वृद्धि गर्नका लागि उनले मोहोरियामा किराना पसल गर्नको लागि रु एक लाख ऋण लिइन र व्यवसाय सुरु गरिन । किराना पसल राम्रोसंग चलेको बताउँछिन् त्यपछि उनले सहकारीमा दैनिक रु ५०० वचत गर्दै गइन किनारा पसलमा पनि विस्तार गर्दै गइन जसबाट आर्थिक स्थितिमा सुधार आएको वताउँछिन् । उनले छोराछोरीलाई सरकारी विद्यालयबाट एस.एल.सी उर्त्तीण गराई अहिले कलेज पढाउँदै गरेकी छिन् ।

विगतमा हातमुख जोर्नसमेत कठिनाईमा परेकी निनुमाया अहिले आएर आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रमा समेत सुधार आएको र घरपरिवार धान्न सजिलो भएको वताउँछिन् । सायद उनी यो सहकारीमा सदस्यता नवनेको भए उही पुर्ख्यौली पेशामा वसेका भए यो अवस्थामा आउन सक्ने थिइन भन्छिन् । उनी एस.एल.सी पास नभएको कारणले गर्दा पनि पछि परेको बताउँछिन् । उनी भन्छिन् सम्पत्ति भनेको नै छोराछोरीहरु हुन् यिनलाई राम्रो शिक्षा दिनुपर्छ भन्ने मान्यताले छोराछोरीलाई सरकारीमा र कान्छी छोरी निपूर्ण भएकाले वोडिङ्ग स्कुलमा शिक्षण शुल्क मिनाहा गरी पढाएको बताउँछिन् । श्रीमान्ले कमाएको पैसाले उनीहरुको शुल्क तिर्न र घरव्यवहारु चलाउन पुगेको छ भने उनको कमाइले सामाजिक संस्कार रितीरिवाजलाई धान्दै वर्षमा रु एक लाखसम्म वचत हुने वताउँछिन् ।

सहकारीमा लागेर आफू इमान्दारी शेयर सदस्य भएकाले यस संस्थाबाट उनलाई पटक पटक पुरस्कृत गरेको वताउँछिन् उहाँ आ-आफ्नो घरपरिवार संचालन गर्न सक्षम भएको कुरा वताउदै सहकारीले राम्रो सहयोग भएको उल्लेख गर्नुहुन्छ ।

**१०. आइतीमाया नेपाली**

वि.सं. २०३० सालमा कास्की जिल्ला अर्घौ गाउँ पंचायत वडा नं. ९ हाल लेखनाथ नगरपालिका वडा नं. ७ वडहरेमा वावु अम्मर वहादुर नेपाली र आमा विष्णुमाया नेपालीको जेठो सन्तानको रुपमा जन्म भएको हो । निजका दुई दिदीबहिनी छन् । आमाले घरायसी काम गर्ने गरेको वताउँछिन् । उनलाई खान लाउन नपुग्ने र परिवारीक समस्याले पिरोलीरहेको थियो । उनले वाल्यकालमा निकै दुःख कष्ठ पाएको वताउँछिन् । उनी साधारण लेखपढ गर्न मात्र जानेको बताउँछिन् ।

आइतिमायाका वावु कास्कीको हेम्जाबाट बसाँइ सराई गरी वडहरेमा आएको वताउँछिन् । खेतीपाती अधियाखेत कमाउदै परिवार पाल्दै आएको र मेलापात जाने अर्मपर्म लगाउने गरेको वताउँछिन् । परिवारको आर्थिक अवस्था कमजोर भएकाले वहिनीहरुको हेरविचार गर्ने र घरधन्दा पशु चौपाय हेर्ने घाँस पराल गर्दै वाल्यकालको दिनचर्या वितेको वताउँछिन् । १५ वर्षको उमेरमा कास्की खुदी निवासी केश वहादुर नेपालीसंग विवाह गरेकी आइतमायाका ५ वटा छोरी मात्रै भएको ३ छोरीको विवाह भइसकेको र एक छोरी कक्षा ८ पास गरेकोमा घरायसी अवस्था तथा आर्थिक अवस्थाले पढ्न छाडेको, हाल घरमै रहेको र कान्छी छोरी कक्षा ८ मा सरकारी विद्यालयमा पढ्दै गरेको बताउँछिन् । उनी घरधन्दा गर्न अधियामा २ वटा वाखा पालेको र कहिलेकाही मेलापातसमेत जाने गरेको बताउँछिन् । छोरीहरुको शिक्षा एवं पालनपोषण गर्न गाह्रो परिरहेको अवस्थामा उनी शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा सदस्यता वनेर त्यहाँबाट व्यवसाय छनोट प्रवर्द्धन व्यवसायिक योजना व्यवस्थित लेखा एवं अन्य प्रकारका तालिमहरु निःशुल्क प्राप्त गरिन् । तालिम लिइसकेपछि उनको मनमा वाखापालन व्यवसाय गर्ने अठोट आयो । उनले सहकारी संस्थावाट रु ५००००।- ऋण लिइन र उन्नतजातका १०/१५ वटा वाखाहरु किनिन् वाखा पालन व्यवसाय राम्रो भयो । त्यसबाट मनग्ये फाइदा हुन थालेको वताउछिन् । वाखा मात्र होइन वाखाको मल (जुतो) पनि प्रति वोरा रु ५०० का दरले विक्रि हुदोरहेछ ।

अहिले उनले मासिक रुपमा २५ हजार देखी ३० हजारसमम आम्दानी गर्नुहुन्छ । छोरीहरुलाई शिक्षा दिक्षा तथा घरपरिवार राम्रोसंग चलेको छ भनेर वताउँछिन् । पहिला आम्दानीको

मुख्य श्रोत अधिया खेत रोप्ने आफ्नै बारीमा कोदो वाहेक अरु अन्न नफल्ने पानीको कारण तरकारी समेत किनेर खानु पर्ने अवस्था रहेको थियो भन्छिन् तर अहिले सहकारीमा संलग्न भएपछि घरपरिवार केटाकेटीको शिक्षादिक्षा राम्रोसंग चलेको बताउँछिन् । सहकारीले सहकार्य तथा एक आपसमा सहयोग गर्नुपर्ने रहेछ भन्ने भावनाको विकास गराउँदो रहेछ भन्छिन् । उनको विचारमा वाखा पालन व्यसाय राम्रो रहेछ किनकि वाखा खसी बोका वेच्न वजार जान पर्दैन घरमै लिन आउछिन् साथै वाख्रा मर्न लागे पनि मासु विक्रि हुँदोरहेछ भन्छिन् । अहिले उनले वाख्रा हेर्ने एकजना मान्छे राखेकी पनि छन् ।

परम्परागत खेतीपाती भन्दा वाखा पालन व्यवसायले आर्थिक अवस्थामा सुधार आउनुका साथै सामाजिक तथा राजनैतिक क्षेत्रमा पनि निकै चेतना वढेको वताउँछिन् । यसको देन भनेको सहकारीले दिएको महिला सशक्तिकरण सम्वन्धी तालिमले हो भन्ने कुरा प्रष्ट पारिन् । अहिले उनले अव आउने पुस्तालाई पनि एक न एक व्यवसाय गर्नुपर्छ भनेर सबैलाई सिकाएकी छन् । उनी टोल विकास संस्थामा पनि संलग्न छन् । यी सबै गराउने तथा आँखा खोलिदिने काम सहकारीले गरिदियो भन्छिन् । वैङ्कमा चर्को व्याज हुँदो रहेछ तर सहकारीमा सस्तो र सुलभ दरमा ऋण पाइएको छ भन्छिन् ।

**११. सन्तमाया नेपाली**

२०३३ सालमा वावु विर्ख वहादुर नेपाली र आमा सपना नेपालीको चितवन प्रगति नगरमा जन्म भएको हो । घरमा ३ दाजुभाई र एक दिदी रहेका छन् । उनकी आमा खेतीपाती गर्ने र वावु छालाको काम गर्न र परिवारकी कान्छी छोरी भएकाले परिवारमा कहिल्यै पनि खासै समस्या नपरेको बताउँछिन् ।

सन्तमायाको २०५३ सालमा लेखनाथ नगरपालिका वडा नं. ७ तालचोकमा दिपक नेपालीसंग विवाह भएको थियो । कक्षा १० सम्म अध्ययन गरेर विचैमा छाड्न परेको थियो । हाल ९ वर्षका एक छोरा र कक्षा १ मा पढ्ने छोरी पढ्दै गरेको वताउँछिन् । आफूले पढ्न नपाएता पनि छोराछारी पढाउने लक्ष्य लिएको जसका लागि श्रीमान् श्रीमती नै लागि परेको बताउँछिन् । वावु वाजेको पालामा प्रसस्त अन्न पाइन्थ्यो । अधिकांश मानिसहरु कृषि पेशा अगाल्थे समाजमा एक आपसमा मिलेर पर्म लगाउने मेला जाने परिपाटी भएको वताउँछिन् । जिवन निर्वाह मुखी थियो ।

अहिले छोराछोरीलाई शिक्षा दिक्षा दिन पालन पोषण गर्न पनि मुस्किल परेको थियो । अहिलेका पुस्ताले पुरातन पेशा प्रति उदासीन देखाउन थालेका छन् । अर्मपर्मले जिवन निर्वाह गर्न गाह्रो भएको छ । एक छोरा र एक छोरी वृद्ध सासु ससुरा एवं श्रीमान्‌को पनि मासिक आम्दानी हुने कुनै काम नपाएपछि सन्तमायालाई परिवार चलाउन गाह्रो परिरहेको थियो । सन्तमायाले सोचविचार गरिन तर साथमा पैसा थिएन । त्यस वेला सन्तमाया सहकारीमा सदस्य भई केही पैसा निकाल्ने र सानो तिनो व्यवसाय गर्ने सोच वनाइन सहकारीमा सदस्य बनिन् अरु केही न केही गर्नुपर्छ भनि सोचविचार गरी ठेला व्यवसाय संचालन गर्ने निधो गरिन् । सहकारी बाट रु ३० हजार रुपैया ऋण लिइन र ठेला किनिन र फलफूलको व्यसाय सुरु गरिन् । यस व्यवसायबाट उनको जीवनस्तर माथि उठेको छ भन्छिन् । छोराछोरीलाई पठनपाठन र घरायसी खर्च राम्रोसंग टरेको छ भन्छिन् । साथै सासुससुराको पालनपोषण गर्न सबै काम यही व्यवसायबाट चलिरहेको छ सन्तमाया हाल पृथ्वीचोकमा ठेला व्यवसाय चलाएकी छन् । उनी विहान वेलुका पृथ्वीचोकमा फलफूलको व्यापार गर्दछिन भने उनी घरको काम गर्न जाँदा उनका श्रीमान् फलफूलको ठेला लिई घरघरमा पुऱ्याउछन् । उनले उचित समयमा साँवा र व्याज र ऋणको किस्ता तिर्न उनीहरुले सहकारी संस्थाबाट समेत उनी असल ऋणी र उत्कृष्ट सफल व्यवसायिका रुपमा सधै पुरस्कृत हुन पुगेकी छन् ।

उनी भन्छिन्, सहकारी भनेको एक आपसमा सहकार्य गर्ने, एकले सबैलाई र सबैले एकलाई सहयोग गर्ने संस्था रहेछ । सहकारीमा लागेर उनको आर्थिक अवस्थामा निकै सुधार आएको भन्छिन् । पहिला घर चलाउन निकै गाह्रो थियो । अहिले सहकारीमा लागेर सामाजिक आर्थिक अवस्थामा निकै सुधार आएको वताउँछिन् ।

## १२. ज्ञानु श्रेष्ठ

वि.सं. २०२४ सालमा लेखनाथ नगरपालिका अर्घौं वजार वावु मोहन श्रेष्ठ र आमा चिन कुमारी श्रेष्ठको साहिली छोरीका रुपमा जन्म भएको हो । उनको परिवारमा श्रीमान् र २ छोरा रहेका छन् । उनी कृषि कार्यमा मेलापात गर्ने गरेको वताउँछिन् । छोरा नेत्र वहादुर वर्ष १२ कक्षा ७ मा सरकारी विद्यालयमा पढ्दै गरेको वताउँछिन् । गरीब परिवारमा जन्म भएको र घरायसी समस्याले गर्दा सामान्य लेखपढ गर्न मात्र सक्ने वताउछिने । शिक्षाले मानिसको जिवनमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले हाल छोराहरुलाई पढाउन लागेको तर आफूले सामान्य लेखपढ मात्र गर्न जानेको तर जेठो छोराले कति कोशिस गर्दा समेत कक्षा ८ मात्र पढेको छ भन्छिन् । आफ्नो आर्थिक

अवस्था निकै कमजोर भएकाले केहिन केही गर्नुपर्छ भन्ने सोच उनमा आयो । सहकारी संस्थामा सदस्य वनिन् र सहकारीले उनलाई विना धितो रु ५०००० ऋण लिइन र कस्मेटिक तथा व्युटिपार्लर पसल सुरु गरिन । सानो पसल फस्टाउदै गयो मुनाफा वढ्दै गयो उनि नियमित रुपमा उनले सहकारीमा ऋण तिर्दै गइन र आम्दानीका स्रोत वढ्दै गयो कस्मेटिक पसललाई स्थगित गरी ले.न.पा. मोहोरियामा काठ मिल राख्न उनले श्रीमान सहित ५ जना जमानत साक्षी राखी रु ३०००० तीन लाख ऋण लिइन आफ्नो व्यवसायलाई निरन्तरता दिदै जाँदा फाइदा वढ्दै गयो । आफ्नो एउटा घडेरी नभएको अहिले नजिकै वडा नं. ११ मा ८ आनाको घडेरी किनिन्, छोरीहरुलाई उच्च शिक्षा पढाउन सफल भइन । गरीव तथा जेहेन्दार भनी शिक्षामा केही छुट भएर सजिलो भएको बताइन् ।

ज्ञानु अहिले एउटा काठ मिलमा छ जना कामदार राखी उद्योगको मालिक बन्न पुगिन् । आफ्नो सिपलाई पहिचान गरी देखाइन् यति मात्र हो र ? ज्ञानु आफ्नो जग्गा नभए पनि अर्काको बारीमा अदुवाखेती, आलु खेती, करेसावारीमा थरीथरीका तरकारी रोपी उदाहरणीय महिलाको रुपमा परिचित छन् । महिला आर्थिक रुपबाट सम्पन्न हुनको लागि विश्वासिलो इमान्दारीता भएमा सबैले पत्याउने रहेछन् भन्ने कुरा वताउँछिन । उनी इमान्दारी र समयमा सहकारीको ऋण व्याज समयमा भुक्तानी गर्दछिन्

आज उनलाई विपन्नबाट सम्पन्न तर्फ लैजान सहकारीले ठूलो सहयोग गरेको कुरा वताउनुहुन्छ । सहकारीको सहकार्य उनको लागि उदाहरणीय छ भन्ने कुरा व्यक्त गर्नुहुन्छ । अहिले आर्थिक स्तर वढेको छोरीको शिक्षामा सुधार भएको काम गर्ने जोस जाँगर वढेको विभिन्न संघ संस्थाले आफूलाई सहभागि गराएकोले जीवनमा परेका समस्यालाई सहजिकरण गर्दै जाँदा सफल भएको, आफू निडर र ढुक्क भई अगाडी वढेको कुरा उनले वताउछिन् ।

## १३. रेनुका बञ्जरा

माता स्व. सरिता अधिकारी र पिता स्व. लिलाम्बर अधिकारीबाट २०१७ साल फागुन २ गते लेखनाथ नगरपालिका वडा नं. ७ डाँडाको नाक कास्कीमा जन्मनु भएकी रेनुकाको लेखनाथ नगरपालिका वडा नं. ९ लामाश्वाँरा निवासी हरि बञ्जरासँग २०३९ साल फागुन ८ गते विवाह भएको हो । श्रीमान् सासु, एक छोरा, एक छोरीसँग संयुक्त परिवारमा रहदै आउनु भएको छ । उहाँले १०+२ पास गर्नुभएको छ । शिशुवा महिला बचत तथा ऋण सहकारीको स्थापना देखि नै अध्यक्ष पदमा कार्य गर्दै आउनुभएको छ । २०६० सालदेखि कास्की जिल्ला सहकारी संघको सदस्य

एवं महिला उप-समितिको संयोजक हुदै २०६५ सालमा जिल्ला सहकारी संघ कास्कीमा चुनावी प्रतिस्पर्धाबाट सदस्य पदमा रही काम गर्दै आउनुभएको थियो । विभिन्न संघ संस्थामा कार्य गर्ने क्रममा उहाँ हाल पनि वचत संघ कास्कीको सल्लाहाकार, लाइन्स क्लब अफ लेखनाथको उपाध्यक्ष समेत भई हाल सरस्वती नि.मा.वि. मोहोरियाको व्यवस्थापन समितिको सदस्य रहनुभएको र सहकारी क्षेत्रमा एक उदाहरणीय व्यक्तित्वको रुपमा देखिनु भएको छ । सहकारीको स्थापना काल देखि नै आफ्ना संघका सदस्यहरुलाई आयआर्जनका कार्यदेखि लिएर विभिन्न किसिमका तालिमको व्यवस्था गराउने गरि महिला दिदिबहीनीहरुको क्षमता, चेतनामा वृद्धि ल्याउनुका साथै आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । उहाँ आँफैपनि एक सफल व्यवसायिक रुपमा मोहोरियामा बण्जरा स्टेशनरी नामको व्यापार गर्दै आउनुभएको छ । उनको व्यापार राम्रोसँग भएको छ । विगतका दिनहरुमा त्यति राम्रो पसल चलेको थिएन, लगानी पनि थोरै भएर हुन सक्छ पछि सहकारीबाट रु. १,००,०००।- भन्दा बढि ऋण लिई व्यवसायमा लगानी गर्नुभयो । त्यसपछि  बजार पनि विस्तार भयो र स्टेशनरीबाट राम्रो फाइदा रहेको बताउहुन्छ ।

विगतमा हुन नसकेका कार्यहरु जस्तै कृषकको लगि तालिम जिल्ला र केन्द्रिय स्तरका सहकारी सम्बन्धि गतिविधिमा सक्रिय सहभागिता प्रशिक्षक तथा डिजाईन कार्यलयसंगको सम्वन्ध एवं समन्वयमा प्रभावकारी भूमिका निभाउदै आउनुभएको  छ । यसै सहकारीवाट समग्र सहकारीकर्मीहरुको जीवनस्तर माथि उठाउनुपर्ने उहाँको सुझाव छ ।

**१४. शिव रानामगर**

वि.सं. २०२७ सालमा बाबु शम्शेर राना र आमा बाटुली राना मगर की कान्छी छोरीका रुपमा जन्म भएको हो । उनको वाल्यकालमा सुख थिएन खेतीपाती किसानी पेशा गर्दथे । उहाँले टेष्ट पास गर्नु भएको हो ।

बिहान साँझ खाना पकाउने काम सकेपछि छोरा छोरी हुर्किई सकेकोले रानालाई दिउसो कसरी समय बिताउने पिरलो परिरहेको थियो । ३ वटा छोरी र एक छोराकी आमा शिव राना छोरा छोरीको शिक्षा एवं पालन पोषण गर्न गाह्रो परिरहेको अवस्थामा शिशुवा सहकारीमा सदस्य भएर त्यहाँबाट व्यवसाय छनोट प्रर्वद्धन, व्यावसायिक योजना व्यवस्थित लेखा एवं अन्य विभिन्न प्रकारका तालिमहरु लिइसकेपछि कुनै व्यावसाय गर्ने अठोट मनमा लिई गाई पालना गर्ने व्यवसाय अपनाइन् । अहिले उनका ४ वटा गाई गोठ छन् । ४ वटा गोठमा २० वटा गाईहरु छन् । गाईको दुध विक्रि गर्न बजारको कुनै समस्या छैन । गाईको दुध मात्र होइन । मल त्यत्तिकै मात्रामा विक्रि हुन्छ ।

अहिले शिव राना मासिक रुपमा तीस हजार देखि चालिस हजार सम्म आम्दानी गर्नुहुन्छ भने कहिलेकाँही यो भन्दा पनि धेरै आम्दानी गर्नुहुन्छ । चार जना छोराछोरीलाई क्याम्पस, स्कूल, घरधन्दा सबै शिबको आम्दानीले धानेको छ । यसको अलवा मासिक रुपमा २० हजार रुपैया बचत गर्दछु भन्नुहुन्छ शिब रानामागर । उनले अहिले उनले आफ्नो आम्दानीबाट एक स्कुटर किन्नुभएको छ । जसबाट छिटो छरितो घर र व्यवसाय हेर्न भ्याएकी छिन् । पढेर जागिर पाइएन भन्दै हिड्ने यूवापिंढीलाई कुनैपनि व्यवसाय राम्रोसँग गरेमा सफल भइन्छ भन्ने उहाँको सुझाव छ ।

**१५. शर्मिला रानाभाट :**

२०२१ सालमा आमा देवी रानाभाट र बाबु सम्मर रानाभाटको जेठी छोरी हुन् । उनी तनहुँको सत्यवती उच्च मा.वि. दमौलीमा कक्षा १२ मा पढ्दै गर्दा लेखनाथ-८ निवासी शेखर रानाभाटसँग विवाह भएको थियो । उनका दुई छोराहरु छन् ।

आर्थिक स्थिति मजबुत बनाउनको लागि उनले केहि गर्नुपर्छ भन्ने भावनाले तथा साथीको सल्लाहले नजिकको शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा आवद्ध हुनुभयो । त्यसपछि सहकारी संस्थाबाट रु. १,००,०००।- (एक लाख) ऋण लिएर उनले किराना पसल शिशुवामा व्यवस्थित रुपले गर्नुभयो । त्यस पसलबाट दैनिक रुपमा रु एक हजार आम्दानी हुदै गयो र नाफा भएको रकमलाई दैनिक वचत गर्दै जानुभयो । व्यवसायमा राम्रै आम्दानी भएकोले व्यवसायमा थप लगानी गर्नुभयो । लगानी गरे अनुसार आम्दानी पनि बढ्दै गयो । छोराहरु सरकारी विद्यालयबाट बोर्डिङ स्कूलमा पढ्न पठाउनुभयो किनकी बोर्डिङ विद्यालयमा वालवच्चा अनुशासित तथा नियमित हुन्छन् भन्ने उहाँको धारणा छ । परम्परागत व्यवसायले भन्दा हालको तत्काल आय आर्जन गर्ने खालको पेशा अपनाइएमा जीवनस्तर माथि उठ्ने उनको धारणा छ । शर्मिलाले दुई छोराहरुको व्रतवन्ध हिन्दु धर्मको संस्कार अनुसार ब्राह्मणहरुलाई निमन्त्रणा गरी इष्टमित्र तथा छरछिमेकलाई बोलाई धुमधामका साथ सु-सम्पनन गराएको बताउनु हुन्छ । उनको राम्रो आम्दानी भएका कारणले सामाजिक संस्कार अनुसार राम्रो खर्च गर्न सकेको कुरा बताइन् । उनी आफ्नो पेशामा सन्तुष्ट हुनुहुन्छ र सहकारीको माध्यमबाट नै महिलाहरुको आर्थिक उन्नती बढ्नुको साथै क्षमता तथा चेतनामा वृद्धि भएको छ भन्नुहुन्छ ।

## १६. विष्णुमाया तामाङ

वि.सं.२०३१ साल कालिका गा.वि.स वडा नं २ आरुपाटामा बाबु थम बहादुर तामाङ र आमा सगुन तामाङ  को कोखवट माईली छोरीकी रुपमा जन्म भएको हो । कक्षा एक देखि पाँचसमम प्राथमिक शिक्षा आरुपाटामा र नि.मावि तथा एस.एल.सी संमको शिक्षा कालिका मा.वि कालिकामा गनुभयो । उनको विवाह लेखनाथ नगरपालिकाको वडा नं ९ निवासी अम्मर तामाङसंग भयो । उनको दुई छोराहरु भए । उनी शिक्षक पेशामा संलग्न भई शिशुवा महिला सहकारी संस्थाको सक्रिय सदस्य हुनुहुन्छ ।

उनले आफूले कमाएको मध्य पचास प्रतिशत जति सहकारीमा बचत गर्नुहुन्छ । सहकारीमा आवद्ध शेयरसदस्यहरुलाई पटक पटक राय सल्लाह तथा सुझाव दिने एक क्रियाशिल सदस्य हुनुहुन्छ । उनी शान्ति प्राथामिक विद्यालयको एक असल शिक्षिका हुनुको  साथै एक सफल गृहिणि हुनुहुन्छ । समाजसेवा तथा संघसंस्थामा काम गर्न रुचि राख्नुहुने आफूलाई त्यस स्स्थावाट सन्तुष्ट मिलेको बताउनुहुन्छ । सहकारीनै यस्तो माध्यम हो जसले सामान्य व्यक्तिहरुलाई आफ्नो जिविकोपार्जन गर्नका लागि कुनै व्यक्तिसंग हात फैलाउन पर्दैन । सहकारीको मध्यमबाट थुप्रै महिला दिदिबहिनीहरुकोक्षमता चेतनाको विकास, आर्थिक, सामाजिक, राजनीतिक तथा संस्कृतिमा आमूल परिवर्तन भएको कुरालाई जोड दिनुहुन्छ । विमला आफूले गरेको वचतवाट आफूलाई बास वस्नका लागि एक सानो पाँच आनाको घडेरी किनेको बताउनुहुन्छ । सहकारीमा निरन्तर लागि पर्ने क्रियाशिल इमान्दारी र कुशल व्यक्तित्व भएमा थुप्रै अवसरहरु प्राप्त हुँदोरहेछ भन्ने बताउनुहुन्छ ।

## १७.लक्ष्मी सुनार

पिता चतुरे सुनार र माता सरस्वती सुनारको कोखवाट २०१९ साल फाल्गुन २७ गते तनहुको दुलेगौडाँमा जन्म भएकी लक्ष्मी सुनार लेखनाथ नगरपालिका १२ खुदीमा निवासी हर्क बहादुर सुनारसंग २०४१ साल माघ १ गते कक्षा ८ पास भएपछि विवाह भएको हो । श्रीमान्, सासु, ससुरा, दुई छोरा एवं छोरीसँग संयुक्त परिवारमा वस्दै आउनुभएको छ ।

उहाँको श्रीमानले कतारमा गएर कमाएको रु दश लाख जापान जाने प्रक्रियामा दलालहरुले उक्त रकम  नदिइएको साथै निजलाई जापान पनि पठाइदिएन : यस्ता आर्थिक संकट र विपत्तिको वेलामा शिशुवा महिला सहकारी संस्थाकी व्यवस्थापकको सल्लाह अनुसार संस्थामा शेयर खरिद गर्ने सल्लाह अनुसार सो संस्थामा शेयर खरिद गर्नुभयो त्यसपछि विना धितो संस्थावाट रु एक लाख

ऋण  लिई कपडा सिलाउने मेशीन दुई वटा र कपडा खरीद गरि व्यवसाय सुरु गरि संस्थाका एकसय जना सदस्यले कुर्था सुरुवाल जस्ता कपडा सिलाउन दिए जसवाट उनले घरायसी समस्या टारी सहकारीको ऋण असुल गर्न सफल भइन् ।

यो शिक्षा मुलक व्यवसायलाई निरन्तरता दिदै आएकी छिन् । उनले सहकारीमा रु. ८००।- का दरले दैनिक वचत गर्छिन् भने अन्य अम्दानी छोराछोरीको पढाईमा तथा सामाजिक रीतिरिवाजमा खर्च भएको वताउँछिन् ।

लक्ष्मी भन्नुहुन्छ "आफ्नो आर्थिक स्थिति दयनिय भएको अवस्थामा यस शिशुवा सहकारी व्यवस्थापक लगायत सम्पूर्ण शेयरसदस्यहरुले उनको मर्मलाई बुझि लगानी तथा सहयोग, सदव्यवहार, सद्मार्गमा ल्याएकोमा सहकारीप्रति सकरात्मक धारण रहेको बुझ्नुहुन्छ ।" सहकारी भनेको सहकार्य गर्ने, दुःख, सुखलाई बाँढ्ने रहेछ भन्ने उनको सोचाई रहेको छ ।

**१८. राममाया थापा**

वि.सं. २०१८ सालमा हालको लेखनाथ नगरपालिका वडा नं. १० तालबेसीमा जन्म भएको हो । बाबु हर्क बहादुर थापा र आमा आइतीमाया थापाकी माहिली छोरी राममाया थापाको बाल्यकाल अत्यन्त कमजोर आर्थिक अवस्थामा व्यतित भएको बताउनु हुन्छ । साधारण लेखपढ गर्न मात्र जान्ने एस.एल.सी. उत्तिर्ण गरेकी राममाया सानै उमेर देखि उनकी आमाले अर्मपर्म गरेर पठन पाठन तथा घरयासी खर्च पुऱ्याएको बताउनुहुन्छ । परिवारको अवस्था कमजोर भएकोले बहिनीहरुको हेरविचार गर्ने घरधन्दा, घाँसपात गर्दै वाल्यकाल वितेको बताउनु हुन्छ । १८ वर्षको उमेरमा लेखनाथ ११ निवासी केश बहादुरसँग विवाह गरेकी राममायाका चार वटा छोरी मात्र भएको बताउछिन् ।

राममाया स्वेच्छाले सहकारीमा लाग्नु राम्रो हुन्छ , जसको उद्देश्य नै आपत पर्दा एक आपसमा सहयोग गर्ने संस्था हो भन्ने महिला भएकोले शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा सदस्य बनिन् । सदस्यता भएपछि केहि न केहि गर्नुपर्छ भन्ने उच्च मनोवल भएकोले उनले ५ रोपनी जग्गा भाडामा लिई चार जोडी बाखा पालना गरी बाख्रा पालनाबाट बर्सेनी बाख्रा खसी, बोका विक्री वितरणबाट बार्षिक रु. १,५०,०००।- सम्म आम्दानी गर्ने गरेको बताउँछिन् ।

बाख्राको जुतो तरकारी खेतीको लागि राम्रो मल हुने भएकोले घर वरीपरी तरकारी खेती समेत अत्यन्त राम्रो भएकोले तरकारीबाट पनि वार्षिक पचास साठी हजार रुपैया आम्दानी गरेको

बताउछिन् । उनको श्रीमान् ड्राइभर भएकोले खान पुग्ने, आफूले कमाएको पैसाले छोरा छोरीहरुको शुल्क तिर्न पुगेको, सामाजिक संस्कारमा पनि खर्च गर्न पुगेको कुरा बताउनु हुन्छ ।

### १९. सिमा सुवेदी (पौडेल)

वि.सं. २०३९ माघ १० गते शुक्रबारका दिन कास्की जिल्लाको भदौरे गा.वि.स. वडा नं. ४ हर्पनमा पिता नन्दलाल पौडेल र माता रञ्जती पौडेलको कोखबाट जन्म भएको हो भने उनको विद्यालय शिक्षा गाउँकै विद्यालयबाट भएको थियो । उच्च शिक्षा पृथ्वीनारायण क्याम्पस, पोखराबाट भएको हो । उनको विवाह लेखनाथ-९, निवासी कृष्ण सुवेदीसँग भएको हो ।

सिमाको आर्थिक अवस्था मध्यम खालको थियो । उनको परिवारमा उनको श्रीमान्को वाहेक अरुको आम्दानी थिएन । त्यसैले उनी श्रीमान्ले दिएको केहि वचत रकम शिशुवा महिला सहकारीमा वचत गर्दै जाने रहिछन् ।

वचत गर्दै जाँदा परिवारको सल्लाहले उनले शिशुवा सहकारीबाट रु. १,००,०००।- ऋण लिई मसला उद्योग सञ्चालन गरिन् । मसला उद्योगको साथमा किराना पसल पनि राखिन् । व्यवसाय राम्रो हुँदै गयो । मसला उद्योगबाट पाँच हजार देखि दश हजारसम्म मासिक रुपमा आम्दानी हुँदै गयो । किराना पसलबाट आम्दानी हुन थाल्यो । मसला विक्रि गर्न कुनै बजारको कुनै समस्या छैन । मसला स्वादिष्ट र गुणस्तरिय उत्पादन भएकोले छरछिमेकका व्यक्तिहरु खरीद गर्न आउँछन् । अहिले सिमाको आम्दानी मासिक रुपमा रु. २०,०००।- देखि रु. ४०,०००।- सम्म हुन्छ । उनका दुई छोराहरुलाई स्कूल पढाई खर्च, घरायसी खर्च सुवेदीको आम्दानीले धानेको छ । यसको अलावा मासिक रुपमा रु. १५,०००।- वचत गर्छु भन्नुहुन्छ । उनको व्यवसाय राम्रो चलेको छ । त्यसैले उनी समय समयमा साँवा ब्याज र ऋणको किस्ता तिर्ने हुनाले संस्थाबाट उनी असल ऋणी तथा उत्कृष्ट व्यवसायीको रुपमा सधैं पुरस्कृत हुन्छिन् ।

### २०. तारा गुरुङ

वि.सं. २०२८ साल जेठ महिनामा लमजुङ वेशीशहरमा जन्मनु भएका उहाँ हाल लेखनाथ नगरपालिका वडा नं. १ नौविसेमा बस्नुहुन्छ । निजका दुई छोरा र एक छोरी छन् । शैक्षिक योग्यतामा उहाँको १०+२ पास गरेको बताउनुहुन्छ । छोराछोरीको शिक्षा एवं पालन पोषण गर्न गाह्रो भएको अवस्थामा शिशुवा महिला सहकारीमा सदस्य भएर त्यहाँबाट व्यवसाय छनोट, प्रवर्द्धन, व्यवसायिक योजना, व्यवस्थित लेखा एवं कृषि पशुपालन तथा अन्य प्रकारका तालिमहरु लिई

सकेपछि कुनैपनि व्यवसाय गर्ने इच्छा मनमा जाहेर भयो त्यसैले उनी कुखुरा पाल्ने व्यवसाय अपनाइन् । अहिले उनका तीनवटा कुखुरा फर्ममा ४००० देखि ५००० सम्म कुखुरा छन् । आफू बजारको केन्द्र विन्दुमा नै भएको हुनाले कुखुरा विक्रि गर्न कुनै समस्या छैन । कुखुरा विक्री मात्र नभइकन कुखुराको सुली (मल) पनि त्यत्तिकै मात्रामा विक्री हुन्छ । अहिले तारा रु. ३५,०००।- देखि रु. ४५,०००।- सम्म आम्दानी गर्नुहुन्छ । उहाँको व्यावसाय फस्टाउँदै गएको कुरा बताउनुहुन्छ । विभिन्न जातको कुखुराका चल्लाहरु उत्पादन गरी कुखुरा व्यवसायीहरुलाई विक्रि गर्नुहुन्छ । उहाँले घरयासी खर्च, समाजसेवा खर्च आदिलाई कटौती गर्दै रु. २५०००।- सम्म वचत गर्ने कुरा बताउनुहुन्छ । हाल उहाँको व्यावसाय राम्रो चलेको छ र उक्त व्यावसायबाट छोराछोरीको पढाई खर्च सासु ससुरा नन्द देवरको पालन पोषण गर्ने खर्च यहि व्यावसायबाट चलिरहेको बताउनुहुन्छ । व्यावसाय चलाउने क्रियाशिल महिला कुखुरा फर्मकी एक दक्ष तालिम प्रशिक्षकको रुपमा परिचित छन् । सहकारीका कुखुरा पाल्ने महिलाहरुलाई ताराले सल्लाह सुझावको साथ समय समयमा तालिम पनि दिनुहुन्छ ।

सारांशमा भन्नु पर्दा सहकारीमा लाग्नु पूर्व कुनै व्यवसाय सञ्चालन गर्न नसकेका महिला सदस्यहरु, आर्थिक अवस्थाले पिल्सिएर बसेका महिलाहरु, ऋण लिएर पनि के काम गर्ने भन्ने अलमलमा परेकाहरुलाई सहकारीको माध्यमबाट, सीपमूलक तालिमको व्यवस्था गरी जीवनस्तर उकास्न यस सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उनीहरुलाई आय आर्जन गर्ने देखि लिएर सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका समेत गर्न सफल भएका छन् ।

# अध्याय -छ

## सामाजिक आर्थिक परिवर्तनको विश्लेषण

### ६.१ सामाजिक प्रभावको विश्लेषण

मानिस एक चेतनशिल प्राणी हो र उ समाजमा मिलेर वस्दछ । मानव हितका लागि वा स्वार्थका लागि एकले केही गर्न सकिदैन त्यसका लागि संगठित हुन आवश्यक छ जसको एकल होइन सबै मिलेर सहकार्य गर्नुपर्दछ भन्ने भावनाको विकाससंगै औद्योगिकीकरणको विकास भयो तर यसले गर्दा मानिस आफै भित्र हुने र नहुने वर्गको उदय भयो । विश्वमा हुने र नहुने वर्गको उदय भइसकेपछि उनीहरु वीचको दुरी कम गर्नलाई कम आयश्रोत भएका र एक्लैले मात्रै काम गर्न नसक्नेलाई समुह वनाएर काम गर्ने परीपाटीको विकास भयो । जसको फलस्वरुप सहकारीको जन्म भयो त्यही सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय गरेका फरक फरक विचार धारणा राखेका मानिसहरुलाई गोलवन्ध गराई सहकारी खोल्ने संस्कृतिको विकास भई आज गाउघर शहर जतातत‌ै सहकारी संस्थाहरु खुलेका छन् । सहकारीको रुपमा के प्रभाव पर्‍यो भन्ने कुराहरु नै यस अध्ययनमा गरिएको छ । सहकारीताले प्रत्येक मानिसमा केही नयाँ भावनाको सञ्चार गराउँछ । सहकारी मार्फत सदस्यहरुले विभिन्न क्षेत्रमा लगानी गरी सदस्यहरुको सामाजिक र आर्थिक शसक्तिकरणको लागि प्रयास भैरहेको छ ।

सहकारीमा लागेका महिला दिदीवहीनीहरुको आर्थिक सामाजिक र सांस्कृतिक कुराहरुमा विशेष परिवर्तन ल्याउन त्यस्तै किसिमका सभा सम्मेलन भेला गोष्ठी तालिम  छलफल आदी संचालन भएको पाइन्छ । पहिला बोल्न नजान्नेहरु अर्कासंग कुरा गर्दा हिचकिचाउनेहरु आज सहकारीको प्रभावका कारण संघ संस्था निर्धक्क भएर चलाउने आफ्ना कुराहरु प्रष्ट रुपमा राख्न सक्ने सभासम्मेलनमा निर्धकसंग राख्न सक्ने आफ्ना कुराहरु प्रष्ट राख्न सक्नेदेखी लिएर आफ्नो सामाजिक सांस्कृतिक अवस्थालाई सुधार गर्न त्यत्तिकै मेहनत गरेर लागेका अत्यन्तै अनुशासित रुपमा प्रस्तुत हुने आफ्नो संस्थालाई कसरी अगाडि बढाउन सकिन्छ भनेर चिन्तन मनन गर्ने सदस्यको हितको बारेमा सोच्ने, बोल्ने र सहयोग गर्ने उनीहरुका हरेक क्रियाकलापलाई नजिकबाट हेर्न राय सल्लाह तथा आवश्यक सुझाव सहित सहयोग गर्ने लगायतका धेरै कुरामा महिला दिदी बहिनीहरुमा चेतना आएको पाइन्छ । विशेषगरी सहकारीमा लागेपछि आफ्नो पौरखले काम गर्नुपर्छ,

कमाएको पैसा मध्ये केहि वचत गर्नुपर्दछ, अनावश्यक क्षेत्रमा खर्च गर्नु हुदैन आफ्नो संस्कृतिको पहिचान गरी त्यसलाई जोगाउन प्रयत्नरत हुने देखि समाज र राष्ट्रको विकासमा समेत टेवा पुऱ्याउन निकै प्रयास गरेको पाइन्छ ।

सहकारीका सदस्यहरुको हरेक कामको मूल्याङ्कन, कार्यक्षमताको विकास नेतृत्वको विकास, संस्था परिचालानमा प्रभावकारी भूमिका निभाउन हरेक सदस्यलाई त्यतिकै जोड गरेकाले यस शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुले सहकारीको मूल्य मान्यता र सिद्धान्तलाई पालना गर्दै अग्रपथमा अगाडि लम्किरहेको पाइन्छ ।

सहकारीका २५० जना शेयर सदस्यहरु मध्ये उद्देश्यमूलक नमूना छनौट विधि अनुसार यहाँ २० जनाको मात्र वैयक्तिगत अध्ययन गरिएको छ । यस अध्ययनबाट सहकारीमा लाग्न प्रेरणा दिनेहरुको विवरण यसरी देखाउन सकिन्छ ।

**सहकारीमा लाग्न प्रेरणा पाउने सदस्यहरु**

**तालिका ६.१: सहकारीमा लाग्न प्रेरणा दिनेहरुको विवरण**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | साथीको सल्लाहले | १० | ५० |
| २ | स्वेच्छाले लाग्ने | ४ | २० |
| ३ | परिवारको सल्लाहले | ६ | ३० |
| जम्मा | | २० | १०० |

***श्रोत : स्थलगत सर्वेक्षण २०७०***

माथिका तालिकाबाट सहकारीमा लाग्नको लागि प्रेरणा पाउने सदस्यहरुको स्थिति बुभ्न सकिन्छ । सहकारीमा लाग्न साथीको सल्लाहबाट प्रेरणा पाएका भन्ने १० जना, ५० प्रतिशत रहेको पाइयो । सहकारीमा लाग्न स्वेइच्छाले लागेको भन्ने ४ जना, २० प्रतिशत र परिवारको सरसल्लाहले भन्नेमा ६ जना ३० प्रतिशत सदस्यहरु प्रत्यक्ष भेटवार्ताको क्रममा थाहा भयो ।

**उमेर र शिक्षाका आधारमा सहकारीमा संलग्न सदस्यहरु**

सहकारीमा संलग्न हुने सदस्यहरु को उमेर र शिक्षाको अवस्थालाई तालिकावद्ध गर्न सकिन्छ ।

**तालिका ६.२ : उमेर र शिक्षाका आधारमा सहकारीमा संलग्न महिला सदस्यहरु**

| क्र.सं. | उमेर | निरक्षर | साक्षर | एस.एल.सी. | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २१ वर्ष देखि ४० वर्ष सम्मका | - | २ | ४ | २ | ८ |
| २ | ४१ वर्ष देखि माथिका | १ | २ | ६ | ३ | १२ |
| जम्मा | | १ | ४ | १० | ५ | २० |

*स्रोत : स्थलगत रिर्पोट २०७०*

माथिका तालिकामा २१ वर्ष देखि ४० वर्ष बीच हुने उमेर समूहका ८ जना, ४० प्रतिशत महिला सदस्यहरु छन् भने ४१ वर्ष माथि उमेरका सदस्यहरु सहकारीमा संलग्नता जम्मा १२ जना, ६० प्रतिशत देखियो । सहकारीमा आवद्ध हुनको लागि उमेर र शिक्षाले केही प्रभाव पार्दो रहेनछ भन्ने सन्देश प्राप्त भयो । समाजमा सबैसंग सहकार्य गर्न तथा महिला शसक्तिकरण गर्न शिक्षाले धेरै हदसम्म सहजिकरण गर्ने कुरा जानकारी भयो ।

**सहकारीमा विभिन्न कारणबाट संलग्न भएका सदस्यहरु**

**तालिका ६.३: सहकारीमा विभिन्न कारणबाट संलग्न महिला सदस्यहरु**

| क्र.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | बचत गर्न, ऋृण लिई पेशा व्यवसाय गर्न | १६ | ८० |
| २ | व्यक्तित्व विकास गर्न एवं महिला शसक्तिकरण हुनको लागि | ४ | २० |
| जम्मा | | २० | १०० |

*स्रोत : स्थलगत रिर्पोट २०७०*

माथिको तालिकाबाट के देखिन्छ भने सहकारीमा लाग्नको मुख्य कारण नै वचत गर्न तथा ऋृण लिई पेशा व्यवसाय गर्ने सदस्य १६ जना, ८० प्रतिशत र आफ्नो व्यक्तित्व विकास एवं महिला शसक्तिकरणका लागि सहकारीमा प्रवेश गरेको भन्नेमा ४ जना, २० प्रतिशत अध्ययनबाट प्राप्त भयो ।

सहकारी संस्थामा आवद्ध सदस्यहरुलाई सहकारीको ७ सिद्धान्तहरु मध्ये शिक्षा तालिम तथा सुचना अर्न्तगत आफ्ना सदस्यहरुलाई समसामयिक ज्ञान तालिमको माध्यमबाट प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हो ।

वैयक्तिक अध्ययन एकबाट विससम्मको अध्ययन गर्दा तरकारी खेती, आलुखेती, भैँसी पालन, कुखुरा पालन, गाइपालन, सिलाईकटाई, होटल व्यवसाय आदीसम्मको पेशा व्यवसाय गर्दा उनीहरुले आवश्यकता अनुसार समय समयमा तालिम प्राप्त गरे निरक्षर प्रौढ शिक्षाको माध्यमले साक्षर वने समाजमा निडर भएर आफ्नो कुराहरु स्पष्ट रुपमा व्यक्त गर्न सक्षम भए उनीहरु मध्ये सबैले सिप सिकेर आफ्नो क्षेत्रमा प्रयोग गरेको पाइयो । यतिमात्र होइन उनीहरुका साथीहरु पनि वढेको देखिन्छ । सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक विषयमा छलफलबाट व्यवहारीक ज्ञान आर्जनको साथै व्यक्तित्व विकास भएको पाइयो ।

## निष्कर्ष

सहकारी निश्चित मूल्य, मान्यता र सिद्धान्तको आधारमा संचालन हुन्छ । यसले सदस्यहरुलाई आफ्नो पौरखले कसैको शोषण नगरी उत्तम जीवनस्तर प्राप्त गर्न सामर्थ्यता प्रदान गर्दछ । यसबाट मानविय मुल्यको आदर एवं काम गर्ने प्रेरणा प्राप्त हुन्छ । सहकारीका सदस्यहरुको उन्नतीको साथै नैतिक आचरण र नैतिक मुल्य मान्यता तथा सामाजिक विकास गर्नमा समेत जोड दिन्छ । जसले गर्दा समाजले नयाँ गति लिन सक्छ । सहकारी मार्फत सदस्यहरुले विभिन्न क्षेत्रमा लगानी गरी सदस्यको सामाजिक र आर्थिक शसक्तिकरणको लागि प्रयास गरेको छ । विभिन्न तालिम गोष्ठी छलफल र भेलामा भाग लिने, अध्ययन भ्रमण र सहभागी हुनाले सदस्यहरुमा चेतना वढेको छ ।

समग्रमा भन्नुपर्दा यस संस्थामा आवद्ध २५० जना मध्ये १४० जनाले विभिन्न प्रकारका तालिमहरु सिलाईवुनाई तरकारी खेती, तथा पेशा व्यवसाय सम्वन्धी सिप सिकेका छन् भने बाँकी १६० जनाले क्रमश: सिप सिकाउने लक्ष्य रहेको कुरा संस्थाका अध्यक्षबाट जानकारी भयो । वचत तथा ऋण संस्थामा हुनुभन्दा पहिला गर्ने र अहिले गर्ने कार्यहरुमा धेरै परिवर्तन आएको कुरा व्यक्तिगत अध्ययनबाट प्रष्ट थाहा भयो । हरेक सदस्यहरुले आफ्नो आम्दानीको अनुपातमा खर्च गर्ने त्यसै अनुसार आफ्नो संस्कृति जगेर्ना  गर्न देखी लिएर त्यसलाई निरन्तरता दिन लागि परेको पनि सामाजिक  सांस्कृतिक रुपमा महत्वपूर्ण परिवर्तन आएको पाइन्छ ।

## ६.२ आर्थिक परिवर्तन विश्लेषण

आर्थिक भन्ने वित्तिकै मार्क्सवादसंग सम्वन्ध राख्दछ । मार्क्सले समाजको परिचालनलाई निश्चित गर्न निर्णायक कारकतत्वका रुपमा आर्थिक कारकहरुलाई मूल कारणका रुपमा राखेका छन् । यस अर्थमा सामाजिक परिवर्तन पनि आर्थिक कारणहरुको परिणाम स्वरुप हुन्छ । सामाजिक जीवन विचार मुल्य मान्यता संस्कार राजनैतिक व्यवस्था साहित्य कला आदीको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ ।

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको मुख्य उद्देश्य संस्थागत विकासको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने कार्यक्रमले सहकारीमा आवद्ध महिलाहरुको जिवीकोपार्जनमा सघाउ पुऱ्याउने वचत संकलन ऋण लगानी असुलीको साथै नेतृत्व विकास, व्यवसाय छनौट व्यवसाय प्रवर्द्धन एवं महिला शसक्तिकरण लगायत समसामयिक चेतनामुलक तालिम प्रदान गरी महिलाहरुको क्षमता अभिवृद्धिको माध्यमबाट स्वरोजगारका अवसरहरु प्रदान गर्ने विभिन्न व्यवसायिक तालिमहरु जस्तै गाईपालन भैँसीपालन, तरकारी खेती, आलुखेती, कुखुरा पालन, सिलाइ कटाई, बाखापालन, होटल व्यवसाय फलफूल तथा तरकारी व्यापार, कस्मेटीक जस्ता तालिमहरुबाट महिला दिदीवहिनीहरुको आय आर्जनमा सहयोग पुऱ्याउने कार्य भइरहको विभिन्न प्रकारका व्यवसाय प्रति आकर्षित भएको पाइयो ।

महिला सदस्यहरुमा केहि न केही पेशा व्यवसाय गर्नुपर्दछ, खाली हात वस्नु हुदैन भन्ने भावनाको विकास भई सदस्यहरुले सम्भावित व्यवसायहरु जस्तै पशुपालन, कृषि, व्यवसायिक तरकारी खेती, होटल व्यवसाय, सिलाई जस्ता स साना तथा ठूला प्रकृतिका व्यवसाय उद्योगहरु स्थापना हुने क्रम वढीरहेको देखिन्छ । यसरी घरमै आर्थिक गतिविधिहरु संचालन भई रोजगारीका अवसरहरु वृद्धि हुनेलाई सहकारीको आर्थिक पक्षको रुपमा लिन सकिन्छ । आर्थिक पक्षमा आएको परिवर्तनको अध्ययन गर्नु नै शोधपत्रको मुख्य उद्देश्य हो ।

वचत तथा ऋण कार्यक्रमको प्रमुख उद्देश्य सहकारीमा आवद्ध सदस्यहरुको आर्थिक स्थितिमा सुधार गर्नु भएकोले सो उद्देश्य परिपुर्ति गर्नका लागि कार्यक्रमबाट विभिन्न आर्थिक गतिविधिहरु संचालन भएका छन् ।

व्यक्तिगत अध्ययन (केस एकबाट २०सम्म) प्रत्यक्ष भेटघाटवाट संस्थाबाट ऋण लिने र नलिनेको तालिका यस प्रकार छ ।

**तालिका नं. ६.४**

| क.सं. | विवरण | जना | प्रतिशत |
|---|---|---|---|
| १ | ऋण लिने | १८ | ९० |
| २ | ऋण नलिने | २ | १० |
| जम्मा | | २० | १०० |

*स्रोत : प्रत्यक्ष भेटघाट २०७०*

माथिको तालिका नं. ६.४ मा नमूना छनौट प्रक्रियाबाट २० जना मात्र लिइएको छ । जसमा ऋण लिने १८ जना र ऋण नलिने जम्मा दुई जना सदस्यमात्र रहेको पाइयो । यसबाट सहकारीमा धेरै सदस्यहरुले आफ्नो व्यवसाय संचालन गर्न, घरखर्च चलाउन, छोराछोरी पढाउन, तरकारी खेती भैसीपालन, गाईपालन, वाखापालन, कुखुरापालन सिलाई फलफूल, स्टेशनरी तथा होटल व्यवसाय चलाउन र आवश्यक कामको लागि ऋण लिएर आर्थिक उन्नती गरेको पाइयो ।

व्यक्तिगत अध्ययनबाट यो प्रष्ट भयो कि २० जनाहरु मध्ये मासिक ५०० देखी १००० सम्म वचत गर्ने ४ जना पाइयो । यस्तै मासिक २००० देखी ८० हजारसम्म आम्दानी गर्ने १६ जना पाइयो । केश एकमा राम्रो वचत भएको केश २ मा रु ८०००० सम्म केश ३ मा ४, ५, १०, १४ रु ३०००० देखी ४०००० सम्म मासिक आम्दानी हुने पाइयो । यसरी नै केश नं. १९ र २० मा निजले रु ३५००० देखी रु १००००० समम आम्दानी गरेको पाइयो ।

आर्जन गरेको रकम विभिन्न क्षेत्रहरु जस्तै छोराछोरी पढाउने, व्यापार बढाउन, घर खर्च चलाउन, चल अचल सम्पत्ति जोडन सामाजिक संस्कारमा खर्च गरेको पाइयो । केश स्टडी अनुसार व्यवपार व्यावसाय तथा खेती गर्ने २० जना नै छन् ।

आफूले आर्जन गरेको रकम केवल एउटा क्षेत्रमा मात्र लगानी नगरी विभिन्न क्षेत्रमा लगानी गर्नुपर्ने नेपाली संस्कृतिले गर्दा पनि लगानी विभिन्न क्षेत्रमा वाँडीएको पाइएको छ । यसले गर्दा कति प्रतिशत लगानी भयो भनेर ठ्याक्कै प्रतिशतमा निकाल्न नमिल्ने भएकाले डाटा मात्र दिएको छ । यसले हेर्दा हाम्रो नेपाली संस्कृति भनेको चाहे त्यो कमाएर होस् चाहे ऋणधन गरेर पनि सवैप्रथम जीविकोपार्जन अर्थात घरखर्च चलाउन प्रमुख दायित्व हुने, त्यपछि छोराछोरीलाई शिक्षाको लागि पैसा खर्च हुने र बाँकी पैसा भएमा तीर्थव्रत भ्रमण, मनोरञ्जन । चल अचल समपत्ति किन्ने कार्यमा पैसा खर्च भएको अवस्था पाइयो ।

## निष्कर्ष र साराशं

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा लागेका महिलाहरुको आर्थिक अवस्था क्रमिक सुधार आएको पाइयो । आर्थिकलाई मार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक तत्वका रुपमा लिएका छन् भने पुँजीवादीहरुले आर्थिक नै विकासको मेरुदण्डको रुपमा लिएको पाइन्छ । आजको २१ औ शताब्दीको विश्वलाई हेर्ने हो भने सबै कुरा आर्थिकमा निर्भर भएको हामी पाउँदछौ । तसर्थ आर्थिकले सबैलाई छोएको छ । यो संघ पनि यसबाट अछुतो रहने कुरै भएन । यस सहकारीको कारण यसका महिला सदस्यहरुमा आर्थिकको कस्तो प्रभाव पर्‍यो भन्ने निष्कर्षमा जाँदा यस सहकारीका सबै सदस्यहरुले मासिक नियमित वचत गर्ने गरेको पाइयो । वचत गरेको पैसाबाट आवश्यक पर्ने व्यत्तिले ऋण लिएर आफ्नो घर व्यवहार चलाउने, छोराछोरी पढाउने, व्यापार व्यवसाय संचालन गर्नेदेखी लिएर आवश्यकता परिपूर्तिका लागि सम्पूर्ण क्रियाकलाप गर्ने गरेको पाइयो । सहकारीमा लाग्नुपूर्व कुनै व्यवसाय संचालन गर्न नसकेका सदस्यहरु, आर्थिकको अभावमा पिल्सिएर वसेका व्यक्तिहरु ऋण लिएर पनि के काम गर्ने भन्ने अलमल्लमा गरेकाहरु सबैलाई सहकारीको माध्यमबाट सीपमुलक तालिमको व्यवस्था गरी उनीहरुले चाहेको इच्छा गरेको व्यापार व्यवसायमा आवश्यक निरीक्षण पश्चात ऋण प्रवाह गर्ने गरेको संघका सदस्यहरुलाई उनीहरुले जीवन स्तर उकास्न महत्पूर्ण भूमिका यस सहकारीले निर्वाह गरेकाले पनि आर्थिक रुपमा महत्पूर्ण परिवर्तन आएको कुरा थाहा पाइन्छ । विशेष गरी शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको प्रमुख उद्देश्य भनेको सहकारीताको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने भएकाले सहकारीमा आवद्ध महिलाहरुको जीविकोपार्जन सघाउ पुऱ्याउनु वचत संकलन ऋण लगानी असुलीको साथै नेतृत्व विकास, व्यापार व्यवसाय संचालन प्रवर्द्धन संस्था संचालन सामाजिक तथा सांस्कृतिक परिचालन लगायतका तालिमहरुको व्यवस्था गराइन, महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउदै रोजगारी सृजना गर्ने ऋण लगानी गरी कृषि तरकारी तथा फलफूल पसल, सिलाई कटाई व्युटिपार्लर, बाखापालन गाईपालन किराना पसल देखी लिएर विभिन्न पेशा व्यवसायमा आफ्ना सदस्यहरुलाई संलग्न गराई उनीहरुको आर्थिक स्थिति मजवुत गर्ने कार्यमा शिशुवा महिला सहकारी सफल देखियो । तसर्थ विभिन्न पेशा व्यवसाय गर्नेव्यक्तिहरुले कम्तिमा मासिक रु ३००० देखी रु १५०००० सम्म आय आर्जन गर्न सक्षम भएकाले पनि सहकारीको माध्यमबाट महिलाहरुको आर्थिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन आएको छ भन्न सकिन्छ । सहकारीताको माध्यमबाट सामूहिक भावनाको विकास, आयआर्जन र रोजगारीको क्षेत्रमा आवश्यक ध्यान दिन सकिएमा समाज र देशकै रुपलाई सकरात्मक परिवर्तन गर्न सहज हुने विश्वास गर्न सकिन्छ । किनभने ग्रामिण क्षेत्रका जनसमुदायहरु

समेत सहकारी संस्था मार्फत संगठीत भई आर्थिक सामाजिक रुपमा सफलताको बाटोमा अग्रसर भइरहेको अवस्थालाई आज पनि हामीले देख्न पाइरहेका छौ ।

**शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थाको समग्र सामाजिक आर्थिक कार्यक्रमको गतिविधि**

सहकारी वचत तथा ऋण कार्यक्रमको प्रमुख उद्देश्य सहकारी आवद्ध आर्थिक स्थितिमा सुधार गर्न भएकाले सो उल्लेखित उद्देश्यहरु पुरा गर्नुका लागि कार्यक्रमबाट विभिन्न आर्थिक गतिविधिहरु संचालन भएका छन् ।

सहकारीबाट ऋण लिने र नलिने सदस्यहरु

**तालिका ६.५ : सहकारीबाट ऋण लिने र नलिने सदस्यहरु**

| क्र.स. | विवरण | जना | कैफियत |
|---|---|---|---|
| १ | ऋण लिने | १७५ | |
| २ | ऋण नलिने | ७५ | |
| | जम्मा | २५० | |

*श्रोत : शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था ऋण खाता २०७०*

माथिको तालिकामा सहकारीबाट ऋण लिने र ऋण नलिने सदस्यहरुको विवरण देखाइएको छ । यस तालिका अनुसार सहकारी बाट ऋण लिने सदस्यहरु १७५ जना रहेका छन् भने सहकारीबाट ऋण नलिने ७५ जना छन् । माथिको तालिकाबाट के बुझिन्छ भने सहकारीमा ऋण नलिने सदस्य ्हरु भन्दा ऋण लिने सदस्यहरु वढि देखिन्छ । यसबाट यो सन्देश पाइयो की सहकारीमा धेरै सदस्यहरुले आ-आफ्नो व्यवसाय संचालन गर्न घरखर्च चलाउन। छोराछोरीलाई शिक्षादिक्षा दिन र आवश्यक कामका लागि आर्थिक कारोवार गर्न सहकारी एक मध्यस्थकर्ता वा पुलको माध्यम भएको पाइयो ।

सहकारीमा वचत गर्ने र नगर्ने सदस्यहरु

**तालिका ६.६ : सहकारीमा वचत गर्ने र नगर्ने सदस्यहरु**

| क्र.स. | विवरण | जना | कैफियत |
|---|---|---|---|
| १ | वचत गर्ने | २५० | |
| २ | वचत नगर्ने | ० | |
| | जम्मा | २५० | |

***श्रोत : शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था वचत खाता २०७०***

सहकारीमा सदस्यता वनेका सम्पूर्णले नै मासिक रुपमा वचत गरेको देखिन्छ । यसले सहकारीका समपूर्ण सदस्यहरुले आफूले कमाएको रकम मध्ये प्रत्येक महिना रु २०० देखी ५०० सम्म वचत गरेको पाइयो । यो सहकारी संचालनको प्रमुख पक्ष हो ।

ऋण लिएर व्यवसायमा लगानी गर्ने सदस्यहरु

वचत तथा ऋण सहकारी संस्थामा लागेका सदस्यहरुले आफ्नो आर्थिक कारोवार वढि के मा लगानी गर्ने गर्दछन् भन्ने कुरा थाहा पाइन्छ ।

**तालिका ६.७ : ऋण लिएर व्यवसायमा लगानी गर्ने सदस्यहरुको संरचना**

| क्र.सं. | विवरण | जना | कैफियत |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय | ५० | |
| २ | कृषि | ७५ | |
| ३ | व्यटिपार्लर, कस्मेटिक | १५ | |
| ४ | काष्ठ उद्योग | ५ | |
| ५ | फलफूल | ५ | |
| ६ | सिलाई कटाई | २० | |
| ७ | औषधी पसल | ५ | |
| | जम्मा | १७५ | |

***श्रोत : स्थलगत सवेक्षण २०७०***

माथिको तालिकाबाट के वुझिन्छ भने सदस्यहरु लेखिएको ऋण मध्ये व्यापार व्यवसाय गर्ने ५० जना, कृषिमा ७५ जना, व्यटिपार्लर कस्मेटीकमा १५ जना, काष्ठ उद्योगमा ५ जना, फलफूलमा ५ जना, सिलाई कटाईमा २० जना र औषधी पसल गर्ने ५ जना भएको पाइयो ।

ऋण लिएर फाइदा गर्ने सदस्यहरु

**तालिका ६.८ : ऋण लिएर फाइदा गर्ने सदस्यहरु**

| क.सं. | विवरण | जना | कैफियत |
|---|---|---|---|
| १ | मासिक रु २००० देखी ४००० समम आम्दानी गर्ने | १०० | |
| २ | मासिक रु ५००० देखी ८००० सम्म | २५ | |
| ३ | मासिक रु १०००० भन्दा माथि आम्दानी गर्ने | ५० | |
| ४ | ऋण नलिने सदस्यहरु | ७५ | |
| | जम्मा | २५० | |

*श्रोत : शिशुवा महिला वचत तथा ऋण संस्था ऋण खाताबाट साभार २०७०*

माथिको तालिकाबाट यो प्रष्ट भएकी सहकारीबाट ऋण लिने जम्मा १७५ जना मध्ये आफ्नो क्षमताले भ्याए अनुसारको व्यवसाय संचालन गरेको पाइयो । मासिक २००० देखी ४००० समम आम्दानी गर्ने १०० जना अर्थात मासिक ५००० देखी ८००० समम आम्दानी गर्ने २५ जना र मासिक रु ९००० देखी माथि आम्दानी गर्ने ५० जना र ऋण नलिने ७५ जना रहेको पाइयो ।

सहकारीमा संलग्न हुन भन्दा पहिला आफ्नो जिवीकोपार्जनको लागि समस्या पर्नेहरु पनि सहकारीबाट ऋण लिएर व्यापार व्यवसाय संचालन गरी राम्रै आर्थिक उन्नती गर्ने देखी लिएर चल अचल सम्पत्ती जोड्नेसम्म भएको पाइयो ।

आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने सदस्यहरु

**तालिका ६.९ : आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने सदस्यहरु**

| क.सं. | विवरण | जना | कैफियत |
|---|---|---|---|
| १ | घर खर्च चलाउने | ७० | |
| २ | छोराछोरीको पठनपाठनमा | २० | |
| ३ | चल अचल सम्पत्ति जोडने | २५ | |
| ४ | व्यापार वढाउने | ४० | |
| | सांस्कृतिक तथा सामाजिक क्षेत्र | १० | |
| | जम्मा | १६५ | |

**श्रोत : स्थलगत रिर्पोट २०७०**

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने सदस्यहरुले आफूले कमाएको रकम सबैभन्दा वढि घर चलाउनका लागि खर्च गरेको देखिन्छ जसमा घरखर्च चलाउन मात्र प्रयोग गर्ने ७० जना छोराछोरीको पठनपाठन गर्न २० जनालाई लगानी गरेको पाइयो । चलअचल सम्पत्ति जोड्न लगानी गर्ने २५ जना, व्यापार वढाउन लगानी गर्ने ४० जना र सामाजिक सांस्कृतिक क्षेत्रमा लगानी गर्ने १० जना पाइयो । यसरी आफूले आर्जन गरेको रकम केवल एउटा क्षेत्रमा मात्र लगानी नगरी विभिन्न क्षेत्रमा लगानी गर्नुपर्ने सामाजिक सांस्कृतिक पक्षले गर्दा पनि लगानी विभिन्न क्षेत्रमा वाडीएको पाइएको छ ।

## निष्कर्ष

शिशुवा महिला वचत तथा ऋण सहकारी संस्थामा लागेको महिलाहरुको् आर्थिक अवस्था क्रमिक सुधार भएको पाइयो । मार्क्सले समाजको पहिचानलाई निश्चित गर्न निर्णायक तत्वका रुपमा आर्थिक कारणलाई राखेका छन् भने पुँजीबादीले आर्थिक नै विकासको मेरुदण्डको रुपमा लिएको पाइन्छ । सामाजिक जीवन विचार मूल्य राजनैतिक व्यस्था साहित्य कला आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ । वचत तथा ऋण सहकारीमा आवद्ध महिलाहरुको जिवीकोपार्जनमा सघाउ पु¥याउन वचत संकलन, ऋण लगानी, असुलीका साथै नेतृत्व विकास व्यवसाय छनौट व्यवसाय प्रवद्धन एवं महिला शसक्तिकरण लगायत समसामयिक चेतनामुलक तालिम प्रदान गरी मानवीय क्षमता अभिवृद्धिको माध्यमबाट स्वरोजगारका अवसरहरु सृजना गर्ने विभिन्न व्यवसायिक तालिमहरु जस्तै सिलाई कटाई खेतीपाती तरकारी खेती, पशुपालन जस्ता तालिमहरुबाट महिलाहरुको आय आर्जनमा सहयोग पु¥याउन कार्य भइरहेको पाइन्छ । सहकारीमा लाग्नुपूर्व कुनै व्यवसाय संचालन गर्न नसकेका सदस्यहरु आर्थिक अभावमा पिरोलिएका महिलाहरु पछि सहकारीमा लागेपछि उनीहरुको आर्थिक अवस्थामा सुधार आएको परिवर्तन आएको उनीहरुको जीवनस्तरमा सुधार ल्याउने कार्यमा शिशुवा सहकारी संस्था सफल देखिन्छ । तसर्थ विभिन्न व्यवसाय पेशा गर्ने महिलाहरुले कम्तिमा मासिक २०० देखी बढिमा १००० भन्दा वढि आयआर्जन गर्न सक्षम भएकाले पनि सहकारीको माध्यमबाट महिलाहरुको आर्थिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन आएको छ भन्न सकिन्छ ।

# अध्याय सात

## क्षमता, चेतना, व्यक्तित्व तथा नेतृत्व विकासमा आएको परिवर्तन र उद्यमशिलता

### ७.१ क्षमता, चेतना, नेतृत्व तथा व्यक्तित्व विकासमा आएको परिवर्तन :

"व्यक्तिहरुको ऐच्छिक र स्वस्फूर्त सहभागिताबाट उनीहरुका समान आर्थिक, सामाजि सांस्कृतिक आवश्यकता र आंकाक्षा परिपूर्तिका निमित्ति स्थापित तथा सामुहिक स्वामित्व र प्रजातान्त्रिक ढंगबाट नियन्त्रित स्वायत्त उद्यम तथा व्यवसायिक संगठन नै सहकारी हुन् ।"

*श्रोत : कस्केली सहकारी २०७०*

२०५८ सालमा स्थापित भई आज सम्म सफल रुपमा संचालन हुनुमा यस शिशुवा महिला संस्थाका सदस्यहरु जो नेतृत्व तहमा छन् । तिनीहरुको क्षमता चेतना तथा नेतृत्व संचालनमा आएको विकास र परिवर्तन हो । संस्थामा लाग्नु पूर्व एक आपसमा वोल्न समेत हिचकिचाउने महिलाहरु अहिले एक आपसमा छलफल गर्ने भेलाको आयोजना सभा गर्ने समस्याको पहिचान गरी कार्यक्रमहरु तर्जुमा गर्ने, नियमित वचत उठाउने ऋण लगानी गरी त्यसको आफै निरिक्षण गर्ने, ऋण असुली गर्ने, व्यवसायको प्रकृति हेरी ऋण थप प्रवाह गर्ने देखी लिएर समपूर्ण लेखासमेत आफै राख्ने महिलाहरुको चेतना, क्षमता, नेतृत्व विकास व्यक्तित्व विकासका लागि विभिन्न खाले तालिम, गोष्ठी सेमिनार संचालन गर्ने, नयाँ नयाँ ठाउँको अवलोकन भ्रमण गराउने देखी लिएर कुनै समस्या आएमा वा अन्य कुनै कार्यक्रम संचालन गर्नुपरेमा समस्याको पहिचान र त्यसको अवलोकन गरी समस्या समाधानमा आफै लाग्ने कार्यले यस संस्थाको नेतृत्वकारी भूमिका निर्वाह गर्ने, नेतृत्व वर्गमा र अन्य सदस्यहरुमा पनि क्षमता, चेतना नेतृत्व विकास र व्यक्तित्व विकास गर्ने प्रक्रियामा महत्वपूर्ण परिवर्तन आएको पाइयो । सहकारीले आफ्नो सदस्यलाई जो निरक्षर छन् तिनलाई साक्षर वनाउन प्रौढ शिक्षा वोल्न सिकाउन नेतृत्व सम्वन्धी तालिम उद्घोषक तालिम व्यवसाय संचालन गर्न व्यवसायिक तालिमहरु जस्तै पशुपालन, तरकारी खेती, फलफूल खेती कुखुरा पालन गाइपालन एवं महिला शसक्तिकरण लगायत समसामयिक चेतनामूलक तालिम प्रदान गरी मानविय क्षमता अभिवृद्धिका माध्यमबाट स्वरोजगारका अवसरहरु सृजना गर्ने, व्यक्तिको आयआर्जनमा सहयोग पुऱ्याउने कार्य भइरहेको पाइन्छ । केही न केही पेशा व्यवसाय गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरुले संभावित व्यवसायहरु जस्तै : व्यवसायिक तरकारी खेती, पशुपालन, कृषि, किराना

पसल, होटल व्यवसाय, सिलाई कटाई व्युटिपार्लर जस्ता उद्यमहरु स्थापना हुने क्रम वढ्दै गएको छ । घरमै आर्थिक गतिविधिहरु संचालन भई रोजगारीका अवसरहरु वढ्नुलाई सहकारीको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ ।

### ७.२ व्यक्तित्व विकासमा सहकारीता

यद्यपी आर्थिक सामाजिक क्षेत्रमा विकासको क्रमलाई अझै अगाडी वढाउन ग्रामिण क्षेत्रका जनसमुदायको क्षमता अभिवृद्धि गर्न शिक्षा क्षेत्र सुचना संचारको क्षेत्र, सिपमुलक व्यवसायिक तालिमहरुको संचालन तथा विविध महत्वका विषयहरुमा अन्तरक्रियात्मक कार्यक्रमका अतिरिक्त अध्ययन भ्रमण कार्यक्रमहरुको आयोजना गरी ग्रामीण जनसमुदायको शसक्तिकरणको बाटोवाट मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहकारीताको माध्यम अत्यन्त उपयुक्त मानिएको छ । मुलुकको आर्थिक सामजिक तथा सांस्कृतिक विकास मुलुककै मानव सभ्यताको लागि खाँचो हो ।

सहकारीमा नेतृत्व विकास र योजना तर्जुमाका साथै निर्णय क्षमता र व्यवस्थापन ज्ञान जस्ता विभिन्न तह र रुपका योजनाहरु र सम्पादनका कार्यशैलीहरु हुन्छन् जसका कारण व्यवहारिक जिवनमा सफल भई सामाजिक र आर्थिक विकासमा सहकारीताको प्रभाव अत्यन्त सकारात्मक हुन जानेछ । कमजोर र पिछडिएको वर्गका लागि सहकारीता भरपर्दो आधार हुनसक्छ भन्ने कुरालाई सहकारीले उत्प्रेरणाका साथै शक्ति र ज्ञानको हस्तान्तरण गरेर लघु उद्यमको सिर्जना र संचालनको प्रक्रियामा सफल देखिएको भएता पनि अझै हामीले आवश्यकता अनुरुप सहकारीताले सिकाएको पाठलाई अंगिकार गर्न सकिरहेका छैनौ । यो कमि र कमजोरीलाई हटाउन पनि हामीले सहकारी पद्धति अपनाउनै पर्दछ र सहकारीताको मार्गबाटै हामीले उद्यम विकासमा विशेष भूमिका निर्वाह गर्न सक्छौ ।

### ७.३ उद्यमशिलताको विकासमा सहकारीता :

नेपालमा वित्तिय क्षेत्रमा लगानी गर्नेहरु धितोमुखी छन् । यता महिलाहरुको सम्पत्तीमा पहुँच बनीसकेको अवस्था छैन । यो अवस्था स्वयंमा उधमशिलता विकासमा रहेको एउटा बाधा हो । अनुत्पादक क्षत्रेको काम र अब्यवस्थागत वोझका कारण हुने समय अभावले गर्दा प्रविधि हस्तान्तरणमा समस्या रहनु अर्को बाधा हो । त्यस्तै समाजमा रहेको शिक्षाको कमीका कारण वस्तु उत्पादन तथा बजारीकरण सम्वन्धी सिप तथा ज्ञानको कमिका कारण उत्पन्न हुने कठिनाई जस्ता थप बाधा संगै न्यून आयको सिमामा रुमलिनु पर्ने परम्परागत सोच पनि झनै अर्को बाधाको रुपमा

रहेको छ र यि बाधाहरु उद्यमशिलताको विकासमा दह्रो अवरोध वनेको हुँदा यि बाधाहरु उद्यमशिलताका चुनौति तथा समस्याहरु हुन र यि समस्याहरुका विचबाटै नेपालका सहकारीकर्मीहरुले सहकारी लघु व्यवसायका संभावनाहरुको खोजी गरी उदमशिलताको विकासमा देखाएका समस्याहरुको समाधानमा सहकार्य गरी कृषि उत्पादन तर्फ घरायसी तयारी सामानहरुको उत्पादन तर्फ र अभिभावकका लागि आवश्यक हुन खाद्य वस्तु (मस्यौरा, गुन्द्रूक। सुइरो, खस्यौरी, चाना, सिन्की, तानद्रे कर्कलो) आदी जस्ता प्रशोधिन खाद्यवस्तुहरुको उत्पादन कार्य आदिका साथ फोहोर व्यवस्थापनमा नयाँ तरिकाको प्रयोगबाट विकसित विविध उद्यमशिलताको विकासका सन्दर्भमा सहकारी मलखाद उद्योगका साथै विभिन्न सहकारी मसलन्द उद्योग जस्ता विविध सेवामुलक उद्योग व्यवसायहरुको संचालनमा समेत सहकारीताको माध्यमलाई अत्याधिक उपयोग गरिनसकेमा सहकारीको माध्यमबाट मुलुककै अधिक तथा सामाजिक विकास सहज संभव भै यस्तो कार्यबाट राष्ट्रिय अर्थतन्त्रको सवलीकरणमा समेत विशेष योगदान पुग्न जाने कुरामा विस्वस्त रहन सकिन्छ ।

संस्थामा सदस्यता भएपछि विभिन्न समसामयिक तालिम गोष्ठीहरुमा सदस्यहरुले भाग लिइ आफ्नो क्षमता, चेतनाको साथै व्यक्तित्व विकास गर्ने मौका प्राप्त गर्दछन् । हाम्रो व्यक्तिगत अध्ययनमा २० जनाले १०० प्रतिशत विभिन्न खाले तालिमहरु जस्तै सहकारी शिक्षा र लेखा २० जनाले १०० प्रतिशत लैङ्गिक अवधारणा सम्वन्धी २० जनाले १०० प्रतिशत कृषि पशुपालन सम्वन्धी १६ जनाले ८० प्रतिशत तालिम लिइएको पाइयो भने व्यवसाय प्रवर्द्धन सम्वन्धी ५ जना वा २० प्रतिशत पाइयो । अध्ययनको क्रममा सबैजनाले तालिम आवश्यकता हुँदोरहेछ भन्नु भएको थियो । यस संस्थाको मिटिङ प्रत्येक महिनाको अन्तिम शनिबार हुँदोरहेछ । त्यस मिटिङमा पनि तालिम सम्वन्धी शिर्षकमा कुरा हुँदा अध्यक्ष ज्यूले पनि २५० जनाले विभिन्न समसामयिक तालिमहरु जस्तै जेन्डर सम्वन्धी, आयमुलक एवं सिपमुलक नेतृत्वविकास एवं जीवनउपयोगी सीप सम्वन्धी ज्ञानवर्द्धक, व्यवसाय प्रवर्द्धन व्यवसाय छनोट र व्यवस्था सम्वन्धी आदि रहेको पाइयो ।

*श्रोत : स्थलगत अध्ययन तथा छलफलबाट*

माथिको व्याख्याबाट यस महिला वचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई उनीहरुको दैनिक जीवनलाई सहज रुपमा विताउनको लागि र आर्थिक सामाजिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउनको लागि विभिन्न तालिमको व्यवस्था गर्ने अन्यन्त्र भएका तालिममा इच्छा अनुसार सदस्यलाई तालिम लिन पठाउने गरेको पाइयो । जस अनुसार २० जनाले सबैले कृषि

व्यवसाय सम्वन्धी, पशुपालन व्यवसाय सम्वन्धी सिपमुलक आय आर्जन सम्वन्धी तालिम लिएको पाइयो ।

व्यक्तिगत अध्ययनमा सबै सदस्यहरुले तालिम लिएको पाइयो विभिन्न संघसंस्थाले विभिन्न किसिमका तालिमहरु संचालन गरिरहेका हुन्छन् र ती तालिमहरु उपयोगी पनि हुन्छन् । सो सम्वन्धमा यस संस्थाले दिएका तालिमहरु कतिको उपयोगी छन भनी व्यक्तिगत अध्ययनको क्रममा सोधिएको प्रश्नमा सबै सदस्यहरुले तालिम उपयोगी छ भन्ने उत्तरहरु पाइयो । संस्थाले आवश्यकता महसुस गरिदिने गरेको तालिम वाहेक अन्य कस्ता कस्ता तालिमको आवश्यकता महसुस गर्नुभएको छ भनी व्यक्तिगत अध्ययनमा सोधको प्रश्नमा सदस्यहरुबाट अन्य तालिमहरु कृषि च्याउखेती सम्वन्धी, आयमुलक एवं सीपमुलक नेतृत्व विकास एवं जीवन उपयोगी ज्ञानमुलक व्यवसाय छनौट र वजार व्यवस्था व्यक्तित्व विकास खानाको परिकार, उद्यमशिलता र सकारात्मक सोच सम्वन्धी तालिमको आवश्यकता रहेको देखिन्छ ।

*श्रोत : स्थलगत अध्ययन २०७०*

संस्थामा हाल ऋण लिए वापत १४ प्रतिशत ऋण व्याज रहेछ । यस क्रममा केश १ देखी २० सम्मको अध्ययन गर्दा संस्थाबाट थप अपेक्षा गरेको कुराहरु जस्तै ऋण सर्वसलभ रुपमा पाउनुपर्ने ऋणको व्याज कम हुनुपर्ने वचत संकलन वढाउनु पर्ने, संस्थामा सदस्यहरु अझै वढाए राम्रो हुने भनाई देखिन्छ । सहकारीलाई प्रभावकारी वनाउन उत्पादनमुलक र आयमुलक क्षेत्रमा लगानी गरेर शेयर सदस्यलाई नाफा वाँडन सकेमा राम्रो हुन्छ भन्ने धारणा सबै जसो सदस्यबाट व्यक्त भएको पाइयो । संस्थामा सदस्यहरुको सक्रिय तथा नेतृ.त्वदायी भूमिका रहेको अध्ययनले देखाउँछ ।

## ७.४ सहकारी संचालनमा महिलाहरुको भूमिकामा देखिएको प्रभाव

सहकार्यको माध्यमबाट आफ्नो संस्थामा आवद्ध सबै सदस्यको आर्थिक उत्थान सामाजिक हैसियत वढाउन र सांस्कृतिक क्रियाकलापमा उच्च मनोवलका साथ सबै सदस्यहरुले आ-आफ्नो भुमिका जिम्मेवारी पूर्वक निर्वाह गरेको पाइन्छ । तैपनि समान हैसियत समान दायित्व, समान जिम्मेवारी हुने हुनाले सबै सदस्यहरुले आ-आफ्नो भूमिका जिम्मेवारी पूर्वक निर्वाह गरेको पाइन्छ । यद्यपि समान हेसियत, समान दायित्व, समान जिम्मेवारी हुने भएपनि सबै सदस्यहरुको असमान शिक्षा फरक सोच फरक पृष्ठभूमीबाट आएका महिलाहरु सबैको समान खाले हाउभाउ व्यवहार

हुन्छ भन्न त सकिन्न तर पनि यस सहकारीमा लाग्ने अधिकांशको प्रवृत्ति हेर्दा यो हाम्रो साझा फूलवारी हो यसको सफलता नै हाम्रो सफलता हो भन्ने दृढविश्वासमा उँहाहरुमा देखिन्छ । यसले गर्दा सबै सदस्यहरुले राम्रोसंग भूमिका निर्वाह गरेको पाइन्छ । आफ्नो पद अनुसार जिम्मेवारी वहन गर्न देखि लिएर समयमा वचत जम्मा गर्ने ऋण लगेकाले समयमा किस्ता बुझाउने वेलावेलामा हुने भेला, सभा, सम्मेलनमा मिटिङ सबैमा भाग लिने नेतृत्वमा नरहेकाले नेतृत्वतहलाई सफल रुपमा अगाडी बढाउन प्रोत्साहन गर्ने लगायतका सम्पूर्ण कार्यहरु गरेको पाइन्छ ।

**निष्कर्ष**

महिलाको लागि महिलाले नै सहयोग गर्नुपर्दछ त्यसका लागि हामीले एक जुट भएर कार्य गर्नु पऱ्यो भनि २०५८ सालमा २५ जना महिलाले संचालन गरेको संस्था आज २५० जना सदस्य बनाउन सफल संस्थाले, संस्था संचालन गर्नको निमित्त विभिन्न किसिमका तालिमहरु जस्तै सहकारी संचालन सम्वन्धी वचत जम्मा गर्ने, व्यापार व्यवसाय उद्यम नेतृत्व विकास सम्वन्धी तालिम लगायतको तालिम आफ्नो सदस्यहरुलाई दिएर उनीहरुको जिम्मेवारी कर्तव्य वोध गराएको पाइन्छ । जसले गर्दा सदस्यहरुले नियमित वचत गर्ने ऋणको किस्ता समयमा तिर्ने ऋण प्रवाहमा कुशलताका साथै सुलभ रुपमा प्रवाह गर्ने निरिक्षण गर्ने, किस्ता नतिर्नेलाई ताकेता गर्ने, समस्या परेमा सहयोग गर्ने जस्ता कार्यहरु सफल रुपमा संचालन गरेको पाइन्छ । तसर्थ यस सहकारीमा लागेका महिलाहरुको भूमिकामा सहकारीमा प्रवेश पछि आर्थिक, सामाजिक, सांस्कृतिक शैक्षिक लगायतका क्रियाकलापमा उनीहरुले निर्वाह गर्ने भूमिकामा व्यापक परिवर्तन आएको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय आठ

## अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु

### ८.१ अध्ययनको सारांश

सहकारी सह र कार्य शब्द मिलेर बनेको छ । सह शब्दको अर्थ सँगै र कार्य शब्दको अर्थ काम हो । यसरी सँगै मिलेर काम गर्नु सहकारी हो । अर्को शब्दमा भन्दा निश्चित आर्थिक तथा सामाजिक विकासको उद्देश्य प्रप्त गर्नका लागि समान आवश्यकता भएका व्यक्तिहरु एक आपसमा संगठित भएर सामूहिक रूपमा उत्पादन तथा सेवाको व्यवसाय गर्न सहकारी माध्यम अपनाउने गर्दछन् । सहकारी नेपालको लागि कुनै नौलो बिषय होइन । गाउँ तथा शहरमा प्राचिनकाल देखि नै गुठी, पर्म, मेला, धर्म भकारी, भेजा र ढिकुरी जस्ता अनौपचारीक सहकारी संगठनहरु कार्यरत रहेको पाइन्छ । तर आधुनिक सहकारीताको हिसाबले हेर्दा नेपालको सहकारी अभियानको इतिहास आधा शताब्दि मात्र पार गरेको छ । सहकारीमा जातजाति, लिङ्ग, वर्ण, धर्म, क्षेत्र, राजनैतिक अवस्था तथा व्यक्तिगत आधारमा भिन्नता राखिदैन ।

लेखनाथ नगरपालिका वडा नं. ८ मोहरियामा अवस्थित शिशुवा महिला बचत तथा ऋण सहकारी संस्था यसको अध्ययन क्षेत्रभित्र रहेको छ । महिलाहरु सहकारीमा लागेर आर्थिक तथा सामाजीक अवस्थामा आएको परिवर्तन कस्तो छ जुन लैङ्गीक, माक्सीस दृष्टिकोणमा आधारित भएर समाजशास्त्रीय अध्ययन गरीएको छ । यस ठाउँका महिलाहरू पुरुष भन्दा पछि पर्नु, सहकारी सञ्चालन सम्बन्धित भूमिकाको साथै महिलाको क्षमता वृद्धि, नेतृत्व विकास समस्याको पहिचान र चेतनामा आएको विकास सम्बन्धित अध्ययनमा प्रयोग भएका विधिहरू अवलोकन, अन्तर्वार्ता अनुसूची, समूह केन्द्रित छलफल विधि, रहेको छ । सहकारी संस्थामा अनुबन्धित सदस्यहरू २५० जनामध्ये वाट उद्देश्यमूलक नमूना छनौट विधिबाट उत्तरदाताको छनौट गरिएको छ । यसमा समावेश भएका सदस्यहमध्ये ब्राह्मण १८२ जना , क्षेत्री १८ जना , नेवार ९ जना , दलित २४ जना , तामाङ् ६ जना र गुरुङ्ग ११ जना गरी २५० जना मध्ये उद्देश्यमूलक मूल्याङ्कनबाट २० जनालाई उत्तरदाताको रूपमा छनौट गरिएको छ । तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक र द्वितीय स्रोतबाट आएका तथ्याङ्कहरूलाई समावेश गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको विधिहरूमा अवलोकन, समूहगत छलफल, व्यक्तिगत छलफलको आधारमा तयार पारिएको छ भने यस सहकारीले प्रकाशित गरेका प्रगति विवरण रिपोर्ट, वार्षिक प्रतिवेदन लगायतलाई द्वितीय स्रोतको

रूपमा लिएको छ । अध्ययनलाई मुर्तरुप दिन सामान्य तथ्याङ्क शास्त्रीय विधि अनुसार तालिकीकरण, प्रस्तुतीकरण र उद्देश्य अनुसार व्याख्यात्मक शैलिको प्रयोग गरी निम्न निष्कर्ष निकालिएको छ ।

## ८.२ मुख्य प्राप्तीहरु

- धार्मिक अवस्थालाई हेर्दा हिन्दु १३ जना (६५%) र बौद्ध ७ जना (३५%) भएकोले हिन्दु धर्मको बाहुल्य छ ।
- बैबाहिक स्थितिलाई हेर्दा सम्पूर्ण उत्तरदाताहरु विवाहित भएको पाइयो । त्यस मध्ये १ मात्र सन्तान हुने ७ जना (३५%), २-३ जना सन्तान हुने १२ जना (६०%) र ४ जना (२०%) सन्तान हुने १ जना (५%) पाइएको छ ।
- शैक्षिक स्थितिलाई हेर्दा निरक्षर २ जना (१०%), साक्षर ८ जना (४०%), माध्यमिक ८ जना (४०%) र उच्च शिक्षा हासिल गर्ने २ जना (१०%) पाइएको छ ।
- सहकारीमा स्वेच्छाले लाग्ने ४ जना (२०%), साथी भाईको माध्यमबाट १० जना (५०%) र परिवारको सल्लाहबाट लाग्ने ६ जना (३०%) पाइएको छ ।
- पेशाको आधारलाई हेर्दा कृषिमा १० जना (५०%), व्यापारमा ८ जना (४०%) र जागिरमा ३ जना (१५%) रहेको छ । यसले कृषिमा बाहुल्यता भएको पाइन्छ ।
- सहकारीमा लागेर फाइदा भयो भन्ने शत प्रतिशत पाइएको छ ।
- सहकारीमा लागेर सीप सिक्ने १८ जना (९०%) र सीप नसिक्ने २ जना (१०%) पाइयो ।
- सहकारीमा लागेर तालिम लिने उत्तरदाताहरु मध्ये सहकारी सम्वन्धी तालिम लिने शत प्रतिशत पाइयो र व्युटी पार्लर सम्वन्धी २ जना (१०%), कुखुरा तथा पशुपालन सम्वन्धी ५ जना (२५%), सिलाई बुनाई सम्वन्धी २ जना (१०%) र कृषि तरकारी खेती सम्वन्धी तालिम लिने ११ जना (५५%) भएको पाइयो ।
- तालिम उपयोगी छ भन्ने सम्वन्धमा उत्तरदाताहरु शत प्रतिशत नै पाइयो ।
- उत्तरदाताहरुले सहज रुपमा ऋण पाउनु पर्ने भन्नेमा शत प्रतिशत नै पाइयो ।
- सहकारी सञ्चालन सम्वन्धमा सदस्यको भूमिका निर्वाह गर्ने ६ जना (३०%), सक्रिय भूमिका निर्वाह गर्ने १० जना (५०%)र नेतृत्वदायी भूमिका निर्वाह गर्ने ४ जना (२०%) भएको पाइयो ।

) सहकारीमा लागेका अधिकांश महिलाहरुले आर्थिक सामाजिक परिवर्तन चेतना तथा नेतृत्व विकास उद्यमशिलता व्यापार व्यवसाय प्रवर्द्धन सिपमुलक तथा ज्ञानवर्द्धक तालिम हासिल गरेको पाइयो ।

**८.३ निष्कर्ष**

लेखनाथ नगरपालिका वडा नं. ८ मा अवस्थित शिशुवा महिला वचत तथा ऋण सहकारी संस्था लि. महिलाहरुद्धारा महिलाको लागि संचालित एक मात्र सहकारी संस्था हो । महिला वचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासमा महत्वपूर्ण भूमिका निभाएको छ । यस संस्थाले केवल आर्थिक पक्षलाई मात्र प्राथमिकता नदिई सामाजिक क्षेत्रमा आफ्ना महिला दिदीवहिनीको हैसियत वृद्धिमा तथा सामाजिक मान प्रतिष्ठा वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ भने उनीहरुले गर्ने हरेक क्रियाकलापमा आवश्यक सहयोग गर्न, सरसल्लाह दिने कार्यहरु गरेको पाइएको छ । आर्थिक हैसियत व्यवसायमा लाग्न प्रोत्साहन गर्ने, ऋण लगानी गर्ने कार्य त्यसको सदुपयोग भए नभएको अवलोकन गर्ने आवश्यक परामर्श दिने कार्यहरुले यसको सवल पक्षहरुलाई प्रस्ट्याउछ । यस संस्थाका सदस्यहरुले आफूले जम्मा गर्नुपर्ने नियमित वचतलाई समयमा नै तिर्ने गरेको पाइएको छ भने लगानी गरेको रकमको किस्ता तथा व्याज समयमा वुझाउने गरेको अध्ययनबाट थाहा हुन आएको छ । सदस्यहरुलाई विभिन्न किसिमका तालिमहरुको व्यवस्था गरेको पाइन्छ जस्तैः व्यवसायिक तथा सिपमुलक तालिम सिलाई वुनाई तालिम आत्मनिर्भर तालिम जेन्डर सम्वन्धि  तालिम बाखा पालन, कुखुरा पालन गाइपालन सम्वन्धी तालिम महिला शसक्तिकरण सम्वन्धी सकारात्मक सोच सम्वन्धी तालिम आदि प्रमुख छन् । यस्ता तालिमले महिला दिदीवहिनीहरुको आर्थिक सामाजिक तथा सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

यसरी सहकारीमा स्थापना कालमा २५ जना सदस्य भएकोमा अहिले हाल २५० जना भन्दा बढि सदस्यहरु पुगिसकेका छन् । यस संस्थामा सदस्यहरु ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर। दलित लगायतको उपस्थितिले जातिय विविधता झल्काएको छ भने एकतामा अनेकता र अनेकतामा एकताको प्रद्धर्शन गरेको पाइन्छ । २५० जना सदस्यमध्ये २० जनामा गरिएको व्यक्तिगत अध्ययनबाट ब्राह्मण ६ जना ३० प्रतिशत, क्षेत्री ३ जना १५ प्रतिशत, गुरुङ्ग ३ जना १५ प्रतिशत दलित ६ जना ३० प्रतिशत तामाङ र नेवार १/१ जना ०.५ प्रतिशत रहेका छन् । यस संस्थाको सफलतापूर्ण संचालनमा सम्पूर्ण सदस्यको जागरुकता, सहयोगी भावना, सहकारी अवधारणाको ज्ञान,

एकले अर्काको अस्तित्व स्विकार गर्ने क्षमताको विकास आदिले गर्दा यस सहकारी संस्था विशिष्ट छ भन्न सकिन्छ । सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ को भावनालाई आत्मसात गर्न सकेको पाइन्छ । सहकारीको भावनालाई आत्मासात गर्दै अगाडी वढेकाले यसले आफूलाई उत्कृष्ट वनाएको र हरेक सदस्यको आर्थिक सामाजिक सांस्कृतिक क्षेत्रमा उत्कृष्ट वनाउदै उनीहरुको क्षमता, चेतना नेतृत्व विकास र भूमिकामा महत्वपूर्ण परिवर्तन आउन सफल देखिन्छ ।

अन्त्यमा, आजको विकसित समाजमा गरीब निमुखा पिछडिएका जातजातिहरु देखि लिएर सम्पन्न घरायासीहरुसम्मलाई सहकारी एक महत्वपूर्ण संस्थाको रुपमा अगाडी वढेको छ । सहकारीको माध्यमबाट गरीबी हटाउने, शिक्षा र चेतनाको ज्ञान फैलाउने उत्पादकको लागि बजारको व्यवस्थापन गर्ने ऋणको अभाव हुन नदिने साथै नहुनेको लागि सहयोगी, ऋणीको लागि उपयोगी हुनेको लागि प्रतिष्ठा बढाउने, साथी सहयोगीका लागि अगुवाको रुपमा सहकारी स्थापित भएको छ । सहकारीको माध्यमबाट गरीबी हटाउने शिक्षा र चेतनाको ज्ञान फैलाउने, उत्पादकको लागि बजारको व्यवस्थापन गर्न ऋणको अभाव हुनेको लागि ऋण प्रदान गर्ने, दुःखसुखका कुराहरु साटसाट गर्ने एउटाको समस्यामा सहयोगी बन्ने समस्याको पहिचान गरी समाधानमा लागि पर्ने लगायतका थुप्रै कार्यका लागि सहकारी एक माध्यम बनेको छ । यसको विकास र संरक्षणमा सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ सहकारी एक सफल संस्थाको रुपमा विकास हुदै जानुपर्दछ जसले समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

### ८.४ सुझावहरु

१. तालिमहरुको छनोट गर्दा सदस्यहरुको आवश्यकता अनुसार तालिम संचालन गर्नुपर्दछ । तालिम संचालन गर्दा विभिन्न संघ संस्थाहरुसंग समन्वय गर्दा राम्रो हुन्छ ।

२. महिलाद्धारा संचालित सहकारीहरुलाई करमा छुट दिनुपर्छ र सहकारी संचालनमा प्रोत्साहन गर्नुपर्दछ ।

३. अनावश्यक खर्च कटौती गरी कुनै व्यवसायमा लगानी गर्नु पर्दछ ।

४. महिलासशक्तिकरणका लागि सहकारीलाई एक माध्यमका रुपमा अगाडी वढाउनु पर्छ ।

५.सहकारी तथा गैरसहकारी क्षेत्रबाट विस्तार गरिने कार्यक्रमहरु सहकारी मार्फत लैजाउनु पर्छ ।

६. राज्यले सामाजिक तथा आर्थिक विकासको लागि सहकारीको अवधारणा लागु गर्नुपर्दछ ।

७. सहकारीको अवधारणा अनुसार विकासको मुल धारमा आउन नसकेका दलित, विपन्न वर्ग, जनजातीका महिलाहरुलाई अघि वढाउन राज्यले निति तथा कार्यक्रम वनाउनुपर्दछ ।

८. महिलाहरुको सहकारीमा संलग्नता वढेकोले राज्यले महिलाहरु आत्मनिर्भर तथा स्वावलम्वी साथै व्यवसाय उन्मुख कार्यमा जोड दिनुपर्छ ।

९. महिलाहरु घरमा मात्र सिमित भएर वस्ने समयको सदुपयोग गरी सहकारी मार्फत उत्पादनशिल कार्यमा लाग्न प्रोत्साहन गर्न सक्नुपर्दछ ।

१०. हरेक क्षेत्रमा महिलाको सहभागी हुनुपर्ने, समान कामको समान ज्याला पाउनुपर्ने, छोराछोरीलाई समान अवसर दिनुपर्ने, अन्धविश्वास रुढीवादीलाई हटाइ स्वच्छ संसारमा बाँच्न पाउनुपर्ने कुरा दस्तावेजमा उल्लेख हुनुपर्छ ।

११. योग्यता र दक्षता अनुसार महिला दिदीबहिनीहरुलाई आर्थिक क्रियाकलापमा संलग्न हुन र सानोतिनो व्यवसाय गर्न पाउनुपर्दछ ।

१२. युवाहरु विदेश पलायन हुने वातावरणलाई रोकी प्राविधिक शिक्षा दिएर स्वदेशमा रोजगार दिनुपर्दछ ।

१३. सहकारीलाई महिलाको चौतर्फि विकासको आधारमा अगाडी बढाइनुपर्छ ।

अन्त्यमा, यस अध्ययनले महिलाहरुको सहकारीमा आवद्धताले सामाजिक आर्थिक रुपमा पारेको प्रभावको वारेमा विश्लेषण गरिएको छ । समाज र राष्ट्रको विकासमा महिला तथा पुरुषलाई समान गतिमा लैजानु पर्ने स्थिति देखिएको छ । यस्ता संस्थाहरुको विकास गर्नको लागि सरकारले सहभागी महिलाहरुलाई व्यवस्थापकिय तथा सिपमुलक कार्यमा सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । यस्ता कार्य गर्न सकेमा महिलाहरुको आर्थिक, सामाजिक विकासमा सहयोग पुग्न जान्छ । यसलाई विशेष प्राथमिकता क्षेत्रमा राखेर अगाडि बढाउन सकेमा समाजको विकासमा सहकारी कोसे ढुङ्गा सावित हुनसक्छ ।

# सन्दर्भ सामग्री


अन्तराष्ट्रिय सहकारी महासंघ (१९९५) : ***सहकारी प्रतिवेदन***।

उप्रेती, लयप्रसाद, ***विमन एण्ड क्रेडिट इन नेपाल :*** केहि उपलब्धीतथा सीमाहरुको अवलोकनमहिलाविकास केन्द्र, काठमाण्डौं ।

कस्केली सहकारी : ***संक्षिप्तझलक, आ.व. २०६९।०७०,*** सहकारी प्रशिक्षण तथा डिमिभजन कार्यालय ।

केन्द्रियतथ्याङ्कविभाग (२०६८)**राष्ट्रिय जनगणना**।

केन्द्रिय सहकारी प्रशिक्षक केन्द्र (२०५९) ***अध्ययनमाला (१-१२)***अंक।

कोइराला, रोशनी (२००५)***वर्क लोड स्टडी अफइम्लोइड वुमनविद्दिनपोखरा सव मेट्रोपोलिस :*** अप्रकाशितशोधपत्र, एम.ए., पोखरा विश्वविद्यालय जनसंख्या जेण्डर र विकास विभागमा पेश गरिएको, पोखरा, नेपाल ।

कोइरालाप्रभा (२०६३)***सहकारी सन्देश,पोखरा :***सहकारी प्रशिक्षकतथा डिभिजन कार्यालय कास्की ।

गुरुङ्ग, सन्तोष कुमार (२००७) ***सोसीओ इकोनोमिक स्ट्याटस अफवुमनफार्मर*** (अप्रकाशितशोधपत्र) ।***एम.ए जिल्लाविकास समितिकास्कीको प्रोफाइल (२०६६) ।***

*ठकुरी, चन्द्र वहादुर (२०६५),* ***नेपालमा सहकारी व्यवसायव्यवस्थापन, काठमाण्डौ,***उपकार प्रकाशन, ।

*ढकाल, मिरा (२००७) एजुकेटेड वुमनइनगर्भरमेन्ट इम्प्लोइमेन्ट,* अ केस स्टडी अफपोखरा सव मेट्रोपोलीस एण्ड कास्की डिस्ट्रीक्ट अप्रकाशितशोधपत्रएम.ए (पृ.ना.क्या.)

*थापा, सावित्री (२०६२) राष्ट्रिय सहकारी* संघ वार्षिक प्रतिवेदन।

*नारी मासिक,* श्रावण २०७०

*नेपाल सरकार (२०५५)****नवौ राष्ट्रिय योजना (२०५४/०५९)***राष्ट्रिय योजनाआयोग, नेपाल।

*नेपाल सरकार* ***(२०५९) दशौ राष्ट्रिय योजना (२०५९/२०६४)***राष्ट्रिय योजनाआयोग ।

*पौडेल, नारदमणि (२०५६)* ***सहकारी संवाद,*** **राष्ट्रिय सहकारी विकास वोर्डललितपुर**।

*पोखेल शान्ता (१९८२)* ***नेप्लीजविमन, पोखेल ऋद्दिचन्द्र, एच.एम.जी.काठमाण्डौं फर एडभान्स स्टडिज,*** नेपाल।

*पोखेल डि.आर. (२०६४) जेठ ३०* ***आदर्श समाज राष्ट्रिय दैनिक,*** पोखरा ।

*फाउन्डेशन सम्वाददाता (३० आषढ २०५५)* गोरखापत्र

वार्षिक सहकारी गतिविधी (२०७०),**परिचय सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,**कास्की

***वार्षिक प्रतिवेदन २०७० जिल्ला सहकारी संघ लि.***कास्की।

*वडाल, केशव(२०६२),* ***सहकारी सिद्धान्त र प्रयोग,*** प्रकाशन समुहकाठमाण्डौं, राष्ट्रिय ।

*वास्कोटा, दीपकप्रकाश(२०६२)* **सहकारी सन्देश, राष्ट्रिय सहकारी संघ ।**

*भासिन, कमला (१९९३)* ***आखिर जेण्डर के हो त ?***काठमाण्डौ?स्त्रीशक्ति।

***राष्ट्रिय सहकारी वोर्ड सहकारी ऐन २०४८,*** नेपाल, सरकार

***राष्ट्रिय सहकारी वोर्डप्रतिवेदन,***२०६२: काठमाण्डौं

*रेग्मी, केशव प्रसाद (२०५६)* ***सहकारी सम्वाद त्रैमासिकप्रतिवेदन***सहकारी विभाग काठमाण्डौं ।

*लघु कर्जा, विपन्नलाई उर्जा (२०५९):* काठमाण्डौ,*रुरलमाइक्रो फाइनान्स*डेभलपमेन्ट सेन्टर लि.।

*लेखनाथनगरपालिका सामाजिकआर्थिक अवस्था (वि.सं. २०६४)* लेखनाथनगरपालिकाकास्की

*शर्मा, उषा (२००३),ह्युमनइन साउथएसीयाइम्प्लाइमेन्ट इमपावरमेन्टएण्ड* ***वुमन डेभलपमेन्ट अथन प्रेस फ्रस्ट प्रिन्टेड* (ISBN)-81-72-73-117, 5)**

*शर्मा, सिर्जना(२०६०),* ***कान्तिपुर पब्लिकेशन राष्ट्रिय दैनिकवर्ष १५ अंक १०१२०६४ जेठ १६***

***स्थानियविकास मन्त्रालयप्रतिवेदन*** २०६३

*सहकारी डाइरेक्ट्री* ***(२०६८),***कास्कीवचततथा ऋण सहकारी संस्थालि. **सहकारी एक सन्दर्भ अनेक २०६२ बैशाख सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय**कास्की।

***सहकारी संक्षिप्त परिचय*** *(२०६९)*सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की

***सहकारी गतिविधि परिचय २०६६/२०६७***सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की

सहकारी सन्देश (२०६९),**सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय**,कास्की

सहकारी सन्देश***सहकारी (*२०६८**)प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की ।

शिक्षामाला (२०६५) **सहकारी प्रशिक्षण तथा डिभिजन कार्यायल**, कास्की

# अनुसूची -३

शिशुवावचततथा ऋण सहकारी संस्थामा आवद्ध शेयर सदस्यहरु (जुन यस शोधपत्रको उत्तरदाताको रुपमा संलग्न रहका) का तस्वीरका झलकहरु























